ऋण असुली न्यायाधिकरणको

वार्षिक प्रतिवेदन

आ.व. २०७५/०७६

ऋण असुली न्यायाधिकरण

कमलपोखरी, काठमाडौं

श्री उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना समक्ष कानून सदस्य श्री गोविन्द खनालले सपथ ग्रहण गर्नुहुँदै ।

मिति २०७५/५/२८ गते पोखरा, कास्कीमा बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी सरोकारवालासंग गरिएको अन्तरक्रिया कार्यक्रममा सहभागीहरु ।

ऋण असुली न्यायाधिकरणको
वार्षिक प्रतिवेदन
आ.व. २०७५/०७६

ऋण असुली न्यायाधिकरण
कमलपोखरी, काठमाडौं

सम्पादान : ऋण असुली न्यायाधिकरण

प्रकाशन प्रति : ५००

प्रकाशक : ऋण असुली न्यायाधिकरण

आर्थिक वर्ष : २०७५/०७६

फोन नम्बर : ०१-४४४१४१९
०१-४४४१४२०

फ्याक्स : ९७७-०१-४४४१४१८
९७७-०१-४४४१४३२

ईमेल : drt@drtribunal.gov.np,chairman@drtribunal.gov.np.

वेभसाईड : drtribunal.gov.np

आर्थिक वर्ष २०७५/०७६ मा ऋण असुली न्यायाधिकरणमा कार्यरत अध्यक्ष, बैंकिङ्ग सदस्य, लेखा सदस्य र श्रेस्तेदार

अध्यक्ष : श्री गोविन्द खनाल

बैंकिङ्ग सदस्य : श्री नरेशराज अर्याल

लेखा सदस्य: श्री जयदेव श्रेष्ठ

श्रेस्तेदार : श्री भेषराज कोइराला

आर्थिक वर्ष २०७५/०७६ मा कार्यरत अध्यक्ष तथा सदस्य

अध्यक्षः श्री मान बहादुर अर्याल
(बढुवा सह-सचिव)

बैंकिङ्ग सदस्यः श्री उपेन्द्र बहादुर कार्की
(राजिनामा)

ऋण असुली न्यायाधिकरण

मन्तव्य

बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाहरुको छिटो छरितो ढङ्गबाट कारवाही र किनारा गरी ऋणीबाट लिनुपर्ने ऋणको साँवा तथा व्याज रकम असुल उपर गर्ने उद्देश्यले न्यायाधिकरणको स्थापना भएको हो।

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ एवं सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ ले गरेको कानूनी व्यवस्था समेतका आधारमा आर्थिक वर्ष २०७५/०७६ मा ऋण असुली न्यायाधिकरणबाट सम्पादित काम कारवाहीहरुको विवरण समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदन अवधिमा न्यायाधिकरणमा कायम हुन आएका मुद्दाको वार्षिक लगत, फछ्यौंट र बाँकी रहेका मुद्दा एवं निर्णय कार्यान्वयन लगायतका विवरणहरु तथ्यांकीय रुपमा समावेश गरिएको छ।

प्रतिवेदनमा न्यायाधिकरणले भोग्नु परेका समसामयिक समस्या एवं सोको समाधानका लागि अवलम्बन गर्नुपर्ने उपाय सहित सुझावहरु प्रस्तुत गरिएको छ। मुख्यत मुद्दा व्यवस्थापन पद्दति विकास र प्रयोग, निर्णय कार्यान्वयनको प्रभावकारिता, न्यायाधिकरणको कामकारवाहीमा सूचना प्रविधिको प्रयोग, मिलापत्रलाई प्राथमिकता, समन्वय र सहयोग, ऐन, नियम तथा कार्यविधिमा सुधार, भौतिक पूर्वाधार विकास, बजेट तथा जनशक्ति व्यवस्थापन, जनशक्तिको क्षमता अभिवृद्धि, वार्षिक योजना तर्जुमा र कार्यान्वयन, न्यायाधिकरण प्रति जनआस्था र विश्वास अभिवृद्धि गर्ने लगायतका विषयमा विद्यमान समस्या र समस्या सम्बोधन गर्न व्यावहारिक सुझावहरु समावेश गरिएको छ। सुधार प्रक्रिया निरन्तर चलिरहने विषय भएकोले विगत वर्षमा जस्तै सम्बन्धित सबै पक्षहरुबाट सहयोग र समन्वय प्राप्त हुने विश्वास लिइएको छ। यस प्रतिवेदन प्रकाशनबाट संस्थागत अभिलेख रहने हुँदा, सरोकारवाला, अध्येता तथा अनुसन्धानकर्ता समेतलाई उपयोगी हुने नै छ।

अन्त्यमा, प्रतिवेदन तयार गर्न आवश्यक तथ्याङ्क, सूचना तथा जानकारी समयमै उपलब्ध गराई प्रतिवेदनलाई यसरुपमा ल्याउन महत्वपूर्ण सहयोग गर्नुहुने बैंकिङ्ग सदस्य श्री नरेशराज अर्याल, लेखा सदस्य श्री जयदेव श्रेष्ठ, श्रेस्तेदारद्वय श्री भेषराज कोइराला र श्री महेश्वर अर्याल, कम्प्युटर अपरेटर श्री संगिता कपाली, दर्ता शाखा, मुद्दा शाखा तथा ऋण असुली शाखाका कर्मचारी लगायत सम्बद्ध सबै कर्मचारीलाई न्यायाधिकरणको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

माघ, २०७६

गोविन्द खनाल
अध्यक्ष

आर्थिक वर्ष २०७५/०७६ को
संक्षिप्त झलक

१. आ.व. २०७५/०७६ मा अघिल्लो वर्षबाट जिम्मेवारी सरी आएको ३६६, नयाँ दर्ता भएका मुद्दा संख्या १३९ समेत जम्मा ५०५ थान चालु मुद्दा रहेकोमा १०४ थान फछर्यौंट भै ४०१ थान मुद्दा अर्कोको वर्षको लागि जिम्मेवारी सरेको अवस्था छ।

२. यस आ.व. मा जम्मा मुद्दा संख्यालाई बैंकको आधारमा विभाजन गर्दा "क" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्दा संख्या ३८६, "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्दा संख्या ६२ र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्दा संख्या ५७ रहेको देखिन्छ।

३. यस आ.व.मा "क" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्दा फछर्यौंट संख्या ७२, "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्दा फछर्यौंट संख्या ८ र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्दा फछर्यौंट संख्या ५ र मिलापत्र संख्या १९ समेत जम्मा १०४ थान मुद्दा निर्णय भएको देखिन्छ।

४. यस आ.व.मा "क" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या १२, "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या १ र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या ६ गरी जम्मा १९ थान रहेको देखिन्छ।

५. यस आ.व.मा निर्णय कार्यान्वयन तर्फ हेर्दा अघिल्लो वर्षबाट जिम्मेवारी सरेको मुद्दा संख्या ४०९ थान, दफा २१ को आदेश बमोजिम प्राप्त मुद्दा संख्या ७० र मुल्तवीबाट जगाई दर्ता भएका मुद्दा संख्या १० समेत जम्मा मुद्दा संख्या ४८९ रहेको देखिन्छ। मिलापत्र/लिलामी/ लगतकट्टाबाट फछर्यौंट भएका मुद्दा संख्या ५२ र जेथा नभएका कारण जेथा प्राप्त भएपछि जगाई कारवाही गर्ने गरी मुल्तवीमा रहने गरी फछर्यौंट भएका मुद्दा संख्या ३४ समेत जम्मा फछर्यौंट संख्या ८६ भई फछर्यौंट हुन बाँकी कुल कार्यान्वयनतर्फको मुद्दा संख्या जम्मा ४०३ थान आगामी वर्षका लागि जिम्मेवारी सरेको देखिन्छ।

६. यस आ.व.मा मिलापत्र वापत क्रमशः "क" वर्गको बैंक तथा वित्तीय संस्थाबाट रु.४८७३१७५८१३.९८, "ख" वर्गबाट रु. ९७९८२५.८८ र "ग" वर्गबाट रु.२९८७३२५३.३४ समेत जम्मा रु.४९०४०२८८९३.२ रकम असुल भएको देखिन्छ।

७. यस आ.व.मा लगतकट्टाबाट क्रमशः "क" वर्गको बैंक तथा वित्तीय संस्थाबाट रु.६८८०२५९४२.२, "ख" वर्गबाट रु.४७९८२८४.७८ र "ग" वर्गबाट रु.११०५९३८४५.६ समेत जम्मा रु.८०३४१८०७२.६६ रकम असुल भएको देखिन्छ।

८. यस आ.व.मा ऋण असुली शुल्कबाट क्रमशः "क" वर्गको बैंक तथा वित्तीय संस्थाबाट रु.३४८६२२७.२३, "ख" वर्गबाट रु.११६०९०.२९ र "ग" वर्गबाट रु.१५७१३८.७८ समेत जम्मा रु.३७५९४५६.३० रकम असुल भएको देखिन्छ।

९. यस आ.व.मा मिलापत्र दस्तुर वापत क्रमशः "क" वर्गको बैंक तथा वित्तीय संस्थाबाट रु.२०६२८७७४.७३, "ख" वर्गबाट रु.७८३९.०० र "ग" वर्गबाट रु.१०३२६३.६९ समेत जम्मा रु.२०७३९८७७.४२ रकम असुल भएको देखिन्छ।

१०. यस आ.व.मा कार्यान्वयनबाट प्राप्त ऋण असुली शुल्क मध्ये क्रमशः "क" वर्गको बैंक तथा वित्तीय संस्थाबाट रु.६४१५५१७.४८, "ख" वर्गबाट रु.४१९९२.०० र "ग" वर्गबाट रु.९२६३२४.०० समेत जम्मा रु.७३८३८३४.४८ रकम असुल भएको देखिन्छ।

११. यस आ.व.सम्ममा अभिलेख शाखामा दर्ता भएका जम्मा मिसिल संख्या १९६१ थान रहेका छन्।

१२. यस आ.व.मा चालुतर्फ रु.३,३१,९०,००५।- तथा पूँजीगततर्फ रु.१९,५४,०००।- गरी जम्मा रु.३,५१,४४,००५।- विनियोजन भएकोमा चालुतर्फ रु.३,१२,९९,७९७।२० तथा पूँजीगततर्फ रु.१९,४४,१६२।- गरी जम्मा रु.३,३२,४३,९५९।२० खर्च भएको देखिन्छ।

१३. आर्थिक वर्ष २०७५/०७६ मा प्रत्येक प्रदेशमा १/१ का दरले बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम कास्कीको पोखरा, रुपन्देहीको भैरहवा, महत्तोरीको बर्दिबास, सिन्धुपाल्चोकको सुकुटे, पाँचथर, सुर्खेत र महेन्द्रनगरमा सम्पन्न भएको थियो। उक्त अन्तरक्रियाबाट १८५ जना सहभागीहरु लाभान्वित भएका थिए।

विषय सूची

भाग-१

प्रारम्भिक

भाग-१ : प्रारम्भिक		**१-८**
१.१	पृष्ठभूमि	१
१.२	न्यायाधिकरणसम्बन्धी व्यवस्था	३
१.२.१	न्यायाधिकरणको स्थापना र गठन	३
१.२.२	सदस्यहरुको नियुक्ति सम्बन्धी व्यवस्था	४
१.२.३	इजलासको गठन सम्बन्धी व्यवस्था	४
१.२.४	न्यायाधिकरणको क्षेत्राधिकार	५
१.२.५	उजुरी निवेदन सम्बन्धी व्यवस्था	५
१.२.६	अन्तरिम आदेश जारी गर्न सक्ने व्यवस्था	६
१.२.७	मिलापत्र सम्बन्धी व्यवस्था	६
१.२.८	ऋण असुली सम्बन्धी व्यवस्था	७
१.२.९	पुनरावेदन सम्बन्धी व्यवस्था	८
१.२.१०	अवहेलनामा कारवाही चलाउन सक्ने	८
भाग-२ : न्यायाधिकरणबाट सम्पादित कार्यहरुको विवरण		**९-२६**
२.१	मुद्दा/निवेदनको लगत, फछ्यौंट र बाँकीको विवरण	९
२.२	निर्णय कार्यान्वयनसंग सम्बन्धित विवरण	१४
२.३	दस्तुर तथा शुल्कसम्बन्धी विवरण	१९
२.४	अभिलेख सम्बन्धी विवरण	२४
२.५	न्यायाधिकरणको भौतिक विवरण	२५
२.६	वित्तीय विवरण	२५
२.७	बजेट कार्यान्वयनसँग सम्बन्धित क्रियाकलापहरु	२६
भाग-३ : जनशक्ति व्यवस्थापन		**२७-३०**
३.१	सदस्यहरुको नियुक्ति र कार्य अवधी सम्बन्धी विवरण	२७

३.२ कर्मचारीहरुको नियुक्ति, सरुवा र बढुवा सम्बन्धी विवरण २७
३.३ न्यायाधिकरणमा कार्यरत जनशक्तिको विवरण २९
भाग-४ : समस्या र सुझाव ३१-३८
४.१ विषय प्रवेश ३१
४.२ मुद्दा/निवेदनको व्यवस्थापन पद्दति विकास र प्रयोग ३२
४.३ मुद्दा/निवेदनको कार्यबोझ व्यवस्थापन ३३
४.४ निर्णय कार्यान्वयनको प्रभावकारिता ३३
४.५ न्यायाधिकरणको काम कारवाहीमा सूचना प्रविधिको प्रयोग ३४
४.६ मिलापत्रलाई प्राथमिकता ३५
४.७ समन्वय र सहयोग ३५
४.८ ऐन, नियम तथा कार्यविधिमा सुधार ३५
४.९ भौतिक पूर्वाधार सम्बन्धी ३६
४.१० बजेट तथा जनशक्ति व्यवस्थापन ३६
४.११ जनशक्तिको क्षमता अभिवृद्धि ३६
४.१२ वार्षिक योजना तर्जुमा र कार्यान्वयन ३७
४.१३ न्यायाधिकरणप्रतिको जनआस्था र विश्वास अभिवृद्धि गर्ने ३७
भाग-५ : महत्वपूर्ण केही निर्णयहरु ३९-९४
भाग-६ : ९५
बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ ९५-१०६
बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ १०७-१२३
अनुसूची- १ १२४
अनुसूची- २ १२५
अनुसूची- ३ १२६
अनुसूची- ४ १२८
अनुसूची- ५ १२९
अनुसूची- ६ १३०
अनुसूची- ७ १३१

भाग-१
प्रारम्भिक

१.१ पृष्ठभूमिः

वि.सं. १९९४ साल कार्तिक ३० गते नेपालको पहिलो बैंकको रुपमा नेपाल बैंक लिमिटेडको स्थापनापछि नेपालमा बैंकिङ्ग प्रणालीको शुरुवात भएको मान्न सकिन्छ। नेपाली नोटको निष्काशन र नेपाली मुद्रा चलन चल्तीमा ल्याउन, नेपाली मुद्रा विनिमयदरमा स्थिरता कायम गर्न, विकासका निमित्त पूँजीलाई गतिशील बनाउन र नेपालमा बैंकिङ प्रथाको विकास गराउने उद्देश्य लिई वि.सं. २०१२ सालमा नेपाल राष्ट्र बैंक ऐन जारी भई सो ऐन बमोजिम नेपाल राष्ट्र बैंकको स्थापना भएको थियो। तत्पश्चात् सरकारको पूर्ण स्वामित्वमा रहने गरी वि.सं. २०१६ सालमा औद्योगिक विकास निगम, वि.सं. २०२२ सालमा राष्ट्रिय वाणिज्य बैंक तथा वि.सं.२०२४ सालमा कृषि विकास बैंकको स्थापना भई सञ्चालनमा आएका थिए।

देशको आर्थिक तथा वित्तीय क्षेत्रमा सुधार गर्न सन् १९८५ मा अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को सहयोगमा Structural Adjustment Program (आर्थिक तथा वित्तीय संरचनाको सुधार) लागू भएको थियो। यसको मुख्य उद्देश्य आर्थिक क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको सहभागिता बढाउने, वित्तीय अनुशासन, पारदर्शिता र वित्तीय सु-शासन कायम गरी सार्वजनिक संस्थान तथा बैंकिङ्ग क्षेत्रको सुधार गर्नु नै रहेको थियो।

वि.सं. २०४१ सालबाट निजी क्षेत्रको लगानीमा बैंक तथा वित्तीय संस्था खुल्ने कार्य प्रारम्भ भएको हो। वि.सं. २०४६ सालमा सर्वप्रथम निजी क्षेत्र र वैदेशिक लगानी (Joint Venture) मा नेपाल अरब बैंक लिमिटेड हालको नविल बैंक र ग्रीण्डलेज बैंक हालको स्टयाण्डर्ड चार्टड बैंक सञ्चालनमा आएका थिए।

वि.सं. २०४७ सालमा भएको नेपालको राजनैतिक परिवर्तनसंगै सरकारले आर्थिक उदारीकरण सम्बन्धी नीति अवलम्बन गरे पश्चात् बैंक तथा वित्तीय संस्थाहरुको स्थापना र तिनका शाखा विस्तार हुने क्रममा तीव्रता नै आयो। यसबाट उद्योग, व्यापार, हवाई तथा स्थल यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य, संचार तथा रियल स्टेट कारोवार जस्ता क्षेत्रको विकासमा बैंक तथा वित्तीय संस्थाको पूँजी परिचालन भई आर्थिक गतिविधिमा बृद्धि भएको तथा रोजगारीका अवसरहरुमा बढोत्तरी हुन गई देशको आर्थिक समृद्धिको आधार तयार हुँदै आएको छ।

देशको आर्थिक वृद्धिको आधार तयार हुँदै गईरहेको भएतापनि वाणिज्य बैंकहरुमा निष्कृय कर्जा (Non-Performing Loan) को मात्रा बढ्दै गएको र खास गरी नेपाल बैंक

लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकको निष्कृय कर्जा अत्यधिक रहेको सन्दर्भमा त्यस्तो निष्कृय कर्जालाई वाञ्छित सीमामा कायम राख्नु पर्ने आवश्यकता रहेको महशुस गरी उल्लिखित वित्तीय क्षेत्र सुधार कार्यक्रमको त्यसतर्फ समेत ध्यान गएको थियो। सन् २००३ मा नेपाल बैंक लिमिटेडको ६०.५% र राष्ट्रिय वाणिज्य बैंकको ६०.२% निष्कृय कर्जा रहेकोमा समग्र वाणिज्य बैंकतर्फको निष्कृय कर्जा २८.६८% रहेको[1] थियो। उल्लिखित पृष्ठभूमिमा तत्कालीन समयको वाणिज्य बैंकहरुमा रहेको निष्कृय कर्जाको अवस्था प्रतिबिम्वित हुन्छ।

नेपालको बैंकिङ्ग तथा वित्तीय प्रणाली मार्फत वित्तीय स्थायित्व कायम गर्न बैंक तथा वित्तीय संस्थाको भूमिका महत्वपूर्ण रहेको हुन्छ। प्रस्तुत सन्दर्भमा नेपाल सरकारले अगाडि बढाएको दोश्रो चरणको वित्तीय क्षेत्र सुधार कार्यक्रम मूलतः बैंक तथा वित्तीय क्षेत्रसंग सम्बन्धित कानूनमा सुधार, केन्द्रीय बैंकको रुपमा रहेको नेपाल राष्ट्र बैंकको सबलीकरण तथा प्रभावकारी वित्तीय नियमनसंग सम्बन्धित रहेको थियो।

यस सुधार कार्यक्रमको महत्वपूर्ण पक्षको रुपमा रहेको कानून सुधार अन्तर्गत बैंकिङ्ग तथा वित्तीय प्रणालीको स्वस्थ विकासको लागि उपयुक्त नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न र मुलुकको समग्र बैंकिङ्ग तथा वित्तीय प्रणाली प्रति विश्वसनीयता अभिवृद्धि गर्न नेपाल राष्ट्र बैंक ऐन, २०१२ लाई खारेज गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ आएको थियो।

त्यस्तै गरी, कृषि विकास बैंक ऐन, २०२४, वाणिज्य बैंक ऐन, २०३१, वित्त कम्पनी ऐन, २०४२, नेपाल औद्योगिक विकास ऐन, २०४६ र विकास बैंक ऐन, २०५२ गरी ५ वटा ऐनहरु खारेज गरी छाता ऐनको रुपमा वि.सं. २०६३ सालमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ जारी भएको थियो। त्यस्तै गरी, बैंक तथा वित्तीय संस्थाको कारोवारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैंक तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गर्ने उद्देश्यका साथ बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ जारी भई हाल कार्यान्वयनमा रहेको छ।

वित्तीय क्षेत्र सुधार कार्यक्रमको निरन्तरताको रुपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ खारेज गरी नयाँ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जारी भई हाल कार्यान्वयनमा आएको छ भने नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्ग कसूर तथा सजायँ ऐन, २०६४ मा समेत संशोधन भई सकेका छन् त्यस्तै बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८ र सो अन्तर्गत बनेको नियमावलीमा सामयिक संशोधनको लागि प्रकृया अगाडि बढी सकेको छ।

[1] Nepal Rastra Bank, Banking & Financial Statistics, Mid July, 2015, No. 61.

बैंक तथा वित्तीय संस्थामा उल्लेख्य रुपमा निष्कृय कर्जा रहेको तत्कालीन परिस्थितिमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाहरुको छिटो छरितो ढंगबाट कारवाही र किनारा गरी ऋणीबाट लिनुपर्ने ऋणको साँवा तथा ब्याज रकम असुल उपर गराई दिने उद्देश्यका साथ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो ऐन अन्तर्गत बनेको बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी नियमावली, २०५९ जारी भई कार्यान्वयनमा आएका छन्। यो ऐन आउनु पूर्व बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाको कारवाही र किनारा सामान्य अदालतबाट हुने गरेकोमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८ लागू भएपश्चात् विशिष्टिकृत न्यायिक निकायको रुपमा २०६० साल साउन १ गते ऋण असुली न्यायाधिकरणको स्थापना र गठन भएको हो।

१.२ न्यायाधिकरणसम्बन्धी व्यवस्थाः

नेपालको संविधानको धारा, १५२ को उपधारा (१) मा १२७ मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारवाही र किनारा गर्न संघिय कानून बमोजिम अन्य विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने संवैधानिक व्यवस्था गरेको छ। यसै संविधानिक व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र नियमवाली ५९ लागू भई मिति २०६०।४।१ देखि यस ऋण असुली न्यायाधिकरणले बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाहरुको छिटो, छरितो ढङ्गबाट कारवाही र किनारा गरी ऋणीबाट लिनु पर्ने ऋणको साँवा तथा व्याज रकम असुल उपर गर्ने गरेको छ।

१.२.१ न्यायाधिकरणको स्थापना र गठनः

मुलुकमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धी मुद्दाहरुको छिटो छरितो ढङ्गबाट कारवाही तथा किनारा गरी बैंक तथा वित्तीय संस्थाको ऋणीबाट लिनु पर्ने साँवा र व्याज रकम असुल उपर गर्ने प्रयोजनका लागि जारी भएको बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ४ बमोजिम ऋण असुली न्यायाधिकरणको स्थापना भएको हो। उल्लिखित व्यवस्थाको अधीनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा मिति २०६०।३।२ मा सूचना प्रकाशित गरी यस न्यायाधिकरणको मुकाम काठमाडौंमा रहने गरी बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्तर्गतका नेपालभरका मुद्दाहरुको शुरु कारवाही र किनारा गर्ने अधिकार यस न्यायाधिकरणलाई तोकिदिएको छ। न्यायाधिकरणमा कानून सदस्य, बैंकिङ्ग सदस्य र लेखा सदस्य गरी ३ जना सदस्यहरु रहने र कानून सदस्य न्यायाधिकरणको अध्यक्ष

हुने व्यवस्था उल्लिखित ऐनमा रहेको छ। न्यायाधिकरणको कार्य बोझको आधारमा नेपाल सरकारले न्यायाधिकरणको सदस्य संख्या तथा इजलास थप गर्न समेत सक्ने व्यवस्था रहेको छ।

१.२.२ सदस्यहरुको नियुक्ति सम्बन्धी व्यवस्थाः

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ५ मा सदस्यहरुको नियुक्ति सम्बन्धी व्यवस्था गरिएको छ। नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही ऐनको दफा ६ बमोजिम देहायको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट सदस्य नियुक्ति गर्न सक्ने व्यवस्था रहेको छः-

(क) कानून सदस्यको लागि जिल्ला अदालतको न्यायाधीश भैरहेको वा भैसकेको वा हुन योग्यता पुगेको व्यक्ति,

(ख) बैंकिङ्ग सदस्यको लागि अर्थशास्त्र वा वाणिज्य शास्त्रमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्रचलित कानून बमोजिम स्थापना भएको बैंक वा वित्तीय संस्थाको कम्तीमा द्वितीय श्रेणीको अधिकृतस्तरको पदमा १० वर्षको अनुभव प्राप्त व्यक्ति,

(ग) लेखा सदस्यको लागि वाणिज्य शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरी वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्तीमा 'ख' श्रेणीको लेखा परीक्षकको प्रमाणपत्र प्राप्त गरी बैंकिङ्ग वा वित्तीय क्षेत्रको लेखापरीक्षण सम्बन्धी काममा कम्तीमा १० वर्षको अनुभव प्राप्त व्यक्ति।

बैंकिङ्ग सदस्य तथा लेखा सदस्यको नियुक्ती गर्दा नेपाल सरकारले नेपाल राष्ट्र बैंकको परामर्श समेत लिनुपर्ने व्यवस्था रहेको छ।

अध्यक्ष तथा सदस्यहरूको पदावधि ५ वर्षको रहने र निजहरुको पुनः नियुक्ति हुन सक्ने व्यवस्था रहेकोछ।

१.२.३ इजलासको गठन सम्बन्धी व्यवस्थाः

न्यायाधिकरणमा आवश्यकता अनुसार इजलास रहने र प्रत्येक इजलासमा कानून, बैंकिङ्ग र लेखा सदस्य रहने व्यवस्था छ। हाल न्यायाधिकरणमा एउटा मात्र इजलास रहेको छ। न्यायाधिकरणमा एकभन्दा बढी इजलास भएको अवस्थामा अध्यक्षले मुद्दा तोक्ने व्यवस्था रहेको छ।

१.२.४ न्यायाधिकरणको क्षेत्राधिकारः

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ मा देहायका बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाको लागि ऐनको व्यवस्था लागू हुने व्यवस्था गरिएको छः-

(क) कृषि विकास ऐन, २०२४ बमोजिम स्थापना भएको कृषि विकास बैंक।

(ख) वाणिज्य बैंक ऐन, २०३१ बमोजिम स्थापना भएका वाणिज्य बैंक।

(ग) नेपाल औद्योगिक विकास निगम ऐन, २०४६ बमोजिम स्थापना भएको नेपाल औद्योगिक विकास निगम।

(घ) नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका अन्य वित्तीय संस्थाहरु।

उपरोक्तमा उल्लिखित बैंक तथा वित्तीय संस्थाको हकमा ऐनको व्यवस्था लागू हुने उल्लेख गरिएकोमा उल्लिखित ऐनहरुलाई खारेज गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ जारी भई सकेपश्चात् सो ऐन बमोजिम वर्गीकृत 'क' वर्गका वाणिज्य बैंकहरु 'ख' वर्गका विकास बैक र 'ग' वर्गका फाइनान्स कम्पनीको ऋण असुली सम्बन्धी मुद्दाहरुको कारवाही र किनारा यस न्यायाधिकरणबाट हुँदै आएको छ। त्यस्तै गरी पाँच लाख रुपैयाँ भन्दा कम साँवा रकम भएको ऋण असुली सम्बन्धी मुद्दाको कारवाहीमा यस न्यायाधिकरणको क्षेत्राधिकार नरहने समेत व्यवस्था गरेको छ।

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १४ ले न्यायाधिकरणलाई आफ्नो क्षेत्राधिकारभित्र पर्ने बैंक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धी मुद्दाहरुको शुरु कारवाही तथा किनारा गर्ने अधिकार प्रदान गरेको छ।

न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग तीनैजना सदस्यले सामूहिकरुपमा गर्ने र बहुमतको राय न्यायाधिकरणको निर्णय मानिने व्यवस्था रहेकोछ। कानून सदस्य सहित दुई जनाको उपस्थिति भएमा मुद्दाको कारवाही र किनारा गर्न सकिन्छ भने कानून सदस्य बाहेक अन्य दुई जना सदस्यको उपस्थितिमा मुद्दाको निर्णय गर्न वा अन्तिम आदेश दिन बाहेक अरु कारवाही गर्न सकिने व्यवस्था छ।

१.२.५ उजूरी निवेदन सम्बन्धी व्यवस्थाः

ऋण असुलीका लागि न्यायाधिकरणमा उजूरी निवेदन दिनु अघि सम्बन्धित बैंक वा वित्तीय संस्थाले ऋण असुल गर्ने सम्बन्धमा ऋणीसंग ऋण फछ्यौंट गर्न गराउन यथेष्ठ छलफल

तथा क्रियाकलाप गरेको हुनु पर्ने र ऋण असुली सम्बन्धमा पर्याप्त कारवाही गर्दा समेत ऋण असुल हुन नसकेमा मात्र न्यायाधिकरणमा उजूरी निवेदन दिन सकिने व्यवस्था रहेको छ। त्यस्तो उजूरी निवेदन कर्जाको भाखा नाघेको मितिले चार वर्षभित्र दिनु पर्ने हुन्छ।

उजूरी निवेदन साथ बैंक वा वित्तीय संस्थाले दावी गरेको रकमको ०.२५ प्रतिशतले हुन आउने रकम समेत ऋण असुली शुल्क वापत अग्रिम रुपमा न्यायाधिकरण समक्ष बुझाउनु पर्ने हुन्छ। उजूरी निवेदन दर्ता भएपछि न्यायाधिकरणबाट मुद्दाका प्रतिवादीलाई आफ्नो सफाइको निमित्त सबुद प्रमाण सहित प्रतिउत्तर पेश गर्न प्रतिवादीहरुको नाममा १५ दिनको म्याद जारी गर्ने व्यवस्था रहेको छ।

१.२.६ अन्तरिम आदेश जारी गर्न सक्ने व्यवस्थाः

बैंक वा वित्तीय संस्थाको ऋण असुली ऐनको दफा १६ को उपदफा (१) बमोजिम न्यायाधिकरणमा विचाराधीन रहेको कुनै पनि मुद्दामा ऋण लिने सिलसिलामा सुरक्षणको लागि राखिएको धितो वा ऋणीको/जमानीकर्ताको स्वामित्वमा वा कब्जामा रहेको वा हक भोग भएको चल अचल सम्पत्ति नामसारी, बिक्री वा हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्न आवश्यक छ भन्ने कुरा पक्षको निवेदनको आधारमा न्यायाधिकरणलाई लागेमा अर्को आदेश नदिएसम्मको अवधिका लागि त्यस्तो सम्पत्ति रोक्का राख्न सम्बन्धित कार्यालयको नाममा न्यायाधिकरणले अन्तरिम आदेश जारी गर्न सक्ने व्यवस्था छ। साथै त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित कार्यालयको कर्तव्य हुने समेत उल्लेख गरिएको छ।

१.२.७ मिलापत्र सम्बन्धी व्यवस्थाः

न्यायाधिकरणमा दर्ता भई कारवाही तथा किनारा गर्न बाँकी रहेका ऋण असुली मुद्दाहरुमध्ये कुनै मुद्दामा मिलापत्र गर्नको निमित्त मुद्दाका दुवै पक्ष अर्थात् वादी र प्रतिवादीले न्यायाधिकरण समक्ष लिखित निवेदन दिएमा र न्यायाधिकरणले सो निवेदनको व्यहोरा दुबै पक्षलाई पढी बाँची सुनाई त्यसको मतलब र परिणाम समेत सम्झाउँदा बुझाउँदा दुबै पक्षले मञ्जुर गरेमा मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भएतापनि ऐनको दफा २० बमोजिम मिलापत्र गराई दिन सक्ने व्यवस्था छ। मिलापत्र भएपछि मिलापत्र कार्यान्वयन गर्न ऋण असुली अधिकृतलाई आदेश दिने व्यवस्था रहेको छ। मिलापत्र भईसकेपछि मिलापत्र कार्यान्वयन नभएको अवस्थामा मिलापत्रको कार्यान्वयनका लागि न्यायाधिकरणमा निवेदन दिन सक्ने व्यवस्था रहेको छ।

न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले मुद्दा मिलापत्र गराईसकेपछि मिलापत्र दस्तुर वापत मुद्दामा मागदावी लिइएको रकमको ०.५० प्रतिशतले हुने रकम मध्ये वादीले ०.२५ प्रतिशत र प्रतिवादीले ०.२५ प्रतिशतले हुने रकम बुझाउनु पर्नेछ। वादीको हकमा मिलापत्र दस्तुर वापत बुझाउनु पर्ने रकम निजले उजुरी निवेदन दर्ता गराउँदा अग्रिम रुपमा बुझाएको ऋण असुली शुल्कबाट कट्टा गरी समायोजन गर्ने व्यवस्था छ।

१.२.८ ऋण असुली सम्बन्धी व्यवस्थाः

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १८ बमोजिम मुद्दा बारे निर्णय सुनाई सकेपछि उक्त निर्णय उपर चित्त नबुझ्ने पक्षबाट पुनरावेदन परेको अवस्थामा पुनरावेदन न्यायाधिकरणको निर्णय प्राप्त भएपछि र पुनरावेदन नपरेको अवस्थामा पुनरावेदन दिने म्याद भुक्तान भएपछि निर्णय कार्यान्वयन गर्न सोही ऐनको दफा २१ बमोजिम ऋण असुली अधिकृतको नाममा समयावधि तोकी आदेश दिने व्यवस्था रहेकोछ।

ऋण असुली अधिकृतले न्यायाधिकरणको आदेश प्राप्त गरेपछि सो आदेशमा तोकिएको समयावधि भित्र ऐनको दफा २५ बमोजिम ऋणीबाट ऋण रकम असुल गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई दिलाई भराई दिनु पर्ने व्यवस्था रहेको छ। न्यायाधिकरणबाट आदेश प्राप्त भए पश्चात् ऋण असुली अधिकृतले ऋणीबाट ऋणको साँवा व्याज रकम असुल उपर गर्दा बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो अन्तर्गत बनेको नियमावली तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कारवाही अवलम्बन गर्न सक्ने व्यवस्था छः-

- ऋणी वा जमानत दिने व्यक्तिले धितोमा राखेको चल अचल सम्पत्तिले ऋणको साँवा व्याज रकम खाम्न नसक्ने भई ऋणीको वा जमानत दिने व्यक्तिको अन्य चल अचल सम्पत्ति रोक्का राख्न तत्काल सम्बन्धित कार्यालयमा लेखि पठाउने,
- ऋणीलाई बढीमा सात दिनको म्याद दिई ऋणको सम्पूर्ण साँवा व्याज रकम बुझाउन ल्याउन आदेश दिने,
- तोकिएको अवधीभित्र ऋणको साँवा व्याज बुझाउन नल्याएमा ऋणीको तर्फबाट धितोमा राखिएको वा नराखिएको अन्य चल अचल सम्पत्ति कब्जा वा लिलाम बिक्री गर्ने,
- ऋणीले धितो नराखेको वा त्यस्तो धितो राखेको चल अचल सम्पत्तिले साँवा व्याज खाम्न नसक्ने भएमा जमानीकर्ताको जमानीको हदसम्म चल अचल सम्पत्ति कब्जा गर्ने,
- ऋणी वा जमानीकर्ताको कब्जा गरिएको चल अचल सम्पत्ति लिलाम बिक्री गर्ने,

- कुनै व्यक्ति विषेश ऋणी वा जमानत दिने व्यक्तिलाई थुनामा राख्नु पर्ने भएमा त्यस्तो व्यक्तिलाई थुनामा राखि दिनको लागि सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउने।

ऐन बमोजिम बैंक तथा वित्तीय संस्थाको ऋण असुली भइसकेपछि असुली भएको ऋण रकमको १ (एक) प्रतिशत रकम ऋण असुली शुल्क वापत सम्बन्धित बैंक तथा वित्तीय संस्थाले न्यायाधिकरणलाई बुझाउनु पर्ने हुन्छ। बैंक तथा वित्तीय संस्थाले त्यसरी ऋण असुली शुल्क बुझाउँदा निजले उजुरी निवेदन दर्ता गर्दाका बखत बुझाएको अग्रीम ऋण असुली शुल्क बापतको रकम कटाई बाँकी रकम मात्र बुझाउनु पर्ने व्यवस्था छ।

१.२.९ पुनरावेदन सम्बन्धी व्यवस्थाः

ऐनको दफा १९ बमोजिम न्यायाधिकरणको निर्णय उपर चित्त नबुझ्ने पक्षले सो निर्णयको प्रतिलिपि उतार गरेको पन्ध्र दिनभित्र तोकिएको पुनरावेदन दस्तुर तिरी सम्बन्धित पुरावेदन न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था रहेको छ। ऋणीले पुनरावेदन गर्दा न्यायाधिकरणको निर्णय बमोजिम असुल उपर गर्नु पर्ने ठहर रकमको ३० (तीस) प्रतिशत रकम धरौटी वापत नगद जम्मा गर्नु पर्ने ऐनको दफा २२ मा व्यवस्था छ।

१.२.१० अवहेलनामा कारवाही चलाउन सक्नेः

न्यायाधिकरणले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्ने व्यवस्था ऐनको दफा ३० मा रहेको छ। न्यायाधिकरणले आफ्नो अवहेलना गरेको ठहराएमा अभियुक्तलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने व्यवस्था छ।

तर, न्यायाधिकरणलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई कुनै सजाय नगरी क्षमा दिन वा सजाय तोकिसकेको भए सो सजाय घटाउन वा माफ गर्न वा सजाय मुलतवी राखी तोकेको शर्त पालना भएमा सजाय कार्यान्वयन नगर्न आदेश दिन सक्ने व्यवस्था समेत रहेको छ।

भाग-२

न्यायाधिकरणबाट सम्पादित कार्यहरुको विवरण

२.१ मुद्दा/निवेदनको लगत, फछ्यौंट र बाँकीको विवरण:

न्यायाधिकरणबाट सम्पादन हुने विभिन्न कामहरु मध्ये निर्णयको कार्य सबैभन्दा प्रमुख कार्य हो। यसमा आ.व. २०७१/०७२ देखि आ.व. २०७५/०७६ सम्म प्रत्येक वर्षको लागि अघिल्लो वर्षबाट जिम्मेवारी सरी आएका, नयाँ दर्ता भएका उजुरी निवेदन र निर्णय भएका मुद्दाहरुको संख्यात्मक विवरण देहायका तालिकामा उल्लेख गरिएको छ।

(क) मुद्दा/निवेदनको समष्टिगत विवरणः

यसमा संख्यात्मक विवरण देहायका तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १

सि.नं.	आ.व.	जिम्मेवारी सरेको	नयाँ दर्ता भएको	जम्मा मुद्दा संख्या	मुद्दा फछ्यौंट संख्या	फछ्यौंट%	जम्मा बाँकी
१	०७१/७२	२०९	१६३	३७२	५८	१५.५९	३१४
२	०७२/७३	३१४	१६५	४७९	१४७	३०.६८	३३२
३	०७३/७४	३३२	११३	४४५	१७२	३८.६५	२७३
४	०७४/७५	२७३	२००	४७३	१०७	२२.६२	३६६
५	०७५/७६	३६६	१३९	५०५	१०४	२०.५९	४०१

उल्लिखित तालिका नं. १ मा आ.व. २०७१/०७२ मा चालु मुद्दा कुल ३७२ थान मध्ये ५८ थान मुद्दा फछ्यौंट भै ३१४ थान मुद्दा बाँकी रहेको देखिन्छ। आ.व. २०७२/०७३ मा चालु मुद्दा जम्मा ४७९ थान मध्ये १४७ थान फछ्यौंट भै ३३२ थान बाँकी रहेको देखिन्छ। आ.व. २०७३/०७४ मा चालु मुद्दा संख्या ४४५ थान रहेकोमा १७२ थान फछ्यौंट भै २७३ थान बाँकी रहेको देखिन्छ। आ.व. २०७४/०७५ मा चालु मुद्दा ४७३ मध्ये १०७ थान फछ्यौंट भै ३६६ थान जिम्मेवारी सरेको देखिन्छ। साथै गत आ.व. २०७५/०७६ मा जिम्मेवारी सरेको ३६६ नयाँ दर्ता भएका मुद्दा संख्या १३९ समेत जम्मा ५०५ थान चालु मुद्दा रहेकोमा १०४ थान फछ्यौंट भै ४०१ थान मुद्दाको जिम्मेवारी सरेको

अवस्था छ। यस न्यायाधिकरणबाट सम्पादन भएका मुद्दाको फछर्यौटतर्फ हेर्दा आ.व. २०७१/०७२ देखि आ.व. २०७५/०७६ मा क्रमशः १५.५९, ३०.६८, ३८.६५, २२.६२ र २०.५९ प्रतिशत रहेको देखिन्छ।

स्तम्भ चित्र नं. १



माथिको चित्र नं. १ बाट आ.व. २०७१/०७२ देखि आ.व. २०७३/०७४ सम्म क्रमशः फछर्यौट प्रतिशत बढ्दै गएको देखिन्छ भने आ.व. २०७३/०७४ देखि आ.व. २०७५/०७६ सम्म मुद्दाको फछर्यौट प्रतिशत क्रमशः घट्दै गएको देखिन्छ। साथै आ.व. २०७३/०७४ देखि आ.व. २०७५/०७६ सम्ममा जम्मा मुद्दा संख्यामा पनि क्रमश बढोत्तरी भएको अवस्था छ।

(ख) बैंकको वर्ग अनुसार मुद्दाको संख्यात्मक विवरणः

चालु आर्थिक वर्ष २०७५/२०७६ का लागि अघिल्लो आ.व. बाट जिम्मेवारी सरी आएका मुद्दा संख्या ३६६ थान र नयाँ दर्ता भएका मुद्दा संख्या १३९ थान गरी जम्मा मुद्दा संख्या ५०५ मध्ये बैंकको वर्ग अनुसारको संख्यात्मक विवरण देहायका तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. २

'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	जम्मा
३८६	६२	५७	५०५

माथि उल्लिखित तालिका नं. २ बाट आ.व. २०७५/०७६ मा "क" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्दा संख्या ३८६, "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्दा संख्या ६२ र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्दा संख्या ५७ रहेको देखिन्छ। यसबाट मुद्दा संख्या 'क' वर्गबाट 'ग' वर्गतर्फ संख्यात्मकरुपमा न्यून हुँदै गएको देखिन्छ।

स्तम्भ चित्र नं. २



(ग) निर्णय संख्याः

यस न्यायाधिकरणबाट भएका निर्णय तर्फ हेर्दा आ.व.२०७१/०७२ देखि आ.व. २०७५/०७६ सम्म निर्णय भएका मुद्दाहरुको संख्यात्मक विवरणलाई तालिका नं. ३ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ३

आ.व.	बैंकको वर्ग अनुसार मुद्दाहरुको निर्णय संख्या			खारेज	तामेली	मिलापत्र	जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग				
२०७१/०७२	२८	७	६	६	-	११	**५८**
२०७२/०७३	५८	२८	३७	६	३	१५	**१४७**
२०७३/०७४	६७	३२	४२	-	५	२६	**१७२**
२०७४/०७५	५६	२०	१५	३	-	१३	**१०७**
२०७५/०७६	७२	८	५	-	-	१९	**१०४**

आ.व. ०७१/०७२ मा कुल ५८ थान, आ.व. ०७२/०७३ मा जम्मा १४७ थान, आ.व. ०७३/०७४ मा १७२ थान, आ.व. ०७४/७५ मा १०७ थान मुद्दा फछर्यौट भएको देखिन्छ भने आर्थिक वर्ष ०७५/७६ मा "क" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्दा

फछर्यौट संख्या ७२, "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्दा फछर्यौट संख्या ८ र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मुद्दा फछर्यौट संख्या ५ र मिलापत्र संख्या १९ समेत जम्मा १०४ थान मुद्दा निर्णय भएको देखिन्छ।

स्तम्भ चित्र नं. ३



(घ) मिलापत्र संख्याः

यस न्यायाधिकरणले मिलापत्रलाई प्राथमिकता दिएको छ। आ.व. २०७१/०७२ देखि आ.व. २०७५/०७६ सम्म मिलापत्र भएका मुद्दाहरुलाई बैंकको वर्ग अनुसारको संख्यात्मक विवरण यस प्रकार छ।

तालिका नं. ४

आ.व.	बैंकको वर्ग अनुसार मिलापत्र भएका मुद्दाहरुको संख्या			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७१/०७२	७	-	४	**११**
२०७२/०७३	६	३	६	**१५**
२०७३/०७४	१०	४	१२	**२६**
२०७४/०७५	५	३	५	१३
२०७५/०७६	१२	१	६	१९

उल्लिखित तालिकाबाट आ.व. ०७१/७२ मा "क" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या ७ र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या ४ गरी जम्मा ११ थान रहेको थियो। आ.व. ०७२/७३ मा "क" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या ६, "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या ३ र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या ६ गरी जम्मा १५ थान रहेको थियो। आ.व. ०७३/७४ मा "क" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या १०, "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या ४ र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या १२ गरी जम्मा २६ थान रहेको थियो। आ.व. ०७४/७५ मा "क" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या ५, "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या ३ र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या ५ गरी जम्मा १३ थान रहेको थियो। गत आ.व. ०७५/७६ मा "क" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या १२, "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या १ र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको मिलापत्र संख्या ६ गरी जम्मा १९ थान रहेको देखिन्छ। यसरी हेर्दा "क" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाको तुलनामा "ख" वर्गका बैंक तथा वित्तीय संस्थाका मुद्दा कम मिलापत्र भएको संख्यात्मकरुपमा देखिन्छ।

स्तम्भ चित्र नं. ४



२.२ निर्णय कार्यान्वयनसंग सम्बन्धित विवरणः

(क) निर्णय कार्यान्वयनको लागि भएका आदेशको विवरणः

यस न्यायाधिकरणको ऋण असुलीतर्फ हेर्दा ऋण असुली सम्बन्धी मुद्दा अन्तिम कारवाही र किनारा सम्पन्न भएपछि कार्यान्वयनका लागि बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २१ बमोजिम ऋण असुली अधिकृतको नाममा निर्णय कार्यान्वयन गर्ने आदेश हुन्छ। उल्लिखित आदेश अनुसार आ.व. २०७१/०७२ देखि आ.व. २०७५/०७६ सम्मको संख्यात्मक विवरण देहाय बमोजिम छ।

तालिका नं. ५

क्र.सं.	आ.व.	२१ नं. आदेश संख्या
१	०७१/०७२	७४
२	०७२/०७३	४९
३	०७३/०७४	१३१
४	०७४/०७५	१२८
५	०७५/०७६	७०

आ.व. ०७१/०७२ मा फैसला कार्यान्वयन गर्ने सम्बन्धमा भएको आदेश ७४ थान, आ.व. ०७२/०७३ मा फैसला कार्यान्वयन गर्ने सम्बन्धमा भएको आदेश ४९ थान रहेको देखिन्छ। त्यसैगरी आ.व. ०७३/०७४ मा फैसला कार्यान्वयन गर्ने सम्बन्धमा भएको आदेश १३१ थान रहेको देखिन्छ। आ.व. ०७४/०७५ मा फैसला कार्यान्वयन गर्ने सम्बन्धमा भएको आदेश १२८ थान र आ.व. ०७५/०७६ मा फैसला कार्यान्वयन गर्ने सम्बन्धमा भएको आदेश ७० थान भई कार्यान्वयन तहमा रहेको देखिन्छ।

स्तम्भ चित्र नं. ५



(ख) निर्णय कार्यान्वयनको समष्टिगत विवरणः

यस न्यायाधिकरणको कार्यान्वयन तहमा रहेको मुद्दा कार्यान्वयनका लागि अघिल्लो वर्षबाट जिम्मेवारी सरेका र चालु वर्षमा निर्णय कार्यान्वयनका लागि (दफा २१ बमोजिम) प्राप्त भएका मुद्दा र मुल्तवी जगाई ऋण असुली शाखामा प्राप्त भएका सम्पूर्ण मुद्दाहरु गरी ऋण असुली शाखा (कार्यान्वयन) का जम्मा मुद्दा संख्या तथा कार्यान्वयनका क्रममा ऋण असुली शाखाबाट भएका मिलापत्र, लिलामी कारवाही, लगत कट्टा र जेथा नभएका कारण मुल्तवी रहेका मुद्दा संख्यालाई फछ्यौंट अन्तर्गत राखी निर्णय कार्यान्वयन आ.व. २०७१/०७२ देखि आ.व. २०७५/०७६ को संख्यात्मक विवरणलाई देहायका तालिकामा उल्लेख गरि प्रस्तुत गरिएको छ।

तालिका नं. ६

क्र.सं.	आ.व.	जिम्मेवारी सारेको	नयाँ दर्ता भएको	जम्मा मुद्दा संख्या	मिलापत्र/लिलामी/ लगतकट्टा संख्या	जेथा नभएका कारण मुलतवी रहेको संख्या	जम्मा फछ्यौंट संख्या	फछ्यौंट प्रतिशत	कार्यान्वयन बाँकी मुद्दा संख्या
१	०७१/०७२	४९४	७९	५७३	-	-	२६१	४५.५४	३१२
२	०७२/०७३	३१२	५२	३६४	६७	३६	१०३	२८.२९	२६१
३	०७३/०७४	२६१	१४०	४०१	७६	७	८३	२०.६९	३१८
४	०७४/०७५	३१८	१४३	४६१	५२	-	५२	११.२७	४०९
५	०७५/०७६	४०९	८०	४८९	५२	३४	८६	१७.५८	४०३

माथि उल्लिखित तालिकाबाट आ.व. २०७१/०७२ मा जम्मा मुद्दा संख्या ५७३ रहेकोमा फछर्यौट २६१ भई जम्मा बाँकी ३१२ थान, आ.व. २०७२/०७३ मा जम्मा मुद्दा संख्या ३६४ रहेकोमा फछर्यौट १०३ भई जम्मा बाँकी २६१ थान, आ.व. २०७३/०७४ मा जम्मा मुद्दा संख्या ४०१ रहेकोमा फछर्यौट ८३ भई जम्मा बाँकी ३१८ थान, आ.व. २०७४/०७५ मा जम्मा मुद्दा संख्या ४६१ रहेकोमा फछर्यौट ५२ भई जम्मा बाँकी ४०९ थान रहेको र आ.व. २०७५/०७६ मा अघिल्लो वर्षबाट जिम्मेवारी सरेको मुद्दा संख्या ४०९ थान, दफा २१ को आदेश बमोजिम प्राप्त मुद्दा संख्या ७० र मुल्तवीबाट जगाई दर्ता भएका मुद्दा संख्या १० समेत जम्मा मुद्दा संख्या ४८९ रहेको देखिन्छ। मिलापत्र/लिलामी/लगतकट्टाबाट फछर्यौट भएका मुद्दा संख्या ५२ र जेथा नभएका कारण जेथा प्राप्त भएपछि जगाई कारवाही गर्ने गरी मुल्तवीमा रहने गरी फछर्यौट भएका मुद्दा संख्या ३४ समेत जम्मा फछर्यौट संख्या ८६ भई फछर्यौट हुन बाँकी कुल कार्यान्वयनतर्फको मुद्दा संख्या जम्मा ४०३ थान आगामी वर्षका लागि जिम्मेवारी सरेको देखिन्छ।

स्तम्भ चित्र नं. ६



(ग) ऋण असुली रकमसम्बन्धी विवरणः

यस न्यायाधिकरणमा आ.व. २०७१/०७२ देखि आ.व. २०७५/०७६ सम्म मुद्दा विचाराधीन रहेकै अवस्थामा मुद्दा शाखाबाट भएको मिलापत्रबाट असुल भएको रकम र निर्णय कार्यान्वयनको क्रममा ऋण असुली शाखाबाट असुल भएको कूल ऋण असुली रकमको विवरण छुट्टा-छुट्टै रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

(अ) मिलापत्रबाट असुल भएको रकम सम्बन्धी विवरणः

यस न्यायाधिकरणले मिलापत्रलाई प्राथमिकता दिएको छ। यसमा ऐनमा नै मिलापत्र हुँदा दावी रकमको ०.५० प्रतिशत दस्तुर बुझाई मिलापत्र गर्न सकिने उल्लेख छ। आ.व. २०७२/०७३ देखि आ.व. २०७५/०७६ सम्म चालु मुद्दा मिलापत्रबाट असुल भएको ऋण असुली रकमको विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं. ७

आ.व.	बैंकको वर्ग अनुसार मिलापत्रद्वारा असुली रकमको विवरण			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७२/०७३	२०४९६७४९९५.१६	०.००	७९४६८७०६.९४	**२१२९१४३७०२.१**
२०७३/०७४	३४५३८३७८२६.३९	१८३५४४८७.६८	१३७६६६८५.१४	**३४८५९५८९९९.२१**
२०७४/०७५	११४५६७६४३३.३९	६९९०५४२८.०३	२५०३३८२५७.३	**१४६५९२०११८.९९**
२०७५/०७६	४८७३१७५८१३.९८	९७९८२५.८८	२९८७३२५३.३४	**४९०४०२८८९३.२**

माथि तालिका नं. ७ मा उल्लेख भए अनुसार आ.व. २०७२/०७३ मा मिलापत्रबाट जम्मा रु.२१२९१४३७०२।१ असुल भएको देखिन्छ। आ.व. २०७३/०७४ मा मिलापत्रबाट जम्मा रु.३४८५९५८९९९।२१ असुल भएको देखिन्छ। आ.व. २०७४/०७५ मा मिलापत्रबाट जम्मा रु.१४६५९२०११८।९९ असुल भएको देखिन्छ भने गत आ.व. २०७५/०७६ मा मिलापत्रबाट क्रमशः "क" वर्गको बैंक तथा वित्तीय संस्थाबाट रु.४८७३१७५८१३।९८, "ख" वर्गबाट रु. ९७९८२५.८८ र "ग" वर्गबाट रु.२९८७३२५३।३४ समेत जम्मा रु.४९०४०२८८९३।२ असुल भएको देखिन्छ।



(आ) निर्णय कार्यान्वयनबाट

आ.व. २०७२/०७३
लगतकट्टा भै असुल भएको र

आ.व.	बैंक
	'क' व
२०७२/०७३	१३४०३
२०७३/०७४	४४४५३
२०७४/०७५	११४८४६
२०७५/०७६	६८८०२५

माथि तालिका नं. ८ मा उल्लेख भए अनुसार आ.व. २०७२/०७३ मा लगतकट्टाबाट जम्मा रु.३६३६८५१११।- असुल भएको देखिन्छ। आ.व. २०७३/०७४ मा लगतकट्टाबाट जम्मा रु.५८३३५९३५९।- असुल भएको देखिन्छ। आ.व. २०७४/०७५ मा लगतकट्टाबाट जम्मा रु.१९९६४७०८३।९५ असुल भएको देखिन्छ भने गत आ.व. २०७५/०७६ मा लगतकट्टाबाट क्रमशः "क" वर्गको बैंक तथा वित्तीय संस्थाबाट रु.६८८०२५९४२।२, "ख" वर्गबाट रु.४७९८२८४।७८ र "ग" वर्गबाट रु.११०५९३८४५।६ समेत जम्मा रु.८०३४१८०७२।६६ असुल भएको देखिन्छ।

स्तम्भ चित्र नं. ८



२.३ दस्तुर तथा शुल्कसम्बन्धी विवरणः

यस अन्तर्गत बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ उपदफा २ बमोजिमको दर्ता गर्दाका बखत दावी रकमको ०.२५ प्रतिशत अग्रिम ऋण असुली शुल्क, ऐ.को दफा २० मा भएको व्यवस्था अनुसार मुद्दा मिलापत्रबाट प्राप्त दस्तुरको विवरण र ऐ.को दफा ३१ मा भएको व्यवस्था अनुसार निर्णय कार्यान्वयनको क्रममा ऋण असुली शाखाबाट असुल भएको ऋण असुली शुल्कको विस्तृत विवरण पृथक-पृथक रुपमा प्रस्तुत गरिएको छ।

(अ) अग्रीम ऋण असुली शुल्क वापतको रकमः

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ उपदफा २ मा भएको व्यवस्था अनुसार यस न्यायाधिकरणमा आ.व. २०७१/०७२ देखि आ.व. २०७५/०७६ सम्ममा उजुरी निवेदन दर्ता गर्न ल्याउँदा बैंक तथा वित्तीय संस्थाहरुले जम्मा गरेको कूल दावी रकमको ०.२५% अग्रीम ऋण असुली शुल्कको विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं. ९

आ.व.	बैंकको वर्ग अनुसार ऋण असुली शुल्क (०.२५%) को विवरण			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७१/०७२	३३६५३१६।९६	१२८९६६९।०८	९४२३६८।९१	५५९७३५४।९५
२०७२/०७३	५९४६४१६।३२	१९९४५०२।७६	११०६४४६।४६	९०४७३६५।५४
२०७३/०७४	४२३४९९५।४७	४६६५२१।०९	१७८६२३।-	४८८०१३९।५६
२०७४/०७५	८५६४०५१।६७	१५२०४५।८०	१३९९९३।४३	८८५६०९०।९०
२०७५/०७६	३४८६२२७।२३	११६०९०।२९	१५७१३८।७८	३७५९४५६।३०

माथि तालिका नं. ९ मा उल्लेख भए अनुसार आ.व. २०७१/०७२ मा ऋण असुली शुल्कबाट जम्मा रु.५५९७३५४।९५ असुल भएको देखिन्छ। आ.व. २०७२/०७३ मा ऋण असुली शुल्कबाट जम्मा रु.९०४७३६५।५४ असुल भएको देखिन्छ। आ.व. २०७३/०७४ मा ऋण असुली शुल्कबाट जम्मा रु.४८८०१३९।५६ असुल भएको देखिन्छ। आ.व. २०७४/०७५ मा ऋण असुली शुल्कबाट जम्मा रु.८८५६०९०।९० असुल भएको देखिन्छ भने गत आ.व. २०७५/०७६ मा ऋण असुली शुल्कबाट क्रमशः "क" वर्गको बैंक तथा वित्तीय संस्थाबाट रु.३४८६२२७।२३, "ख" वर्गबाट रु.११६०९०।२९ र "ग" वर्गबाट रु.१५७१३८।७८ समेत जम्मा रु.३७५९४५६।३० असुल भएको देखिन्छ।

स्तम्भ चित्र नं. ९



(आ) मिलापत्र दस्तुरः

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २० मा भएको व्यवस्था अनुसार यस न्यायाधिकरणमा आ.व. २०७२/०७३ देखि आ.व. २०७५/०७६ सम्म चालु मुद्दा मिलापत्रबाट प्राप्त दस्तुरको विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं. १०

आ.व.	बैंकको वर्ग अनुसार मिलापत्र दस्तुरको विवरण			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७२/०७३	४८२७१२.००	५७९५७२.००	५३६९७.००	**१११५९८१.००**
२०७३/०७४	१३७५४४४.००	१३९१२५.००	३०५१६१.००	**१८१९७३०.००**
२०७४/०७५	५७४२३२.९७	३८२०७०.१३	१०८६३९.६०	**१०६४९४२.७०**
२०७५/०७६	२०६२८७७४.७३	७८३९.००	१०३२६३.६९	**२०७३९८७७.४२**

माथि तालिका नं. १० मा उल्लेख भए अनुसार आ.व. २०७२/०७३ मा मिलापत्र दस्तुरबाट जम्मा रु.१११५९८१।०० असुल भएको देखिन्छ। आ.व. २०७३/०७४ मा मिलापत्र दस्तुरबाट जम्मा रु.१८१९७३०।०० असुल भएको देखिन्छ। आ.व. २०७४/०७५ मा मिलापत्र दस्तुरबाट जम्मा रु.१०६४९४२।७० असुल भएको देखिन्छ भने गत आ.व. २०७५/०७६ मा मिलापत्र दस्तुरबाट क्रमशः "क" वर्गको बैंक तथा वित्तीय संस्थाबाट रु.२०६२८७७४।७३, "ख" वर्गबाट रु.७८३९।०० र "ग" वर्गबाट रु.१०३२६३।६९ समेत जम्मा रु.२०७३९८७७।४२ असुल भएको देखिन्छ।

स्तम्भ चित्र नं. १०



(इ) ऋण असुली शुल्कः

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ मा भएको व्यवस्था अनुसार यस न्यायाधिकरणमा आ.व. २०७१/०७२ देखि आ.व. २०७५/०७६ सम्म निर्णय कार्यान्वयनको क्रममा असुली शाखाबाट उठेको ऋण असुली शुल्कको विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं. ११

आ.व.	बैंकको वर्ग अनुसार कार्यान्वयनबाट प्राप्त ऋण असुली शुल्कको विवरण			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७१/०७२	२९३१४२७०.०६	०.००	२९९५९८.७६	२९६१३८६८.८२
२०७२/०७३	१९०५५६६२.७२	०.००	६५५८७५.६	१९७११५३८.३२
२०७३/०७४	२९७३१४०२.०८	१४५२५६.८८	११७९९५.९१	२९९९४६५४.८७
२०७४/०७५	११२५१३९९.५९	१८५९४५५.६१	६६१८८३.००	१३७७२७३८.२०
२०७५/०७६	६४१५५१७.४८	४१९९२.००	९२६३२४.००	७३८३८३४.४८

माथि तालिका नं. ९ मा उल्लेख भए अनुसार आ.व. २०७१/०७२ मा कार्यान्वयनबाट प्राप्त ऋण असुली शुल्कबाट जम्मा रु.२९६१३८६८।८२ असुल भएको देखिन्छ। आ.व. २०७२/०७३ मा कार्यान्वयनबाट प्राप्त ऋण असुली शुल्कबाट जम्मा रु.१९७११५३८।३२ असुल भएको देखिन्छ। आ.व. २०७३/०७४ मा कार्यान्वयनबाट प्राप्त ऋण असुली शुल्कबाट जम्मा रु.२९९९४६५४।८७ असुल भएको देखिन्छ। आ.व. २०७४/०७५ मा कार्यान्वयनबाट प्राप्त ऋण असुली शुल्कबाट जम्मा रु.१३७७२७३८।२० असुल भएको देखिन्छ भने गत आ.व. २०७५/०७६ मा कार्यान्वयनबाट प्राप्त ऋण असुली शुल्क वापत क्रमशः "क" वर्गको बैंक तथा वित्तीय संस्थाबाट रु.६४१५५१७।४८, "ख" वर्गबाट रु.४१९९२.०० र "ग" वर्गबाट रु.९२६३२४।०० समेत गरी जम्मा रु.७३८३८३४।४८ असुल भएको देखिन्छ।

स्तम्भ चित्र नं. ११



२.४ अभिलेख सम्बन्धी विवरणः

यस ऋण असुली न्यायाधिकरणबाट निर्णय भई अभिलेख शाखामा रहेका मिसिलहरुको अघिल्ला वर्षहरुको विवरण र आर्थिक वर्ष २०७५/०७६ मा दर्ता भएका मुद्दाहरुको विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका

सि.नं.	गत वर्षसम्मको मिसिल संख्या २०७५ असार मसान्तसम्म	आ.व. २०७५/०७६ मा दर्ता भएका मिसिल संख्या	जम्मा मिसिल संख्या
१	१९२० थान	४१ थान	१९६१ थान

२.५ न्यायाधिकरणको भौतिक विवरणः

भौतिक विवरण अन्तर्गत यस न्यायाधिकरणको कार्यालय भवन र अन्य भौतिक सामग्री (सवारी साधनदेखि कार्यालय भित्रका मेशिनरी लगायत सबै भौतिक सामग्रीहरुको विवरणलाई छुट्टा-छुट्टै रुपमा प्रस्तुत गरिएको छ।

(क) भवनको स्थितिः

यस न्यायाधिकरणको स्थापना कालदेखि हालसम्म सरकारी भवन नरहेकोले भाडाको घरमा रही कामकाज गरिरहेको अवस्था छ।

(ख) अन्य भौतिक सामग्रीको संख्याः

यस न्यायाधिकरणमा अध्यक्ष र सदस्यद्वयको लागि कार- ३, कार्यालय प्रयोजनको लागी मारुती कार-१, ऋण असुलीको विशेष अभियानका लागि वोलेरो-१ र हुण्डाई कार-१ चालू अवस्थामा रहेका छन्। दुई ओटा ईन्डिका कार मर्मत गर्न नसकिने गरी विग्रिएर रहेको अवस्थामा छन्। २ वटा मोटरसाइकलहरु सञ्चालनमा रहेका छन्। सर्भर समेत गरी कम्प्युटर जम्मा ३३ थान रहेकोमा १० थान मर्मत गर्नु पर्ने देखिन्छ। ल्यापटप ३२ थानमध्ये २० थान चालु अवस्थामा रहेका छन्। बाँकी मर्मत सम्भार गर्नु पर्ने अवस्थामा रहेका छन्। प्रिन्टर २५ थानमध्ये १० ओटा मर्मत हुन नसक्ने गरी विग्रिएको अवस्थामा रहेका छन्। स्क्यानर थान-२, लिड टि.भी. थान-१, फ्याक्स मेसिन थान-२, फोटोकपी मेसिन चालू अवस्थामा थान-३, ई-हाजिरी मेसिन थान-१, रुम ए.सि. थान-५, फ्रिज थान-१ रहेका छन्। त्यस्तै जेनेरेटर थान-१, सोलार व्याट्री थान-३२, एचभि सर्भर थान-१, राउटर थान-३, इन्टरकम टेलिफोन सिस्टम थान-१, यु.पि.एस. थान-६, सि.आर.पि. जेट वाटर पम्प थान-१ रहेका छन्।

२.६ वित्तीय विवरणः

आ.व. २०७५/०७६ मा चालुतर्फ रु.३,३१,९०,००५।- तथा पूँजीगततर्फ रु.१९,५४,०००।- गरी जम्मा रु.३,५१,४४,००५।- विनियोजन भएकोमा चालुतर्फ रु.३,१२,९९,७९७।२० तथा पूँजीगततर्फ रु.१९,४४,१६२।- गरी जम्मा रु.३,३२,४३,९५९।२० खर्च भएको देखिन्छ।

२.७ बजेट कार्यान्वयनसँग सम्बन्धित क्रियाकलापहरुः

यस न्यायाधिकरणको बजेट कार्यान्वयनतर्फ हेर्दा आर्थिक वर्ष २०७१/०७२ मा बैंकका शाखा प्रवन्धक र कर्जा शाखा प्रमुखहरुको लागि कर्जा लगानीसम्बन्धी विवाद समाधान तालिम मिति २०७०।५।१५ मा बिराटनगर मोरङ्गमा र मिति २०७०।८।२८ देखि ३० सम्म काभ्रेपलाञ्चोकको धुलिखेलमा न्यायाधिकरणमा कार्यरत कर्मचारीहरुका लागि क्षमता अभिवृद्धी तथा पुनरताजगी तालिम सम्पन्न भएको थियो। साथै आर्थिक वर्ष २०७२/०७३ मा ६ वटा गोष्ठी कार्यक्रम काभ्रे, सिन्धुली, कञ्चनपुर, नेपालगंज, बुटवल र धनकुटामा सम्पन्न भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा ७ वटा गोष्ठी कार्यक्रम काभ्रे, बीरगंज, इलाम, पोखरा, नेपालगंज, धनगढी र काभ्रेपलाञ्चोकमा सम्पन्न भएको थियो। आर्थिक वर्ष २०७४/०७५ मा ९ वटा गोष्ठी कार्यक्रम काभ्रेपलाञ्चोक, दोलखा, ताप्लेजुङ्ग, जनकपुर, दाङ्ग, जुम्ला, नुवाकोट, म्याग्दी, डडेल्धुरामा सम्पन्न भएको थियो भने आर्थिक वर्ष २०७५/०७६ मा प्रत्येक प्रदेशमा १/१ का दरले ७ वटा गोष्ठी कार्यक्रम कास्कीको पोखरा, रुपन्देहीको भैरहवा, महत्तरीको बर्दिबास, सिन्धुपाल्चोकको सुकुटे, पाँचथर, सुर्खेत र महेन्द्रनगरमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धमा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त गोष्ठी कार्यक्रमबाट १८५ जना सहभागीहरु लाभान्वित भएका थिए। आ.व. २०७५/०७६ मा सम्पन्न भएका गोष्ठीको विस्तृत विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

आ.व. २०७५/२०७६ मा सम्पन्न गोष्ठी कार्यक्रमहरु

क्र.सं.	मिति	स्थान	विषय	सहभागी संख्या
१	२०७५।०४।२५-२७	धुलिखेल, काभ्रे	मूल्याङ्कन तथा व्यवस्थापन गोष्ठी	३०
२	२०७५।०५।२८	पोखरा, कास्की	बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धमा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम	३६
३	२०७५।०८।२०	भैरहवा, रुपन्देही	बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धमा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम	२३
४	२०७५।०९।१२	बर्दिबास, महोत्तरी	बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धमा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम	२२
५	२०७६।०१।२३	सुकुटे, सिन्धुपाल्चोक	बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धमा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम	२५
६	२०७६।०२।२६	पाँचथर	बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धमा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम	२४
७	२०७६।०३।०८	सुर्खेत	बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धमा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम	२३
८	२०७६।०३।२४	महेन्द्रनगर	बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धमा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम	३२

भाग-३
जनशक्ति व्यवस्थापन

३.१ सदस्यहरुको नियुक्ति र कार्य अवधी सम्बन्धी विवरणः

आ.व. २०७५/०७६ सम्म यस न्यायाधिकरणमा नियुक्त एवं अवकास भएका अध्यक्ष तथा सदस्यहरुको विवरण देहाय बमोजिम रहेको छः-

(क) आ.व. २०७५/०७६ मा भएका सरुवा, बढुवा तथा राजिनामाः

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	अध्यक्ष	श्री मान बहादुर अर्याल	२०७५/१०/२६	सरुवा, बढुवा भै जानु भएको
२.	बैंकिङ्ग सदस्य	श्री उपेन्द्र बहादुर कार्की	२०७५/०८/०१	राजिनामा दिई जानु भएको

(ख) आ.व. २०७५/०७६ मा भएका नियुक्ति विवरण

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	अध्यक्ष	श्री गोविन्द खनाल	२०७५/१२/११	हाजिर हुनु भएको
२.	बैंकिङ्ग सदस्य	श्री नरेशराज अर्याल	२०७५/१२/२०	हाजिर हुनु भएको

३.२ कर्मचारीहरुको नियुक्ति, सरुवा र बढुवा सम्बन्धी विवरणः

आ.व. २०७५/०७६ सम्म यस न्यायाधिकरणमा नियुक्ति एवं सरुवा, बढुवा भएका कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छः-

(क) आ.व. २०७५/०७६ मा भएका नयाँ नियुक्ति, सरुवा र बढुवाः

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	डिष्ठा	श्री बसन्त गैरे	२०७५/०८/२८	सिफारिस भई आएको
२.	तामेलदार	श्री कमल प्रसाद न्यौपाने	२०७५/०८/२८	सिफारिस भई आएको
३.	तामेलदार	मोती प्रसाद अर्याल	२०७५/०८/२८	सिफारिस भई आएको
४.	तामेलदार	शोभ बहादुर के.सी.	२०७५/०८/२८	सिफारिस भई आएको

(ख) आ.व. २०७५/०७६ मा भएका सरुवा र बढुवाः

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	नायब सुब्बा	श्री प्रकाश पराजुली	२०७५/०८/०१	सरुवा भै जानु भएको
२.	नायब सुब्बा	श्री होम प्रसाद आचार्य	२०७५/०८/०१	सरुवा भै जानु भएको
३.	नायब सुब्बा	श्री कृष्णहरी उपाध्याय	२०७५/०८/०१	सरुवा भै जानु भएको
४.	कम्प्यूटर अपरेटर	श्री अर्जुन पोखेल	२०७५/०७/१६	सरुवा भै जानु भएको

(ग) आ.व. २०७५/०७६ मा भएका सरुवाः

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	नायब सुब्बा	श्री मोतिलाल तामाङ्ग	२०७५/०७/१८	सरुवा भै आएको
२.	नायब सुब्बा	श्री सुरज कुमार दहाल	२०७५/०७/१८	सरुवा भै आएको
३.	नायब सुब्बा	श्री बेणु खनाल	२०७५/०८/०४	सरुवा भै आएको
४.	नायब सुब्बा	श्री बिनोद फुँयाल	२०७५/०८/०४	सरुवा भै आएको

(घ) आ.व. २०७५/०७६ मा भएका काज सरुवाः

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	लेखापाल	श्री घनश्याम प्रसाद उपाध्याय	२०७५/०२/०१	काज सरुवा भई आएको
२.	लेखापाल	श्री पिताराम खड्का	२०७५/०३/०१	काज सरुवा भै जानु भएको
३.	तामेलदार	श्री प्रमोद कुमार उप्रेती	२०७५/३/२४	काज सरुवा भै आएको
४.	नायब सुब्बा	श्री बेणु खनाल	२०७५/१०/०७	काज सरुवा भै जानु भएको
५.	नायब सुब्बा	श्री सुरज कुमार दहाल	२०७६/०३/२९	काज सरुवा भै जानु भएको

३.३ न्यायाधिकरणमा कार्यरत जनशक्तिको विवरणः

आ.व. २०७५/०७६ मा बहाल रहेका न्यायाधिकरणका अध्यक्ष तथा सदस्य र कार्यरत कर्मचारी सम्बन्धी विवरण निम्नानसार छन्।

क्र.सं.	पद	नाम थर	श्रेणी	सेवा	समूह
१	अध्यक्ष	श्री गोविन्द खनाल	अध्यक्ष		
२	बैंकिङ्ग सदस्य	श्री नरेशराज अर्याल	बैंकिङ्ग सदस्य		
३	लेखा सदस्य	श्री जयदेव श्रेष्ठ	लेखा सदस्य		
४	ऋण असुली अधिकृत	रिक्त	रा.प.द्वितीय	प्रशासन	सा. प्रशासन
५	श्रेस्तेदार	श्री भेषराज कोइराला	रा.प.तृतीय	न्याय	न्याय
६	शाखा अधिकृत	रिक्त	रा.प.तृतीय	प्रशासन	सा. प्रशासन
७	नायब सुब्बा	श्री तेज बहादुर बरुवाल	रा.प.अनं.प्रथम	प्रशासन	सा. प्रशासन
८	लेखापाल	श्री घनश्याम उपाध्याय	रा.प.अनं.प्रथम	प्रशासन	लेखा
९	नायब सुब्बा	श्री सरला शर्मा	रा.प.अनं.प्रथम	प्रशासन	सा. प्रशासन
१०	नायब सुब्बा	श्री बेणु खनाल	रा.प.अनं.प्रथम	न्याय	न्याय
११	नायब सुब्बा	श्री देवराज दाहाल	रा.प.अनं.प्रथम	न्याय	न्याय
१२	नायब सुब्बा	श्री मोतीलाल तामाङ	रा.प.अनं.प्रथम	न्याय	न्याय
१३	नायब सुब्बा	श्री सुरज कुमार दहाल	रा.प.अनं.प्रथम	न्याय	न्याय
१४	नायब सुब्बा	श्री बिनोद फुयाँल	रा.प.अनं.प्रथम	न्याय	न्याय
१५	सिकर्मी	श्री राजु गुरुङ्ग	रा.प.अनं.प्रथम	शिक्षा	पुरातत्व
१६	सह-लेखापाल	श्री उमेश भण्डारी	रा.प.अनं.द्वितीय	प्रशासन	लेखा
१७	तामेलदार	श्री प्रमोद कुमार उप्रेती	रा.प.अनं.द्वितीय	न्याय	न्याय

१८	डिठ्ठा	श्री बसन्त गैरे	रा.प.अनं.द्वितीय	न्याय	न्याय
१९	तामेलदार	श्री मोतिप्रसाद अर्याल	रा.प.अनं.द्वितीय	न्याय	न्याय
२०	तामेलदार	श्री कमल प्रसाद न्यौपाने	रा.प.अनं.द्वितीय	न्याय	न्याय
२१	तामेलदार	श्री शोभ बहादुर के.सी.	रा.प.अनं.द्वितीय	न्याय	न्याय
२२	कम्प्युटर अपरेटर	श्री दिब्यश्वरी कोइराला	रा.प.अनं.प्रथम	करार	-
२३	कम्प्युटर अपरेटर	श्री राजु महर्जन	रा.प.अनं.प्रथम	करार	-
२४	कम्प्युटर अपरेटर	श्री संगिता कपाली	रा.प.अनं.द्वितीय	करार	-
२५	कम्प्युटर अपरेटर	श्री मुना श्रेष्ठ	रा.प.अनं.द्वितीय	करार	-
२६	ह.स.चा.	श्री गोपाल वस्ती	श्रेणी विहीन	करार	-
२७	ह.स.चा.	श्री खडानन्द पौडेल	श्रेणी विहीन	करार	-
२८	ह.स.चा.	श्री गौतम कार्की	श्रेणी विहीन	करार	-
२९	ह.स.चा.	श्री किरण महर्जन	श्रेणी विहीन	करार	-
३०	ह.स.चा.	श्री रामहरी कँडेल	श्रेणी विहीन	करार	-
३१	कार्यालय सहयोगी	श्री निरज भण्डारी	श्रेणी विहीन	करार	-
३२	कार्यालय सहयोगी	श्री विष्णु के.सी.	श्रेणी विहीन	करार	-
३३	कार्यालय सहयोगी	श्री सुवास थेवे	श्रेणी विहीन	करार	-
३४	कार्यालय सहयोगी	श्री दिपेश जमरकट्टेल	श्रेणी विहीन	करार	-
३५	कार्यालय सहयोगी	श्री वालिका अधिकारी	श्रेणी विहीन	करार	-
३६	कार्यालय सहयोगी	श्री दिपा गिरी	श्रेणी विहीन	करार	-
३७	स्वीपर	श्री रमेश पोडे		ज्यालादारी	-

भाग-४

समस्या र सुझाव

४.१ विषय प्रवेशः

ऋण असुली न्यायाधिकरणको कार्यलाई सरल, सहज, छिटो, छरितो, गुणस्तरीय र प्रभावकारी बनाउनु आजको आवश्यकता हो। उक्त कार्य गर्दा न्यायका सरोकारवालाको सहज पहुँचलाई सुनिश्चितता प्रदान गर्नु पर्दछ। न्यायिक सुनिश्चितताका लागि न्यायाधिकरणले सम्बन्धित ऐन, नियम र कार्यविधि तथा न्याय र कानूनका मान्य सिद्धान्तको प्रयोग गर्ने गरेको छ। न्यायाधिकरणले स्थापनाकालदेखि नै बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी कार्यमा प्रभावकारिता र गुणस्तर अभिवृद्धिमा जोड दिएको छ। न्यायाधिकरणको कार्य सम्पादनलाई विश्लेषण गर्दा सकारात्मक र उत्साहवर्द्धक अवस्था देखिएको छ। न्याय सम्पादनको क्रममा बैंक तथा वित्तीय संस्थाहरुको सकारात्मक एवं सहयोगात्मक भूमिका र ऋणी तथा जमानतकर्ताको उपस्थितिले थप मद्दत प्रदान गरेको छ। तथापि ऐन तथा नियमले तोकेको उद्देश्य र समयावधि भित्र निर्णय तथा निर्णय कार्यान्वयनमा शत प्रतिशत उपलब्धि हासिल गर्न कठिनाई भईरहेको अवस्था पनि छ।

न्यायाधिकरणबाट हुने निर्णय तथा निर्णय कार्यान्वयनको सन्दर्भमा लाग्ने समय, कार्यविधि र सर्वसुलभ लगायतका सवालमा सम्बन्धित पक्षबाट विभिन्न सरोकारहरु अभिव्यक्त हुने गरेका छन्। न्यायाधिकरणबाट हुने निर्णय तथा कार्यान्वयन छिटो छरितो तथा प्रभावकारी सेवा प्रवाहका लागि प्रचलित ऐन, नियमले निर्धारण गरेको समयावधि, प्रक्रिया, कार्यविधि महत्वपूर्ण हुन्छन्। न्यायाधिकरणबाट सम्पादन हुने कार्यमा बैंक तथा वित्तीय संस्थाहरु, ऋणी तथा अन्य सरोकारवाला निकायहरुको भूमिका त्यतिकै महत्वपूर्ण रहन्छ। तथापि निर्णय तथा निर्णय कार्यान्वयनमा मूल भूमिका न्यायाधिकरणले नै लिनुपर्ने अवस्था हुन्छ।

निर्णय तथा निर्णय कार्यान्वयन कार्यलाई छिटो, छरितो, प्रभावकारी र सहज पहुँचयुक्त बनाउन प्रचलित कानून र न्यायिक मूल्य मान्यताहरुको प्रतिकूल नहुने गरी सरकारले नीतिगत व्यवस्थाहरु गर्नुपर्ने हुन्छ। न्यायाधिकरणको सुधार र सहयोगका लागि सरकारी निकाय, बैंक तथा वित्तीय संस्थाहरु तथा अन्य सरोकारवाला निकायहरुको भूमिका महत्वपूर्ण हुन्छ। सुधार भन्ने विषय निरन्तर चलिरहने प्रक्रिया हो। सुधार प्रक्रियालाई वस्तुनिष्ठ तथा प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा विकास भएका नवीन अवधारणालाई आत्मसाथ गर्नु पर्दछ। तसर्थ, न्यायाधिकरणले सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखेको छ।

बैंक तथा वित्तीय संस्थाहरुमा भएका सुधार तथा प्रगति, बैंक तथा वित्तीय संस्थाहरुको नियमन तथा व्यवस्थापन गर्न पछिल्लो समयमा निर्माण भएका ऐन, नियम तथा कार्यविधिको प्रयोग न्यायाधिकरणको कार्य सम्पादनमा बढी प्रभावकारी हुन्छ। न्यायाधिकरण स्थापना तथा सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ मार्ग दर्शक कानून हुन। यसका अतिरिक्त २०७५ साल भाद्र १ गते देखि लागू भएका संहिता कानूनहरु, बैंक तथा वित्तीय संस्था नियमन गर्ने ऐन, नियम तथा कार्यविधि पनि सहयोगी बन्ने गरेका छन्। प्रस्तुत प्रतिवेदनमा आ.व. २०७५/०७६ मा सम्पादन भएका कामकारवाहीसंग सम्बन्धित विवरणहरुको अतिरिक्त न्यायाधिकरणले भोग्नु परेका समसामयिक समस्या एवं सोको समाधानका लागि अवलम्बन गरिएका उपाय र आगामी आर्थिक वर्षमा गरिनु पर्ने कार्यसम्बन्धी सुझावहरुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

४.२ मुद्दा/निवेदनको व्यवस्थापन पद्दति विकास र प्रयोगः

मुद्दा व्यवस्थापन पद्दति सुधारको लागि न्यायाधिकरणले स्थापनाकालदेखि नै निरन्तर प्रयास गर्दै आएको छ। मुद्दा प्रवाह प्रक्रियालाई छिटो, छरितो, प्रभावकारी, गुणस्तरीय र अनुमान योग्य बनाउन कामकारवाहीमा प्रभावकारीता तथा सूचना प्रविधिको प्रयोगलाई निरन्तरता दिएको छ। न्यायाधिकरणमा रहेका पुराना मुद्दाको फछ्यौंट कार्यलाई प्रभावकारी बनाउन मुद्दाको पेशी व्यवस्थापन, इजलास व्यवस्थापन तथा समय व्यवस्थापन जस्ता कार्यमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको छ। मुद्दा व्यवस्थापनलाई प्रभावकारी बनाउन बैंक तथा वित्तीय संस्थाहरुले कर्जा तमसुक लगायत अन्य कागजातहरु व्यवस्थित एवं सिलसिलेवार राख्नुपर्ने हुन्छ। बैंक तथा वित्तीय संस्थाहरुबाट उजुरी निवेदन साथ पेश हुने कागजातहरुमा एकरुपता नहुने, विद्यमान ऐन तथा नियममा भएका ढाँचाहरुको पूर्ण पालना नहुने, बैंक तथा वित्तीय संस्था नियम गर्ने ऐन, नियम तथा कार्यविधिमा कर्जा तमसुक लगायतका कागजातका ढाँचा नहुनुले पनि समस्या सृजना हुने गरेको छ।

त्यसैगरी म्याद तामेली कार्यलाई प्रभावकारी बनाउन प्रतिवादीहरुको अध्यावधिक ठेगानाको अभाव लगायतका विषय पनि पेचिलो बन्ने गरेको छ। उल्लिखित समस्याहरुको सम्बोधनका लागि विद्यमान बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियममा आवश्यक संशोधन गरी बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाहरुमा प्रयोग हुने ढाँचा तथा कागजातमा एकरुपता ल्याउन ऐन तथा नियममा नै समावेश गरी आवश्यक सम्बोधन गर्नुपर्ने देखिन्छ। म्याद तामेली कार्यलाई वस्तुनिष्ठ बनाउन बैंक तथा वित्तीय संस्थाहरुले ऋण प्रवाह लगायतका कार्य गर्दा सम्बन्धित पक्षको साविक तथा हालको

ठेगानालाई व्यवस्थित गरी न्यायाधिकरणलाई गर्ने सहयोगलाई निरन्तरता दिनुपर्ने देखिन्छ। मुद्दा व्यवस्थापन पद्दतिलाई अझ प्रभावकारी बनाउन, बैंक तथा वित्तीय संस्थाहरु, मुद्दाका अन्य सरोकारवाला पक्षहरु तथा कानुन व्यवसायीको भूमिका पनि बढी महत्वपूर्ण हुन्छ।

४.३ मुद्दा/निवेदनको कार्यबोझ व्यवस्थापनः

न्यायाधिकरणको स्थापना नै बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाहरु छिटो, छरितो ढङ्गबाट कारवाही र किनारा गरी ऋणीबाट लिनुपर्ने ऋणको साँवा तथा व्याज रकम असुल उपर गर्ने हो। न्यायाधिकरणमा भएका मुद्दाको वार्षिक लगत हेर्दा ऐनले लिएको लक्ष्य पूर्णरुपमा कार्यान्वयन हुन नसकेको अवस्था छ। केही मुद्दाहरु दश वर्षभन्दा पुराना पनि रहेका छन्। यसरी पुराना मुद्दा रहनुमा मुद्दाको विषयवस्तु, बैंक तथा वित्तीय संस्थाहरुबाट समयमा भएका आदेश अनुरुपका कागजात प्राप्त नहुनु, सोही विषयवस्तुलाई लिएर उच्च तथा सर्वोच्च अदालतमा मुद्दा परी निर्णयमा पुग्न कठिनाई हुनु लगायतका कारण छन्। न्यायाधिकरणमा मुद्दाको लगत हेर्दा स्थापनाकालका केही वर्ष बढी मुद्दा पर्नु त्यसपछि क्रमश कम हुँदै गई पछिल्लो समयमा केही बढोत्तरी भएको अवस्था छ। न्यायाधिकरणमा रहेका मुद्दाको फछ्यौंटलाई थप प्रभवाकारी बनाउन पेशी व्यवस्थापन, समय व्यवस्थापन, इजलास व्यवस्थापन तथा जनशक्ति व्यवस्थापनलाई थप व्यवस्थित बनाइएको छ। पुराना मुद्दाको पेशीलाई प्राथमिकता दिइएको छ। टिपोट कार्यलाई प्रयोगमा ल्याइएको छ। मिसिलको आन्तरिक निरिक्षणलाई थप प्रभावकारी बनाइएको छ। यस प्रकार न्यायाधिकरणको उल्लिखित कार्य प्रकृति र यथार्थपरक कामहरुका लागि अतिरिक्त समयमा काम गरे वापत कार्य सम्पादन प्रोत्साहन भत्तालाई निरन्तरता दिन सम्बन्धित निकायको समयमा ध्यान जाने अपेक्षा गरिएको छ।

४.४ निर्णय कार्यान्वयनको प्रभावकारिताः

न्यायाधिकरणबाट भएका निर्णय उपर चित्त नबुझाउने पक्षले पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गरेमा पुनरावेदन न्यायाधिकरणको फैसला प्राप्त भएपछि तथा पुनरावेदन नपरेको खण्डमा पुनरावेदन गर्ने म्याद गुज्रिएपछि फैसला कार्यान्वयनको लागि बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २१ बमोजिम इजलासबाट ऋण असुली अधिकृतलाई लिखित आदेश दिने व्यवस्था छ। ऋण असुली अधिकृतले न्यायाधिकरणबाट आदेश प्राप्त भएपछि ऋणी वा जमानीकर्ताले धितोमा राखेको वा नराखेको चल वा अचल सम्पत्ति कानून अनुसार लिलाम बिक्री गरेबाट प्राप्त हुने रकम सम्बन्धित बैंक तथा वित्तीय

संस्थालाई दिलाई दिनुपर्ने व्यवस्था गरेको छ। निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाउन ऋण असुली न्यायाधिकरणले निर्णय भएका मुद्दालाई प्राथमिकताकासाथ धितोको अवस्था बिश्लेषण गरी बैंकसंग समन्वय गरी असुली गर्ने गरेको छ। निर्णय कार्यान्वयनको क्रममा मुख्यतः बैंक तथा वित्तीय संस्थाहरुले ऋण प्रवाह गर्दा पर्याप्त धितो बिना कर्जा लगानी गर्नु, धितोमा रहेको सम्पत्ति कमसल हुनु, धितोमा रहेको चल अचल सम्पत्ति देखाउन नसक्नु, धितोमा रहेको सम्पत्तिमा समस्या हुनु (चार किल्ला, क्षेत्रफल, मोही, लालपूर्जा र फिल्डमा जग्गा परक पर्नु आदि) जायजेथा वा अन्य सम्पत्ति पत्ता नलाग्नु, ऋणी तथा जमानीकर्ताको अतिरिक्त सम्पत्ति देखाउन नसक्नु, बिना धितो कर्जा लगानी गर्नु, म्याद तामेलीमा कठिनाई हुनु जस्ता समस्याहरु देखिने गरेका छन्। उल्लिखित समस्या समाधानका लागि आगामी दिनमा बैंक तथा वित्तीय संस्थाहरुले ऋण प्रवाह गर्दा थप वस्तुनिष्ठता, प्रभावकारिता, चुस्तदुरुस्तता, यथार्थपरक ढंगबाट गर्नुपर्ने देखिन्छ। कार्यान्वयनमा रहेका निर्णयको हकमा थप सक्रियता, धितोको खोजी, भएका धितोको यथार्थता विवरण उपलब्ध गराउन सहयोग र समन्वयनको आवश्यकता देखिन्छ। त्यसैगरी धितोमा रहेको चल अचल सम्पत्तिको लिलाम बिक्री कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहने बैंक तथा वित्तीय संस्था, मालपोत कार्यालय, नापी कार्यालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय निकायको पदाधिकारी वा प्रतिनिधिहरुको थप समन्वय र सहकार्यको आवश्यकता महसुस गरिएको छ।

निर्णय कार्यान्वयनलाई प्रभावकारीता दिन बैंक तथा वित्तीय संस्थाको सहयोग एवं समन्वयमा योजनाबद्धरुपमा कार्यक्रम बनाई लागू गर्नुपर्ने देखिन्छ। यसैगरी धितोमा रहेको चल अचल सम्पत्तिको अभिलेख सूचना प्रविधि मैत्री बनाउने, स्थलगत निरिक्षण तथा अनुगमनलाई प्राथमिकता दिने कार्यमा बैंक तथा वित्तीय संस्था थप सक्रिय र सजग हुनुपर्ने देखिन्छ।

४.५ न्यायाधिकरणको काम कारवाहीमा सूचना प्रविधिको प्रयोग:

न्यायाधिकरणमा सूचना प्रविधिको प्रयोग गरी न्याय सम्पादन तथा निर्णय कार्यान्वयनको काम छिटो, छरितो प्रभावकारी र सहज पहुँचयुक्त बनाउन आवश्यक छ। हाल न्यायाधिकरणले पेशीको जानकारी, घर जग्गा तथा मेशिनरी लगायतको लिलामी सूचनाको काम वेभसाईडमा राख्ने गरेको छ तर त्यो त्यति प्रभावकारी छैन। तसर्थ, न्यायाधिकरणको सफ्टवेयर निर्माण, सर्वोच्च अदालतसंग समन्वय गरी Data Recovery Centre मा संलग्न हुने, मुद्दाको कारवाही प्रक्रिया भिडियो कन्फ्रेन्सको प्रयोग गरी गर्ने, अनलाइन मुद्दा दर्ता, मोवाइल एप्सलाई प्राथमिकता दिई कार्य प्रक्रिया अगाडि बढाउनु पर्ने देखिन्छ। न्यायाधिकरणको काम कारवाही पूर्णरुपमा स्वचालित बनाउन मुद्दाको दर्तादेखि निर्णय तथा निर्णय कार्यान्वयनसम्मका कामकारवाहीमा

सूचना प्रविधिको प्रयोग गर्नु र सरोकारवाला निकाय एवं मुद्दाका पक्षहरुको सूचना प्रविधिमा पहुँच सुनिश्चित हुन आवश्यक देखिएकोले यस कार्यलाई अगाडि बढाउने कार्य प्रक्रिया थालनी गरिएको छ।

४.६ मिलापत्रलाई प्राथमिकताः

समाजमा हुने मेलमिलाप पद्धतिलाई समेट्ने उद्देश्यका साथ छाता ऐनको रुपमा मेलमिलापसम्बन्धी ऐन, २०६८ र नियमावली, २०७० लागू भईसकेको अवस्था छ। बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २० मा मिलापत्रलाई प्राथमिकतामा राखिएको छ। न्यायाधिकरणमा रहेका मुद्दामा मिलापत्र गर्ने उद्देश्यले उजुरवाला र प्रतिवादी दुवैले आफूहरु मिल्ने व्यहोरा लेखी निवेदन दिनु पर्दछ। तत्पश्चात् आवश्यक प्रक्रिया पुरा गरी मिलापत्र गराई दिने व्यवस्था छ। यस कार्यलाई थप प्रभावकारी बनाउनु आवश्यक छ। जसका लागि विद्यमान ऐन तथा नियममा समसामयिक संशोधन गर्नु पर्दछ। मिलापत्रको प्रकृयाले समयको बचत भई बिना झंझट ऋण असुली कार्यमा प्रगति हुने देखिन्छ।

४.७ समन्वय र सहयोगः

न्यायाधिकरणबाट सम्पादन हुने काममा बैंक तथा वित्तीय संस्था, नेपाल सरकार लगायत सबै सरोकारवालाको समन्वय र सहयोग महत्वपूर्ण हुन्छ। मुख्य गरी बैंक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा धितोमा रहेको चल अचल सम्पत्तिको लिलाम बिक्री वा स्थलगत निरीक्षण वा मूल्याङ्कन गर्नुपर्ने सन्दर्भमा खटिने न्यायाधिकरणको अधिकृत तथा कर्मचारीहरुको टोलीलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, उजुरवाला बैंक तथा वित्तीय संस्था, ऋणी लगायत अन्य स्थानीय निकायबाट आवश्यक सहयोग गर्नुपर्ने हुन्छ। उल्लिखित निकायहरुबीच पनि आपसी सहयोग र समन्वयलाई थप प्रभावकारी बनाउनु पर्ने देखिएको छ साथै बैंक तथा वित्तीय संस्थाहरुले पनि आपसी सहयोग तथा समन्वयको लागि केन्द्रीय स्तरबाटै मातहतका कार्यालयहरुलाई प्रभावकारी निर्देशन दिनुपर्ने अवस्था हुनु जरुरी देखिएको छ।

४.८ ऐन, नियम तथा कार्यविधिमा सुधारः

बैंक तथा वित्तीय संस्थाहरुको ऋण असुली मुद्दामा बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा नियमावली, २०५९, प्रमुख कानून हुन। यी कानूनहरुको समसामयिक संशोधन आवश्यक देखिएको छ। उल्लिखित कानूनमा नभएका विषयमा मुलुकी देवानी संहिता,

२०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, सो अन्तर्गत बनेका नियमावली तथा अन्य अदालतमा प्रयोग हुने कानून आकर्षित हुन्छन्। त्यसैगरी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, सुरक्षित कारोवार ऐन, २०६३, बैंकिङ्ग कसुर तथा सजाँय ऐन, २०६४, दामासाहीसम्बन्धी ऐन, २०६३ पनि महत्वपूर्ण कानून हुन्छन्।

४.९ भौतिक पूर्वाधार सम्बन्धीः

संगठनको काम कारवाहीमा भौतिक स्थिति र कार्य वातावरण आदिले समेत प्रभाव पारेको हुन्छ। कार्यालय भवनलगायत उपयुक्त कार्य वातावरणको अभावमा संगठन सुधारका कार्यहरू गर्न सकिने अवस्था रहँदैन। यस न्यायाधिकरणको आफ्नै भवन छैन। कहिले बालुवाटार त कहिले बानेश्वर कहिले बबरमहलमा न्यायाधिकरणको कार्यालय राख्नु पर्दा सेवाग्राही एवं कर्मचारीलाई पनि सास्ती हुने गरेको स्पष्ट बुझ्न सकिन्छ। हाल सञ्चालनमा आएको भाडाको भवन कमलपोखरीमा रहेको छ। ऐनले सिर्जना गरेको निकायलाई आफ्नो कार्य सम्पादन गर्न आवश्यक न्यूनतम सुविधासहितको स्थायी प्रकृतिको घर जग्गा उपलब्ध नभएकाले कार्यालय सञ्चालनमा अत्यन्त असुविधा महसुस भइरहेको छ। अतः ऐनले तोकेको जिम्मेवारी प्रभावकारी ढंगले पूरा गर्नका लागि आवश्यक जनशक्ति अट्न सक्ने तथा आवश्यकताअनुसार सेवा प्रवाह गर्न सकिनेलगायतका न्यूनतम पूर्वाधारयुक्त भवन अविलम्ब व्यवस्था गर्ने गराउनेतर्फ सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ।

४.१० बजेट तथा जनशक्ति व्यवस्थापनः

न्यायाधिकरणबाट हुने मुद्दा फछ्यौंट तथा ऋण असुली कार्यको लागि जनशक्ति तथा बजेटको अन्तरसम्बन्ध रहेको हुन्छ। पर्याप्त जनशक्ति र बजेटको अभावमा न्यायाधिकरणको कार्य सम्पादनमा प्रत्यक्ष प्रभाव पर्दछ। न्यायाधिकरणको वर्तमान जनशक्ति संरचना अनुसार ऋण असुली कार्यको लागि खटिने अधिकृत तथा कर्मचारीहरुको संख्या ज्यादै थोरै भएको र नेपाल सरकारबाट विभिन्न शिर्षकमा निकासा हुने बजेट रकम पनि नपुग भएकोले ऋण असुली कार्य प्रभावकारी हुन सकिरहेको छैन। बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐनमा उल्लिखित काम तथा अपेक्षित भूमिका प्रभावकारी ढंगले निर्वाह हुनसक्ने गरी जनशक्तिको थप व्यवस्था र आवश्यक बजेटको उपलब्धताको सुनिश्चितता गर्न आवश्यक छ।

४.११ जनशक्तिको क्षमता अभिवृद्धिः

न्यायाधिकरणको प्रभावकारिता, गुणस्तर र दक्षता बढाउने कार्यमा यससँग संलग्न रहने पदाधिकारी तथा कर्मचारीहरुको भूमिका महत्वपूर्ण रहेको हुन्छ। बैंक तथा वित्तीय संस्थाहरुमा भैरहेका सुधारका व्यवस्था, कार्यविधि, समस्या लगायत सुधार र अन्य विविध विषयहरुका बारेमा

जानकारी हासिल गर्न सकिन्छ। यस वास्तविकतालाई मध्यनजर राख्दै न्यायाधिकरणका सदस्यहरु र अधिकृत कर्मचारीहरुलाई उपरोक्त बमोजिमका राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका कार्यक्रमहरुमा निरन्तर सरिक गराउने र अन्य कर्मचारीहरुको हकमा नियमितरुपमा ऋण असुली, सेवा सम्बन्धी वा सम्बन्धित विषयको पुनर्ताजगी तालिमको व्यवस्था हुनु जरुरी छ। यस्तो व्यबस्थाबाट न्यायाधिकरणको प्रभावकारिता र यसबाट सम्पादन हुने कार्यको गुणस्तरमा अभिवृद्धि हुने देखिन्छ।

४.१२ वार्षिक योजना तर्जुमा र कार्यान्वयनः

ऋण असुली न्यायाधिकरण ऋण असुली सम्बन्धी सुरु तहको न्यायिक निरोपण गर्ने निकायको रूपमा रहेको छ। प्रभावकारी न्याय सम्पादन कार्यमा न्यायाधिकरण व्यवस्थापन सम्बन्धी विषय महत्वपूर्ण हुन आउँछ। न्याय सम्पादन छिटो, छरितो, सहज पहुँचयुक्त र प्रभावकारी बनाउने उद्देश्यले यस अघि वार्षिक कार्य योजना नभए तापनि आगामी आर्थिक वर्षदेखि बार्षिक कार्य योजना बनाई न्यायाधिकरणलाई सुधारका प्रयास गरिनेछ। यसक्रममा यस न्यायाधिकरणले सुधारका कार्यहरुलाई व्यवस्थितरुपमा अगाडि बढाउनको लागि आगामी दिनहरुमा सरोकार पक्षहरुसंग छलफल गरी वार्षिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने पहल कदमी लिने छ। कुनै पनि कार्यलाई योजनाबद्धरुपमा अघि बढाउन चुस्तदुरस्त व्यवस्थापन पद्दति स्थापित गरिनु आजको आवश्यकता पनि हो। न्यायाधिकरण व्यवस्थापन अन्तर्गत भौतिक व्यवस्थापन, मुद्दा व्यवस्थापन, जनशक्ति व्यवस्थापन, बजेट व्यवस्थापन, सरोकारवालाहरुको सहयोग, समन्वय र सम्बन्ध व्यवस्थापन लगायतका प्रमुख कुराहरु कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ। अतः वार्षिक कार्ययोजनाको कार्यान्वयनबाट मात्र यसका काम कारवाहीको वस्तुपरक मूल्याङ्कन हुनसक्छ। यस सम्बन्धमा सम्बन्धित सबै पक्षको सहयोगको अपेक्षा गरिएको छ।

४.१३ न्यायाधिकरणप्रतिको जनआस्था र विश्वास अभिवृद्धि गर्नेः

न्यायाधिकरणप्रतिको जनआस्था अभिवृद्धिका सम्बन्धमा विगतमा योजना नभए तापनि आगामी आर्थिक वर्षबाट बार्षिक कार्ययोजना बनाई यस न्यायाधिकरणले प्रवाह गर्ने सेवा प्रवाहलाई छिटो छरितो र अनुमान योग्य बनाई जनआस्था र विश्वास अभिवृद्धि गर्न खाका कोरिनेछ। यस न्यायाधिकरणले गर्ने निर्णय एवम् काम कारवाहीबाट प्रभावित रहने बैंक तथा वित्तिय संस्थाहरु एंव समग्र आर्थिक क्षेत्र, सरोकारबालाहरुप्रतिको आस्था र विश्वास अभिवृद्धि

गर्नु वाञ्छनीय छ। विगतको अनुभवको पृष्ठभूमिमा रहेर राम्रो कामको जस लिने र नराम्रो कामका लागि जिम्मेवारी स्वीकार गरी सुधारको स्पष्ट खाकासहित अगाडि बढेमा यसका काम कारवाहीले जनविश्वास आर्जन गर्न सक्छ। यस सन्दर्भमा आमसञ्चारलगायत सम्बन्धित सबै पक्षहरूबाट रचनात्मक सहयोगको अपेक्षा गरिएको छ।

अन्त्यमा, न्यायाधिकरणले गरेका सुधारका प्रक्रिया र आम सरोकारवालाका अपेक्षाका सन्दर्भमा अनुभूत गरिएका उल्लिखित समस्याहरुको समाधान न्यायाधिकरणको एक्लो प्रयासबाट सम्भव हुँदैन। उल्लिखित विषयमा सम्बन्धित सबैको सहयोग, समन्वय र सकारात्मक सोचबाट सम्बोधन हुन सक्दछन भन्ने विश्वास न्यायाधिकरणले लिएको छ। न्यायाधिकरणलाई परिणामुखी तथा उद्देश्यमूलक बनाउन कार्यान्वयन तहमा सबैको प्रतिवद्धता आवश्यक छ। योजना निर्माण र कार्यान्वयन, सूचना प्रविधिको प्रयोग, न्यायाधिकरणको आफ्नै भवन, जनशक्तिको क्षमता अभिवृद्धि, न्यायमा पहुँच वृद्धि लगायतका विषयबाट न्यायाधिकरणबाट हुने निर्णय र निर्णय कार्यान्वयन प्रभावकारी हुन्छ। उल्लिखित विषयवस्तुलाई सम्बोधन गर्न नेपाल सरकार, सर्वोच्च अदालत लगायत सम्बन्धित सबै सरोकारवालाको सहयोग, सहकार्य र समन्वय आवश्यक हुन्छ भन्ने अपेक्षा गरिएको छ।

भाग-५

महत्वपूर्ण केही निर्णयहरु

यस भागमा न्यायाधिकरणबाट उल्लिखित आ.व. २०७५/७६ मा भएका केही महत्वपूर्ण निर्णयहरु देहाय बमोजिम रहेका छन्।

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री मानबहादुर अर्याल

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०७४ सालको उजुरी निवेदन द.नं. १०१-०७४/५८

निर्णय नं. ३७

मुद्दाः ऋण असुली

<u>निवेदक/वादीको नाम, थर र वतनः</u>

का.जि.का.म.न.पा. वडा नं. ५ भाटभटेनीस्थित आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रामबाबु पन्त.....१

<u>प्रतिवादीको नाम, थर र वतनः</u>

बल बहादुर श्रेष्ठको नाति, बाबुलाल श्रेष्ठको छोरा, सर्लाही जिल्ला, साविक पत्थरकोट गा.वि.स. वडा नं. ३ को हाल लालबन्दी नगरपालिका वडा नं. १३ बस्ने दिपक कुमार श्रेष्ठ.....१

सरुप नारायण श्रेष्ठको नाति, बल बहादुर श्रेष्ठको छोरा, ऐ.ऐ.को हाल ऐ.ऐ. बस्ने बाबुलाल श्रेष्ठ.....१

बल बहादुर श्रेष्ठको बुहारी, बाबुलाल श्रेष्ठको श्रीमती ऐ.ऐ. को हाल ऐ.ऐ बस्ने हिरादेवी श्रेष्ठ.....१

<u>निवेदक/वादीको साक्षीः</u> ×

निवेदक/वादीको कागजः

(क) कर्जा आवेदन फाराम।

(ख) कर्जा तमसुक।

(ग) प्रोमिसरी नोट।

(घ) व्यक्तिगत जमानीको लिखत।

<u>प्रतिवादीको साक्षीः</u> ×

प्रतिवादीको कागजः

१. प्रतिवादीहरुको संयुक्त प्रतिउत्तर पत्र।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षी :×

(ङ) कर्जा चुक्ता गर्न आउने बारेको ताकेता पत्रहरु।

(च) कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना।

कागजः

१. ऋणको हिसाबसम्बन्धी देहायको विवरणः

(क) कर्जा दिएको रकम सम्बन्धी विवरण।

(ख) कर्जाको साँवा, व्याज, हर्जाना असुली भएको भए सो देखिने देहाय बमोजिमको (सन्दर्भ अनुसार) छुट्टा-छुट्टै विवरणः

(१) ऋणीले तिरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(२) धितो लिलाम बिक्रीबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(३) धितो सकारबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(ग) प्रकरण (ख) बमोजिम कर्जा असुली भई ऋणीबाट लिनुपर्ने बाँकी रहेको साँवा, व्याज, हर्जाना तथा अन्य रकमसम्बन्धी छुट्टा-छुट्टै देखिने विवरण।

<u>प्रस्तुत मुद्दाको तथ्य र ठहर देहाय बमोजिम रहेको छ :</u>

<u>मुद्दाको संक्षिप्त तथ्यः</u>

१. प्रतिवादी ऋणी दिपक कुमार श्रेष्ठलाई यस फाइनान्सबाट मिति २०७०।३।३० मा व्यक्तिगत कर्जा शीर्षक अन्तर्गत वार्षिक १५% व्याजदरमा १ वर्षभित्र चुक्ता भुक्तान गर्ने गरी रु.४८,५०,०००।- कर्जा स्वीकृत भई कर्जा प्रवाह भएको। कर्जा लिंदा निजकै नाममा दर्ता रहेको सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ६/क स्थित कि.नं. ३५९ को क्षे.फ. १-१२-० (कट्ठा) तथा ऐ.ऐ. वडा नं. १घ को कि.नं. ४७७ को क्षे.फ. ०-८-७.५ (कट्ठा) जग्गा दृष्टिबन्धक पारित गरी दिनुका साथै प्रतिवादीहरु बाबुलाल श्रेष्ठ तथा हिरादेवी श्रेष्ठको व्यक्तिगत जमानीको लिखत रहेको। ऋणीले शर्त सम्झौता बमोजिम साँवा व्याज नबुझाएकोले बैंकले कर्जा तिर्न विभिन्न मितिमा पटक-पटक पत्राचार गरेको, कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै पहल नगरेको, नियमानुसार लिलाम बिक्री गर्न सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले बैंक आफैंले गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्न पुर्नमूल्याङ्कन गराउँदा कित्ता नं. ३५९ को जग्गा खोला पसी बगरमा परिणत भएकोले मूल्य शुन्य रहेको, कि.नं. ४७७ को जग्गा रु.२५,१२,५००।- मूल्याङ्कन भई गैर बैंकिङ्ग सम्पत्तिको

रुपमा सकार गरी बिक्री गर्दा प्राप्त रु.२९,३९,२५०।- कर्जा रकममा समायोजन गर्दा पनि मिति २०७४।८।१४ सम्मको वक्यौता रहन गएको साँवा रु.१९,१०,७५०।-, व्याज रु.१६,५१,४०६।७३ गरी जम्मा रु.३५,६२,१५६।७३ र मिति २०७४।८।१५ देखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन हुने दिनसम्मको व्याजदर वार्षिक १५% ले हुन आउने व्याज, हर्जाना व्याज र कानूनी खर्च समेत हिसाब गरी विपक्षी ऋणी तथा जमानीकर्ताको घर घराना चल अचल सम्पत्ति समेतबाट दिलाई भराई पाउँ भन्ने वादी आइ.सि.एफ.सि. लिमिटेडको मिति २०७४।९।१८ को उजुरी निवेदन।

२. ऋण प्रवाह गर्दा बजार मूल्य रु.८१,००,०००।- मूल्याङ्कन भएको जग्गा बैंक आफैंले मलाई जानकारी समेत नदिई कम मूल्य कायम गरी गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्नु उचित र न्यायपूर्ण मान्न सकिन्न। धितोमा रहेको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्ति जनाई सकेपछि पुनः मसंग व्याज चाहिन्छ भन्नु गैर कानूनी छ, धितोमा रहेको सम्पत्ति बैंक आफैंले सकार गर्दा ऋणीले तिर्न बुझाउनु पर्ने रकमभन्दा बढी रकममा सकार गरेको हुँदा हामी व्यक्तिगत जमानीकर्ता स्वतः उक्त दायित्वबाट मुक्त भैसकेको हुँदा गलत मनसायबाट प्रेरित उजुरी निवेदन खारेज गरी न्याय इन्साफ पाउँ भन्ने प्रतिवादी ऋणी दिपक कुमार श्रेष्ठ तथा व्यक्तिगत जमानीकर्ताहरु बाबुलाल श्रेष्ठ र हिरादेवी श्रेष्ठको मिति २०७४।१२।१३ को संयुक्त प्रतिउत्तर पत्र।

३. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी फाइनान्सबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

<u>न्यायाधिकरणको निर्णयः</u>

४. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री खेम प्रसाद खतिवडाले कर्जा सम्झौता बमोजिम ऋणीले साँवा व्याज नबुझाएको, वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा पटक-पटक लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत साँवा व्याज नबुझाएको हुँदा नियमानुसार धितोमा रहेको सम्पत्ति मध्ये एक खोला पसी बगरमा परिणत भै शून्य मूल्य भएको र अर्को जग्गा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरी लिलाम गर्दा प्राप्त रकम लेना बाँकीमा कट्टी गर्दा समेत लेना बाँकी रहेकोले कानूनको हदम्यादभित्र न्यायाधिकरण

समक्ष उजुरी निवेदन दिएको हो, मागदावी बमोजिम साँवा व्याज असुल उपर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

५. वादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ताको बहस जिकीर तथा प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गर्दा निर्णयमा पुग्नु अघि देहायका प्रश्नहरुको निरुपण गर्नुपर्ने देखियोः-

(क) वादी दावी बमोजिम प्रतिवादीहरुबाट ऋण रकम असुल उपर गरिदिनु पर्ने हो वा होईन?

(ख) ऋणको सुरक्षण वापत प्रदान गरेको सर्लाही जिल्ला पत्थरकोट गा.वि.स. वडा नं. ६/क स्थित कि.नं. ३५९ को क्षे.फ. १-१२-०-० जग्गा शून्य मूल्यमा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा बैंकले सकार गर्न सक्ने हो वा होईन?

पहिलो प्रश्नतर्फ विचार गर्दा प्रतिवादी दिपक श्रेष्ठले वादी फाइनान्सबाट ऋण लिंदा सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ६/क स्थित कि.नं. ३५९ को क्षे.फ. १-१२-०-० जग्गा तथा ऐ.ऐ. वडा नं. १घ को कि.नं. ४७७ को क्षे.फ. ०-८-७.५-० जग्गा धितो सुरक्षण दिनुका साथै बाबुलाल श्रेष्ठ तथा हिरा देवी श्रेष्ठको व्यक्तिगत जमानीको आधारमा ऋण प्रवाह गरेको र ऋणीले कर्जा लिखतमा उल्लिखित शर्त बमोजिम कर्जाको भुक्तानी नगरेको कारण माथि उल्लिखित कि.नं. ४७७ को जग्गाको रु.२५,१२,५००।- मा र कि.नं. ३५९ को जग्गाको मूल्य शुन्य नै रहेकोले दुवै कित्ता गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरेको र गैर बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको ऐ. कि.नं. ४७७ को जग्गा पुन लिलाम बिक्री गर्दा रु.२९,३९,२५०।- मा बिक्री भएकोले सो बढी रकम कटाई बाँकी साँवा व्याज रकम रु.३५,६२,१५६।७३ र प्रस्तुत मुद्दा फैसला भई भरि भराउ हुँदासम्मको १५% का दरले हुने व्याज, व्याजको व्याज, हर्जाना व्याज, उजुरी दर्ता शुल्क र कानूनी खर्च लगायत ऋणी तथा जमानतकर्ताको जायजेथा लगायत घर घराना चल अचल सम्पत्ति समेतबाट असुल उपर गरि दिलाई भराई पाउँ भन्ने वादी दावी रहेको र ऋण प्रवाह गर्दा अचल सम्पत्ति धितोबन्धक राख्दा प्रचलित बजार मुल्य अनुसार कि.नं. ३५९ र ४७७ को रु.८१,००,०००।- कायम गरिएको तर वादी फाइनान्सले गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्दा के कति रकममा सकार गरेको उल्लेख नगरेको, प्रचलित बजार मूल्यमा धितो सकार गरेको भए ऋण भुक्तान हुने हुँदा विपक्षीको दावी पुग्न सक्ने होईन भन्ने जिकीरतर्फ समेत विचार गर्दा धितो सकार सम्बन्धी विषयमा विपक्षीहरुले प्रचलित कानून बमोजिम उपचार खोजेको नदेखिएको सन्दर्भमा वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीसंग पटक-पटक लिखित पत्राचार र

पत्रिकामा सूचना प्रकाशन लगायतका क्रियाकलाप गर्दा समेत शर्त एवं सम्झौता बमोजिम तिर्नु पर्ने साँवा, व्याज चुक्ता नगरेको देखिंदा प्रतिवादीहरुबाट बाँकी कर्जाको साँवा, व्याज र अन्य खर्च भराई पाउने नै देखिन आयो।

दोश्रो प्रश्नतर्फ बिचार गर्दा प्रतिवादी दिपक श्रेष्ठले वादी फाइनान्सबाट ऋण लिंदा सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ६/क स्थित कि.नं. ३५९ को क्षे.फ. १-१२-०-० जग्गा तथा ऐ.ऐ. वडा नं. १घ को कि.नं. ४७७ को क्षे.फ. ०-८-७.५-० जग्गा धितो पारित गरी कर्जा सुरक्षण दिनुका साथै बाबु लाल श्रेष्ठ र हिरा देवी श्रेष्ठको व्यक्तिगत जमानी समेत रहेकोमा धितो सुरक्षण वापत दिएको जग्गाहरु मध्ये कि.नं. ४७७ को जग्गा लिलाम बिक्री भएको र कि.नं. ३५९ को जग्गा खोला पसी बगर भई लिलाम बिक्री हुन नसकेकोले शुन्य मूल्यमा गैरबैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरी फाइनान्सका नाममा दा.खा. नामसारी भई जग्गा धनी प्रमाण पूर्जा प्राप्त गरि सकेको भन्ने उल्लेख भएको सन्दर्भमा विचार गर्दा धितोमा लेखि दिएको जग्गा लिलाम बिक्री नभएको वा हुन नसकेको कारण शुन्य मूल्यमा नै वादीले गैरबैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरी आफ्नो नाममा दा.खा. नामसारी गर्न पाउने अधिकार प्रचलित कानूनले वादीलाई प्रदान गरेको देखिंदैन। कसैको सम्पत्ति कुनै मूल्य नतिरी आफू खुशी आफ्नो नाममा नामसारी दाखिल खारेज गर्नु धितो सुरक्षण सम्बन्धी प्रचलित कानून विपरीत समेत हुन जान्छ। वादी फाइनान्सले पनि त्यस्तो कानून विपरितको कार्य गर्न सक्दैन। तसर्थ, वादी फाइनान्सले आफ्नो ऋणको सुरक्षण वापत धितोमा राखेको सम्पत्तिबाट असुल हुन नसकेमा अन्य सम्पत्तिबाट असुल उपर गर्न सक्ने नै हुँदा त्यसरी सुरक्षण वापत धितोमा लिएको गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरेको माथि उल्लिखित कि.नं. ३५९ को जग्गा प्रचलित कानून बमोजिम पुनः लिलाम बिक्री गरी प्राप्त रकम लेना रकममा हिसाब मिलान गर्ने र लिलाम बिक्री हुन नसकेमा ऋणीकै नाममा दा.खा. नामसारी गराई वादी फाइनान्सले दा.खा. गर्नु पूर्वको अवस्थामा यथास्थितिमा राखी ऋणीको अन्य चल अचल सम्पत्तिबाट वादीको लेना रकम भराई दिनु पर्ने ठहर्छ।

सामान्यतयाः ऋण लिएपछि तोकिएको शर्त तथा सम्झौता बमोजिम ऋण चुक्ता गर्नु पर्ने ऋणीको तथा ऋणीले ऋण चुक्ता नगरेको अवस्थामा आफूले दिएको जमानीको हदसम्मको दायित्व व्यहोर्नु पर्ने जमानीकर्ताको कर्तव्य रहेको हुन्छ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ मा उल्लिखित कानूनी व्यवस्था बमोजिम इजाजत प्राप्त संस्थाले कर्जाको सम्झौता बमोजिम ऋणीसंग आफ्नो साँवा,

व्याज असुल उपर गर्न सक्ने भएको र सो अनुरुप असुल नभएमा असुलीको लागि न्यायाधिकरण समक्ष उजुरी निवेदन दायर गर्नु कानूनसम्मत् नै देखिन्छ।

प्रस्तुत उजुरी निवेदन बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको म्यादभित्रै रहेको देखियो।

६. तसर्थ, वादी आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडले प्रतिवादीहरु ऋणी दिपक कुमार श्रेष्ठबाट असुल गर्नु पर्ने भनी दावी लिएको एकमुष्ठ साँवा व्याज रु.३५,६२,१५६।७३ (अक्षरेपी पैंतीस लाख बैसठ्ठी हजार एक सय छपन्न र पैसा त्रिहत्तर मात्र) र २०७४।०८।१५ देखि निर्णय मिति २०७५।९।२४ सम्म ४०४ दिनको दावी साँवा रकम रु.१९,१०,७५०।- (अक्षरेपी उन्नाईस लाख दश हजार सात सय पचास मात्र) को वार्षिक व्याजदर १५% ले कायम हुने व्याज रु.३,१७,२३६।८४ (अक्षरेपी तीन लाख सत्र हजार दुई सय छत्तीस र पैसा चौरासी मात्र) समेत गरी जम्मा **रु.३८,७९,३९३।५७ (अक्षरेपी अठतीस लाख उनासी हजार तीन सय त्रियानब्बे र पैसा सन्ताउन्न मात्र)** र दावी साँवा रकम रु.१९,१०,७५०।- (अक्षरेपी उन्नाईस लाख दश हजार सात सय पचास मात्र) को मिति २०७५।९।२५ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १५% ले कायम हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा अन्य प्रचलित कानून बमोजिम वादी आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडलाई प्रथमतः गैर बैंकिङ्ग सम्पत्तिको रुपमा बैंकले सकार गरेको सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ६/क स्थित कि.नं. ३५९ को जग्गा लिलाम बिक्री हुन सक्ने भएमा लिलाम बिक्री गरी भराई दिनुपर्ने, लिलाम बिक्री हुन नसकेमा ऋणीकै नाममा दा.खा. नामसारी गराई दा.खा. गर्नु पूर्वको अवस्थामा यथास्थितिमा राख्नु, सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी ऋणी दिपक कुमार श्रेष्ठको अन्य चल अचल सम्पत्तिबाट भराई दिनुपर्ने र सोबाट समेत वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम व्यक्तिगत जमानीकर्ताहरु बाबुलाल श्रेष्ठ र हिरादेवी श्रेष्ठको चल अचल सम्पत्तिबाट निजहरुले गरि दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही असुल उपर गरी भराई दिनु पर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

<u>तपसिल</u>

निर्णय खण्डमा लेखिए बमोजिम वादी आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडले भराई पाउने ठहरेको जम्मा **रु.३८,७९,३९३।५७ (अक्षरेपी अठतीस लाख उनासी हजार तीन सय त्रियानब्बे र पैसा**

सन्ताउन्न मात्र) र दावी साँवा रकम रु.१९,१०,७५०।- (अक्षरेपी उन्नाईस लाख दश हजार सात सय पचास मात्र) को मिति २०७५।९।२५ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १५% ले कायम हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडलाई प्रथमतः गैर बैंकिङ्ग सम्पत्तिको रुपमा बैंकले सकार गरेको सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ६/क स्थित कि.नं. ३५९ को जग्गा लिलाम बिक्री हुन सक्ने भएमा लिलाम बिक्री गरी भराई दिनु, लिलाम बिक्री हुन नसकेमा ऋणीकै नाममा दा.खा. नामसारी गराई दा.खा. गर्नु पूर्वको अवस्थामा यथास्थितिमा राख्नु, सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी ऋणी दिपक कुमार श्रेष्ठको अन्य चल अचल सम्पत्तिबाट भराई दिनु र सोबाट समेत वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम व्यक्तिगत जमानीकर्ताहरु बाबुलाल श्रेष्ठ र हिरादेवी श्रेष्ठको चल अचल सम्पत्तिबाट निजहरुले गरि दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही असुल उपर गरी भराई दिनु १

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु २

यो निर्णयमा चित्त नबुझे प्रतिवादी ऋणी दिपक कुमार श्रेष्ठ र व्यक्तिगत जमानीकर्ताहरु बाबुलाल श्रेष्ठ र हिरादेवी श्रेष्ठलाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनु ३

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु.....४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु.....५

लेखा सदस्य **अध्यक्ष**

यो पाना ६ को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः मोतीलाल तामाङ्ग।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७५ साल पुस २४ गते रोज ३ शुभम्.....

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री गोविन्द खनाल

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०७४ सालको उजुरी निवेदन द.नं. १०१-०७४/११२

निर्णय नं. ४३

मुद्दाः ऋण असुली

<u>निवेदक/वादीको नाम, थर र वतनः</u>

का.जि.का.म.न.पा. वडा नं. ११ बबरमहल स्थित प्रभु बैंक लिमिटेड (साविक प्रभु फाइनान्स कम्पनी लिमिटेड)का तर्फबाट प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन..... १

<u>प्रतिवादीको नाम, थर र वतनः</u>

राम बहादुर घर्ती क्षेत्रीको बुहारी, नगेन्द्र बहादुर घर्ती क्षेत्रीको पत्नी, पदम बहादुर भण्डारीको छोरी, पर्वत जिल्ला, जलजला गाउँपालिका वडा नं. ४ (साविक माझफाँट गा.वि.स. वडा नं. १) बस्ने ऋणी विश्व घर्ती क्षेत्री..... १

गुप्त बहादुर घर्ती क्षेत्रीको नाति, राम बहादुर घर्ती क्षेत्रीको छोरा, पर्वत जिल्ला, जलजला गाउँपालिका वडा नं. ४ (साविक माझफाँट गा.वि.स. वडा नं. १) बस्ने जमानतकर्ता नगेन्द्र बहादुर घर्ती क्षेत्री..... १

<u>निवेदक/वादीको साक्षीः</u> ×

निवेदक/वादीको कागजः

(क) कर्जा तमसुक।

(ख) कर्जा स्वीकृत पत्र।

(ग) व्यक्तिगत धनजमानीको लिखत।

(घ) कर्जा चुक्ता गर्न आउने बारेको ताकेता पत्रहरु।

(ङ) कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना।

<u>प्रतिवादीको साक्षीः</u> ×

प्रतिवादीको कागजः

१. प्रतिवादीहरु विश्व घर्ती क्षेत्री र नगेन्द्र बहादुर घर्ती क्षेत्रीको मिति २०७५।३।१९ को संयुक्त प्रतिउत्तर पत्र।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षी :×

कागजः

१. ऋणको हिसाबसम्बन्धी देहायको विवरणः

(क) कर्जा दिएको रकम सम्बन्धी विवरण।

(ख) कर्जाको साँवा, व्याज, हर्जाना असुली भएको भए सो देखिने देहाय बमोजिमको (सन्दर्भ अनुसार) छुट्टा-छुट्टै विवरणः

(१) ऋणीले तिरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(२) धितो लिलाम बिक्रीबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(३) धितो सकारबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(ग) प्रकरण (ख) बमोजिम कर्जा असुली भई ऋणीबाट लिनुपर्ने साँवा, व्याज, हर्जाना तथा अन्य रकम सम्बन्धी छुट्टा-छुट्टै देखिने विवरण।

<u>बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम यस न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>संक्षिप्त तथ्य खण्डः</u>

१. प्रतिवादी ऋणी विश्व घर्ती क्षेत्रीलाई यस बैंकबाट मिति २०६७।४।२१ मा हायरपर्चेज कर्जा शीर्षक अन्तर्गत वार्षिक १७% व्याजदरमा ५ वर्ष भित्र चुक्ता भुक्तान गर्ने गरी रु.१५,००,०००।- कर्जा स्वीकृत भई कर्जा प्रवाह भएको देखिन्छ। कर्जा दिंदा बा.३च ८०७१ नम्बरको प्रा.जिप धितो सुरक्षणको रुपमा रहेको साथै नगेन्द्र बहादुर घर्ती क्षेत्रीको व्यक्तिगत जमानी रहेको देखिन्छ। ऋणीले शर्त सम्झौता बमोजिम साँवा रु.१५,००,०००।- मध्ये रु.४,३४,३५६।८० साँवा र रु.६,१७,३५९।८० व्याज बुझाई बाँकी साँवा व्याज नबुझाएकोले बैंकले कर्जा तिर्न विभिन्न मितिमा पटक-पटक पत्राचार गरेको, कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना प्रकाशित गरेको, धितो सुरक्षणमा रहेको सवारी साधन खोजतलास गर्दा हालसम्म पनि फेला पार्न नसकेकोले मिति

२०७४।१२।१८ सम्मको वक्यौता साँवा रु.१०,६५,६४३।२०, व्याज रु.८,९१,७४५।८४ गरी जम्मा रु.१९,५७,३८९।०४ र मिति २०७४।१२।१९ देखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन हुने दिनसम्मको वार्षिक १५ प्रतिशतका दरले व्याज तथा २ प्रतिशतका दरले हुन आउने हर्जाना रकम समेत थप हुने गरी विपक्षीहरुको चल अचल सम्पत्तिबाट असुल उपर गरी दिलाई भराई पाउँ भन्ने वादी प्रभु बैंक लिमिटेडको मिति २०७४।१२।२० को उजुरी निवेदन।

२. हामी ऋणीले तदारुकताका साथ किस्ता रकम बुझाउँदै आएकोमा आर्थिक मन्दी समेतको कारणले किस्ता रोकिन गएको र अन्य ऋणीलाई व्याज र हर्जाना छुट दिए सरह छुट पाएमा बैंकको रकम चुक्ता गर्छौं भनी अनुरोध गरिएकोमा बैंक सकारात्मक नभएकोले हामीलाई चर्को ऋण दायित्वबाट उदारतापूर्वक उन्मुक्ति दिलाई बैंकको ऋण असुल गरी गराई न्याय पाउँ भनी प्रतिवादी विश्व घर्ती क्षेत्री र जमानतकर्ता नगेन्द्र बहादुर घर्ती क्षेत्रीको मिति २०७५।३।१९ को संयुक्त प्रतिउत्तर पत्र।

३. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

न्यायाधिकरणको निर्णय खण्डः

४. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गर्दा प्रतिवादी ऋणी विश्व घर्ती क्षेत्री र जमानतकर्ता नगेन्द्र बहादुर घर्ती क्षेत्रीले आर्थिक मन्दी समेतको कारणले किस्ता रोकिन गएको र अन्य ऋणीलाई व्याज र हर्जाना छुट दिए सरह छुट पाएमा बैंकको रकम चुक्ता गर्छौं भनी अनुरोध गरिएकोमा बैंक सकारात्मक नभएकोले हामीलाई चर्को ऋण दायित्वबाट उदारतापूर्वक उन्मुक्ति दिलाई बैंकको ऋण असुल गरी गराई न्याय पाउँ भन्ने जिकीर तर्फ बिचार गर्दा व्याज मिनाहा सम्बन्धी विषय वादी बैंक र ऋणीका बीच तय हुने र बैंकले निर्धारित नीतिको अधीनमा रही आफ्ना ऋणीलाई त्यस्तो छुट सुविधा दिनसक्ने बिषय भएकोले वादीले व्याज मिनाहा नदिएकोले उजुरी निवेदन खारेज गरी पाउँ भन्ने प्रतिवादीहरुको जिकीरसंग सहमत हुन सकिएन।

सामान्यतयाः ऋण लिएपछि तोकिएको शर्त तथा सम्झौता बमोजिम ऋण चुक्ता गर्नु ऋणीको तथा ऋणीले ऋण चुक्ता नगरेको अवस्थामा आफूले दिएको जमानीको हदसम्मको दायित्व व्यहोर्नु पर्ने जमानीकर्ताको कर्तव्य रहेको हुन्छ।

५. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ मा उल्लिखित कानूनी व्यवस्था बमोजिम इजाजत प्राप्त संस्थाले कर्जाको सम्झौता बमोजिम ऋणीसंग आफ्नो साँवा, व्याज असुल उपर गर्न सक्ने भएको र सो अनुरुप असुल नभएमा असुलीको लागि न्यायाधिकरण समक्ष उजुरी निवेदन दायर गर्नु कानूनसम्मत् नै देखिन्छ।

६. प्रस्तुत उजुरी निवेदन बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको म्यादभित्र रहेको देखिएको र वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीसंग पटक-पटक लिखित पत्राचार र पत्रिकामा सूचना प्रकाशन लगायतका क्रियाकलाप गर्दा समेत शर्त एवं सम्झौता बमोजिम तिर्नु पर्ने साँवा, व्याज चुक्ता नगरेको र ऋण लिएको स्वीकार गरेको देखिंदा प्रतिवादीहरुबाट बाँकी कर्जाको साँवा, व्याज र अन्य खर्च भराई पाउने नै देखिन आयो।

७. तसर्थ, वादी प्रभु बैंक लिमिटेडले प्रतिवादी विश्व घर्ती क्षेत्रीबाट असुल गर्नु पर्ने भनी दावी लिएको एकमुष्ठ साँवा व्याज रु.१९,५७,३८९।०४ (अक्षरेपी उन्नाईस लाख सन्ताउन्न हजार तीन सय उनानब्बे र पैसा चार मात्र) र मिति २०७४।१२।१९ देखि निर्णय मिति २०७५।१२।१३ सम्म ३६० दिनको दावी साँवा रकम रु.१०,६५,६४३।२० (अक्षरेपी दश लाख पैंसठ्ठी हजार छ सय त्रिचालीस र पैसा बीस मात्र) को वार्षिक व्याजदर १५% तथा हर्जाना २% समेतले हुने व्याज रु.१,७८,६७७।७० (अक्षरेपी एक लाख अठहत्तर हजार छ सय सतहत्तर र पैसा सत्तरी मात्र) समेत गरी जम्मा **रु.२१,३६,०६६।७४ (अक्षरेपी एक्काईस लाख छत्तीस हजार छैसठ्ठी र पैसा चौहत्तर मात्र)** र दावी साँवा रकम रु.१०,६५,६४३।२० (अक्षरेपी दश लाख पैंसठ्ठी हजार छ सय त्रिचालीस र पैसा बीस मात्र) को मिति २०७५।१२।१४ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १५% तथा हर्जाना २% ले हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा अन्य प्रचलित कानून बमोजिम वादी प्रभु बैंक लिमिटेडलाई प्रथमतः धितोमा रहेको बा.३च ८०७१ नम्बरको प्रा.जिप लिलाम बिक्री गरी भराई दिनुपर्ने, सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी ऋणी विश्व घर्ती क्षेत्रीको चल अचल सम्पत्तिबाट भराई दिनुपर्ने र सोबाट समेत वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम जमानतकर्ता नगेन्द्र बहादुर घर्ती क्षेत्रीको चल अचल सम्पत्तिबाट निजले गरि दिएको व्यक्तिगत धनजमानीको लिखतको अधीनमा रही असुल उपर गरी भराई दिनुपर्ने ठहर्छ। सो ठहर्नेले अरु तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

माथि निर्णय खण्डमा लेखिए बमोजिम वादी प्रभु बैंक लिमिटेडले भराई पाउने ठहरेको जम्मा **रु.२१,३६,०६६।७४ (अक्षरेपी एक्काईस लाख छत्तीस हजार छैसठ्ठी र पैसा चौहत्तर मात्र)** र दावी साँवा रकम रु.१०,६५,६४३।२० (अक्षरेपी दश लाख पैंसठ्ठी हजार छ सय त्रिचालीस र पैसा बीस मात्र) को मिति २०७५।१२।१४ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १५% तथा हर्जाना २% ले हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी प्रभु बैंक लिमिटेडलाई प्रथमतः धितोमा रहेको बा.३च ८०७१ नम्बरको प्रा.जिप लिलाम बिक्री गरी भराई दिनु, सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी ऋणी विश्व घर्ती क्षेत्रीको चल अचल सम्पत्तिबाट भराई दिनु र सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम जमानतकर्ता नगेन्द्र बहादुर घर्ती क्षेत्रीको चल अचल सम्पत्तिबाट निजले गरि दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही असुल उपर गरी भराई दिनु १

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु २

यो निर्णयमा चित्त नबुझे प्रतिवादी ऋणी विश्व घर्ती क्षेत्री र जमानतकर्ता नगेन्द्र बहादुर घर्ती क्षेत्रीलाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनु ३

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु..... ४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु..... ५

लेखा सदस्य **अध्यक्ष**

यो पाना ५ को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः सुरज कुमार दहाल।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७५ साल चैत्र १३ गते रोज ४ शुभम्.....

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री गोविन्द खनाल

बैंकिङ्ग सदस्य : श्री नरेशराज अर्याल

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०७३ सालको उजुरी निवेदन द.नं. १०१-०७३/५६

निर्णय नं. ६०

मुद्दाः ऋण असुली

<u>निवेदक/वादीको नाम, थर र वतनः</u>

का.जि.का.म.न.पा. वडा नं. ११ बबरमहल स्थित प्रभु बैंक लिमिटेड (साविक किष्ट बैंक लिमिटेड)का तर्फबाट कार्यकारी अधिकृत अशोक शेरचन.....१

<u>प्रतिवादीको नाम, थर र वतनः</u>

काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित ऋणी जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि. १

रणमान सिं सिलवालको नाति, जगत मान सिं सिलवालको छोरा, भक्तपुर जिल्ला, बालकोट गा.वि.स. वडा नं. १ बस्ने व्यक्तिगत जमानतकर्ता मधुसुदन सिलवाल १

जगत मान सिं सिलवालको बुहारी, मधुसुदन सिलवालको पत्नी झुमनाथ पुरीको छोरी, ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा. वडा नं. १७ बस्ने व्यक्तिगत जमानतकर्ता गिता पुरी.....१

सुन्दर बहादुरको नाति, हरिश्चन्द्र के.सी.को छोरा, का.जि.का.म.न.पा. वडा नं. १४ बस्ने व्यक्तिगत जमानतकर्ता शम्भु के.सी. १

<u>निवेदक/वादीको साक्षीः</u> ×

निवेदक/वादीको कागजः

(क) कर्जा तमसुक।

(ख) कर्जा स्वीकृत पत्र।

(ग) व्यक्तिगत धनजमानीको लिखत।

<u>प्रतिवादीको साक्षीः</u> ×

प्रतिवादीको कागजः

१. प्रतिवादी शम्भु के.सी.को मिति २०७४।४।२५ को प्रतिउत्तर पत्र।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

(घ) कर्जा चुक्ता गर्न आउने बारेको ताकेता पत्रहरु।

(ङ) कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना।

साक्षी :×

कागजः

१. ऋणको हिसाबसम्बन्धी देहायको विवरणः

(क) कर्जा दिएको रकम सम्बन्धी विवरण।

(ख) कर्जाको साँवा, व्याज, हर्जाना असुली भएको भए सो देखिने देहाय बमोजिमको (सन्दर्भ अनुसार) छुट्टा-छुट्टै विवरणः

(१) ऋणीले तिरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(२) धितो लिलाम बिक्रीबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(३) धितो सकारबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(ग) प्रकरण (ख) बमोजिम कर्जा असुली भई ऋणीबाट लिनुपर्ने साँवा, व्याज, हर्जाना तथा अन्य रकम सम्बन्धी छुट्टा-छुट्टै देखिने विवरण।

<u>बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम यस न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>संक्षिप्त तथ्य खण्डः</u>

१. प्रतिवादी ऋणी जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि.लाई मिति २०६२।१२।२० मा व्यापारिक कर्जा शीर्षक अन्तर्गत रु.१,६०,००,०००।- कर्जा स्वीकृत भई १ वर्ष भित्र चुक्ता भुक्तान गर्ने गरी १४% व्याजदरमा कर्जाको सीमाभित्र रही (मिति २०६२।१२।२० मा रु.१,१०,००,०००।-, मिति २०६२।१२।३१ मा रु.२५,००,०००।- र मिति २०६२।१।३१ मा रु.२५,००,०००।- गरी जम्मा रु.१,६०,००,०००।-) कर्जा प्रवाह भएको थियो। कर्जा दिंदा ऋणी कम्पनीको नाममा दर्ता रहेको का.जि.का.म.न.पा. वडा नं. १० कि.नं. २९२ को क्षे.फ. ०-११-३-२ घर जग्गा धितो रहेको। (सो धितो मिति २०६३।२।३१ मा फुकुवा भैसकेको) व्यक्तिगत जमानतकर्ता शम्भु के.सी.को नाममा दर्ता रहेको का.जि., कलंकी ८(ख) कि.नं. ४१८

को क्षे.फ. ०-९-२-३ को घर जग्गा मिति २०६२।१२।२० मा दृष्टिबन्धक पारित भै रोक्का रहेको, साथै विपक्षीहरु मधुसुदन सिलवाल, गीता सिलवाल र शम्भु के.सी.को व्यक्तिगत जमानी रहेको।

२. प्रतिवादीले उपभोग गर्दै आएको रु.१,६०,००,०००।- मा मिति २०६३।२।२८ मा रु.१५,००,०००।- थप भै रु.१,७५,००,०००।- कायम भएको थियो। थप कर्जाको लागि उल्लिखित धितो कायम रहने गरी ऋणी जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि.को नाममा दर्ता रहेको का.जि.का.म.न.पा. वडा नं. १० कि.नं. १९१ को क्षे.फ. ०-२-३-३, ऐ.ऐ. वडा नं. ९ कि.नं. १२ को क्षे.फ. ०-८-०-० र ललितपुर जिल्ला, ललितपुर उप.म.न.पा. वडा नं. १च कि.नं. ५६७ को क्षे.फ. ०-१०-०-० जग्गा दृष्टिबन्धक लिखत पारित भै रोक्का रहेको थियो। विपक्षीहरु मधुसुदन सिलवाल, गिता सिलवाल पुरी र शम्भू के.सी.ले मिति २०६३।२।२८ मा थप कर्जा रु.१५ लाख बराबरको व्यक्तिगत जमानत दिएको।

३. प्रतिवादीको माग बमोजिम साविकदेखि उपभोग गर्दै आएको रु.१,७५,००,०००।- मा कर्जा रकम रु.४,२५,००,०००।- थप गरी जम्मा कर्जा सीमा रु. ६ करोड कायम गर्ने गरी मिति २०६४।५।१३ मा जारी कर्जा सुविधापत्र अनुसार कर्जा उपभोग गरेको।
मिति २०६४।५।१३ को कर्जा सुविधा प्रस्तावपत्रमा उल्लिखित शर्तहरुको अधिनमा रहने गरी शम्भु के.सी.को नाममा दर्ता श्रेस्ता रही बैंकको नाममा धितो लिखत पारित भएको का.जि. कलंकी ८ख कि.नं. ४१८ को क्षे.फ. ०-९-२-३ को घर जग्गा, ऋणी जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि.को नाममा दर्ता रही बैंकको नाममा धितो लिखत पारित भएको का.जि.का.म.न.पा. वडा नं. १० कि.नं. १९१ को क्षे.फ. ०-२-३-३, ऐ.ऐ. वडा नं. ९ कि.नं. १२ को क्षे.फ. ०-८-०-० र ललितपुर जिल्ला, ललितपुर उप.म.न.पा. वडा नं. १च कि.नं. ५६७ को क्षे.फ. ०-१०-०-० जग्गा, ललितपुर जिल्ला, इकुडोल गा.वि.स. वडा नं. ८ख स्थित कि.नं. ९, ११, २७, १२ र १३ को क्षे.फ. क्रमशः ०-१५-०-०, २-४-०-०, २-९-३-०, ८-१२-०-० र २-०-०-० को जायजेथा, काठमाडौं जिल्ला, डाडापौवा गा.वि.स. वडा नं. १ग कि.नं. ६०२, ६०४, ६०५, ६१० र ६०८ को क्षे.फ. क्रमशः ०-६-०-०, ०-१२-२-०, २-१०-३-०, ३-०-०-० र १-७-०-० को जायजेथा विपक्षी जमानतदाता मधुसुदन सिलवालको नाममा दर्ता रही बैंकको नाममा धितो लिखत पारित भएको, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित कि.न. ७९५ (साविक कित्ता नं. २४३) को क्षे.फ. ०-५-२-० को जायजेथा,

का.जि. का.म.न.पा. वडा नं. ९ कि.नं. १७३ को क्षे.फ. ०-७-२-०, काभ्रेपलाञ्चोक जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. ४ कि.नं. १२४५ र १४८९ को क्षे.फ. क्रमशः ७-१३-०-० र ४-१०-०-०, ऐ.ऐ. वडा नं ५ कि.नं. ३५१ र ३५३ को क्षे.फ. क्रमशः ५-४-०-० र ४-३-३-०, ऐ.ऐ. वडा नं. ६ कि.नं. १४८ र १६५ को क्षे.फ. १०-३-१-० र ८-१४-३-३, सुमन घिमिरेको नाममा दर्ता रही बैंकको नाममा पारित भएको ललितपुर जिल्ला, धुसेल गा.वि.स. वडा नं. ८/८क कि.नं. ४९ को क्षे.फ. ४-५-२-० जग्गा दृष्टिबन्धक लिखत पारित भई रोक्का रहेको।

विपक्षीले पटकपटक थप कर्जा माग गरे बमोजिम स्वीकृत भै रु. २० करोड कर्जा उपभोग गरी आएकोमा मिति २०६५।१०।८ मा कर्जा सीमा रु. ३० करोड स्वीकृत गरिदिन निवेदन दिए बमोजिम मिति २०६५।१०।१२ मा जारी गरिएको थप कर्जा सुविधा प्रस्तावपत्रमा उल्लिखित शर्तहरुको अधिनमा रहने गरी कर्जा स्वीकृत भै प्रवाह भएको थप कर्जाको सुरक्षणका लागि साविकको कर्जाको धितो सुरक्षण यथावत कायम रहने गरी थप कर्जा रकम रु. १० करोडको लागि मधुसुदन सिलवालको व्यक्तिगत जमानत रहेको तथा थप स्वीकृत कर्जा सीमा भित्र रही कर्जा प्रवाह हुँदाका बखत ऋणीले प्रस्ताव गरी बैंकलाई स्वीकार्य भएका जायजेथाहरु समेत सुरक्षण वापत रहने शर्तमा कर्जा स्वीकृत गरिएको।

विपक्षीले विभिन्न मितिमा बैंकमा पेश गरेको निवेदन तथा अनुरोधको आधारमा कर्जाहरु पटक पटक म्याद थप तथा नवीकरण भै अन्तिम पटक बैंकको सन् १५।१०।२०१२ (वि.सं. २०६९।६।२९) मा खडा गरेको टिप्पणी बमोजिम December End, 2012 सम्म व्याज कायम भएको।

विपक्षी ऋणीको विभिन्न मितिको कर्जा माग सम्बन्धी निवेदन बमोजिम ऋणीका नाममा यस बैंकबाट प्रवाह भएका कर्जाहरु मध्ये विपक्षी ऋणीले कर्जामा रहेका केही धितो सुरक्षण फूकुवा गरी आंशिक कर्जा चुक्ता गरेको, केही धितोहरु बैंकले लिलाम बिक्री गरी आंशिक कर्जा चुक्ता भए पश्चात् ऋणीले उपभोग गरेको बाँकी कर्जा रकमका लागि धितो सुरक्षण वापत काठमाडौं जिल्ला, डाडापौवा गा.वि.स. वडा नं. १ग कि.नं. ६०२, ६०४, ६०५, ६१० र ६०८ को क्षे.फ. क्रमशः ०-६-०-०, ०-१२-२-०, २-१०-३-०, ३-०-०-० र १-७-०-० को जायजेथा, ऋणी कम्पनीको नाममा दर्ता रही बैंकको नाममा धितो लिखत पारित भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९ कि.नं. १२ को क्षे.फ. ०-८-०-० को जायजेथा, ऋणी कम्पनीको नाममा दर्ता रही बैंकको नाममा धितो लिखत पारित भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० कि.नं. १९१ को

क्षे.फ. ०-२-३-३ को जायजेथा, ऋणी कम्पनीको नाममा दर्ता रही बैंकको नाममा धितो लिखत पारित भएको ललितपुर उप.म.न.पा. वडा नं. १च कि.नं. ५६७ को क्षे.फ. ०-१०-०-० को जायजेथा, ऋणी कम्पनीको नाममा दर्ता रही बैंकको नाममा धितो लिखत पारित भएको ललितपुर जिल्ला, इकुडोल गा.वि.स. वडा नं. ८ख स्थित कि.नं. ९, ११, २७, १२ र १३ को क्षे.फ. क्रमशः ०-१५-०-०, २-४-०-०, २-९-३-०, ८-१२-०-० र २-०-०-० को जायजेथा र विपक्षी शम्भु के.सी.को नाममा दर्ता रही बैंकको नाममा धितो लिखत पारित भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४ कि.नं. १८८ को क्षे.फ. ३०६.४८ को जायजेथा बाँकी रहेको। ऋणी तथा जमानतकर्ताहरुलाई बाँकी कर्जा चुक्ता गर्नका लागि विभिन्न मितिमा तरताकेतापत्र तथा जानकारी दिएकोमा ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो व्यक्त नगरेको, उक्त धितोहरु लिलाम बिक्रीका लागि विभिन्न पटक पत्रपत्रिकामा लिलामी सूचना प्रकाशित गर्दा समेत बिक्री गर्न नसकिएकोले मिति २०७३।९।१३ सम्मको वक्यौता साँवा रु.८,३४,४९,३३५।४५ तथा व्याज रु.५,२८,५४,८२८।८५ गरी जम्मा रु.१३,६३,०४,१६४।३० र मिति २०७३।९।१४ देखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन हुने दिनसम्मको वार्षिक १३ प्रतिशतका दरले प्रति दिन रु.३८,८६६।८२ का दरले हुन आउने व्याज रकम समेत थप हुने गरी एकमुष्ठ रकम तथा उजुरी निवेदन दर्ता गर्दा लागेको ऋण असुली शूल्क समेत विपक्षीहरुको चल अचल सम्पत्तिबाट असुल उपर गरी दिलाई भराई पाउँ भन्ने वादी प्रभु बैंक लिमिटेडको मिति २०७३।९।१३ को उजुरी निवेदन।

४. प्रतिवादी मध्येका व्यक्तिगत जमानतकर्ता शम्भु के.सी.को जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि.का संचालक मधुसुदन सिलवाल मेरो चिनजानको भएको नाताले मैले जग्गा धितो राख्न दिएको थिए। जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि.का संचालक मधुसुदन सिलवालले म प्रतिवादीको उक्त घर जग्गा वादी बैंकमा धितो राख्दा रु.१५ लाखमा धितो राखेको कुरा साँचो हो। म प्रतिवादीले जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि.को तर्फबाट ऋण लिंदा कुनै जमानी बसेको छैन। मेरो दायित्व भनेको मेरो जग्गा धितो राखेर जुन ऋण लिएको छ त्यो ऋण, ऋणीले विपक्षी बैंकलाई नतिरेको अवस्थामा मेरो घर जग्गा लिलाम हुन जाने हुँदा मेरो घर जग्गा राखेर लिएको ऋण विपक्षी बैंकलाई तिरेर मेरो घर जग्गा फुकुवा हुनु पर्दछ। विपक्षी बैंक समक्ष म प्रतिवादीले विभिन्न मितिमा दिएको निवेदन बमोजिम म प्रतिवादीलाई मिति २०७३।१।९ गते बैंकबाट प्राप्त पत्र अनुसार रु.४० लाख बुझाउन

ल्याएको खण्डमा उल्लिखित सुरक्षणको घर जग्गा फुकुवा गर्न सकिने भएको हुँदा पत्र प्राप्त भएको १५ दिनभित्र रकम बुझाउन भनिएकोमा सो समयमा रकम जोहो गर्न असमर्थ भएको र नेपाल राष्ट्र बैंक गुनासो व्यवस्थापन समितिको बैठकमा भएको छलफल बमोजिम रु.५ लाख जम्मा गरिसकेको र मिलापत्र गर्न तयार रहेको ब्यहोराको मिति २०७४।४।२५ को प्रतिउत्तर पत्र।

प्रतिवादी मध्येका शम्भु के.सी.ले विपक्षी ऋणी जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि.ले उपभोग गरेको कर्जाका लागि मिति २०६२।१२।२० मा रु.१,६०,००,०००।- र २०६३।२।२८ मा थप रु.१५ लाख का लागि व्यक्तिगत जमानत दिएकोमा उक्त कर्जा चुक्ता भैसकेको उक्त कर्जामा निजले कर्जाको सुरक्षण वापत दिएको घरजग्गा, सो कर्जा पश्चात् अन्य कर्जामा समेत आन्तरिक धितो Tie up भएको कारण हालसम्म पनि फुकुवा नभएकोले विपक्षी शम्भु के.सी.बाट रु.४० लाख बुझि लिई उक्त रकम बैंकको लेना साँवा रकममा घटाए पश्चात् बाँकी हुन आउने रकमको दावी अन्य प्रतिवादीहरु उपर यथावत राखी विपक्षी शम्भु के.सी. उपरको सम्पूर्ण दावी छोड्ने गरी दुबै पक्षको सहमतिले मिति २०७४।९।२६ मा संयुक्त निवेदन प्राप्त भए बमोजिम प्रतिवादी शम्भू के.सी.को हकमा मिति २०७४।९।२८ मा मिलापत्र भएको।

५. बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा प्रतिवादी ऋणी जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि. र व्यक्तिगत जमानतकर्ताहरु मधुसुदन सिलवाल तथा गिता पुरीले उक्त म्यादभित्र प्रतिउत्तरपत्र नदिई म्याद गुजारी बसेको।

६. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

<u>न्यायाधिकरणको निर्णय खण्ड:</u>

७. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री थमन बहादुर भण्डारीले कर्जा सम्झौता बमोजिम ऋणीले साँवा व्याज नबुझाएको, वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा पटक पटक लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत साँवा व्याज नबुझाएको हुँदा कानूनको

हदम्यादभित्र न्यायाधिकरण समक्ष उजुरी निवेदन दिएको हो, मागदावी बमोजिम साँवा व्याज असुल उपर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

८. वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ताको बहस जिकीर तथा प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गर्दा प्रतिवादी ऋणी जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि. र व्यक्तिगत जमानतकर्ताहरु मधुसुदन सिलवाल तथा गिता पुरीलाई यस न्यायाधिकरणबाट बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमवाली, २०५९ को नियम ८ बमोजिम म्याद तामेल गरेकोमा निजहरुले प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेको देखिन आयो।

सामान्यतयाः ऋण लिएपछि तोकिएको शर्त तथा सम्झौता बमोजिम ऋण चुक्ता गर्नु ऋणीको तथा ऋणीले ऋण चुक्ता नगरेको अवस्थामा आफूले दिएको जमानीको हदसम्मको दायित्व व्यहोर्नु पर्ने जमानीकर्ताको कर्तव्य रहेको हुन्छ।

९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ मा उल्लिखित कानूनी व्यवस्था बमोजिम इजाजत प्राप्त संस्थाले कर्जाको सम्झौता बमोजिम ऋणीसंग आफ्नो साँवा, व्याज असुल उपर गर्न सक्ने भएको र सो अनुरुप असुल नभएमा असुलीको लागि न्यायाधिकरण समक्ष उजुरी निवेदन दायर गर्नु कानूनसम्मत् नै देखिन्छ।

१०. प्रस्तुत उजुरी निवेदन बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको म्यादभित्र रहेको देखिएको र वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीसंग पटक-पटक लिखित पत्राचार र पत्रिकामा सूचना प्रकाशन लगायतका क्रियाकलाप गर्दा समेत शर्त एवं सम्झौता बमोजिम तिर्नु पर्ने साँवा, व्याज चुक्ता नगरेको देखिंदा प्रतिवादीहरुबाट बाँकी कर्जाको साँवा, व्याज र अन्य खर्च भराई पाउने नै देखिन आयो।

११. तसर्थ, वादी प्रभु बैंक लिमिटेडले प्रतिवादी जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि.बाट असुल गर्नु पर्ने भनी शुरुमा दावी लिएको एकमुष्ठ साँवा व्याज रु. रु.१३,६३,०४,१६४।३० मध्ये जमानतदाता शम्भु के.सी. उपरको मागदावी रु.१,७५,००,०००।- प्रतिवादीसंग वादीले मिलापत्र गरेकोले सो रकम घटाई कायम गरिएको दावी रकम रु.११,८८,०४,१६४।३० (अक्षरेपी एघार करोड अठासी लाख चार हजार एक सय चौसठ्ठी र पैसा तीस मात्र) र मिति २०७३।९।१४ देखि मिति २०७४।९।२७ सम्म ३७९ दिनको दावी साँवा रकम रु.८,३४,४९,३३५।४५ (अक्षरेपी आठ करोड चौतीस लाख उनन्पचास हजार तीन सय पैंतीस र पैसा पैंतालीस मात्र) को वार्षिक व्याजदर १३% का दरले हुन आउने व्याज रु.१,१२,६४,५१७।१४ तथा मिति २०७४।९।२८ गते साँवातर्फ असुल भएको

रु.३९,५०,९००।- घटाई कायम हुन आएको दावी साँवा रकम रु.७,९४,९८,४३५।४५ (अक्षरेपी सात करोड चौराननब्बे लाख अन्ठानब्बे हजार चार सय पैंतीस र पैसा पैंतालीस मात्र) को मिति २०७४।९।२८ देखि मिति २०७६।२।९ सम्म ४९७ दिनको वार्षिक व्याजदर १३% ले हुने व्याज रु.१,४०,७२,३१२।०९ (अक्षरेपी एक करोड चालीस लाख बहत्तर हजार तीन सय बाह्र र पैसा नौ मात्र) समेत गरी जम्मा **रु.१४,४१,४०,९९३।५३ (अक्षरेपी चौध करोड एकचालीस लाख चालिस हजार नौ सय त्रियानब्बे र पैसा त्रिपन्न मात्र)** र साँवा रु.७,९४,९८,४३५।४५ (अक्षरेपी सात करोड चौराननब्बे लाख अन्ठानब्बे हजार चार सय पैंतीस र पैसा पैंतालीस मात्र) को मिति २०७६।२।१० देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १३% ले हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा अन्य प्रचलित कानून बमोजिम वादी प्रभु बैंक लिमिटेडलाई प्रथमतः धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरी भराई दिनुपर्ने, सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी ऋणी जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि.को चल अचल सम्पत्तिबाट भराई दिनुपर्ने र सोबाट समेत समेत वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम व्यक्तिगत जमानतकर्ताहरु मधुसुदन सिलवाल र गिता पुरीको चल अचल सम्पत्तिबाट निजहरुले गरि दिएको व्यक्तिगत धनजमानीको लिखतको अधीनमा रही असुल उपर गरी भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

माथि निर्णय खण्डमा लेखिए बमोजिम वादी प्रभु बैंक लिमिटेडले भराई पाउने ठहरेको जम्मा **रु.१४,४१,४०,९९३।५३ (अक्षरेपी चौध करोड एकचालीस लाख चालिस हजार नौ सय त्रियानब्बे र पैसा त्रिपन्न मात्र)** र साँवा रु.७,९४,९८,४३५।४५ (अक्षरेपी सात करोड चौराननब्बे लाख अन्ठानब्बे हजार चार सय पैंतीस र पैसा पैंतालीस मात्र) को मिति २०७६।२।१० देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १३% ले हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी प्रभु बैंक लिमिटेडलाई प्रथमतः धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरी भराई दिनु, सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी ऋणी जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि.को

चल अचल सम्पत्तिबाट भराई दिनु र सोबाट समेत वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम व्यक्तिगत जमानतकर्ताहरु मधुसुदन सिलवाल र गिता पुरीको चल अचल सम्पत्तिबाट निजहरुले गरि दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही असुल उपर गरी भराई दिनु १

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु २

प्रतिवादी ऋणी जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि. र व्यक्तिगत जमानतकर्ताहरु मधुसुदन सिलवाल र गिता पुरीले प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेकोले निजहरुलाई पुनरावेदन म्याद दिई रहनु परेन..... ३

प्रतिवादी ऋणी जेण्टल हाउजिङ्ग कम्पनी प्रा.लि. र व्यक्तिगत जमानतकर्ताहरु मधुसुदन सिलवाल र गिता पुरीको नाउँमा मुलुकी देवानी कार्यविधि सहिता, २०७४ को दफा १९७(५) बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा एकतर्फी फैसलाको जनाउ सूचना प्रकाशन गर्नु र सूचना प्रकाशन गर्दा लागेको खर्च हाजिर भएको पक्षबाट भराई लिनु..... ४

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु..... ५

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु..... ६

लेखा सदस्य **बैंकिङ्ग सदस्य** **अध्यक्ष**

यो पाना ८ को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः सुरज कुमार दहाल।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७६ साल जेठ ९ गते रोज ५ शुभम्.....

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री गोविन्द खनाल

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०७४ सालको उजुरी निवेदन द.नं. १०१-०७४/५७

निर्णय नं. ६७

मुद्दाः ऋण असुली

<u>निवेदक/वादीको नाम, थर र वतनः</u>

का.जि.का.म.न.पा. वडा नं. ११ बबरमहल स्थित प्रभु बैंक लिमिटेड (साविक प्रभु फाइनान्स कम्पनी लिमिटेड)का तर्फबाट प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन..... १

<u>प्रतिवादीको नाम, थर र वतनः</u>

चन्द्रकान्त अधिकारीको नाति, दयानाथ अधिकारीको छोरा, नुवाकोट जिल्ला बिदुर नगरपालिका वडा नं. ३ (साविक खड्गभन्ज्याङ गा.वि.स. वडा नं. ८) बस्ने ऋणी बाबुराम अधिकारी..... १

खड्क बहादुर गुरुङ्गको नाति, गिरी बहादुर गुरुङ्गको छोरा, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १९ (साविक शारदानगर गा.वि.स. वडा नं. १) बस्ने जमानतकर्ता केशर कुमार गुरुङ्ग..... १

<u>निवेदक/वादीको साक्षीः</u> ×

निवेदक/वादीको कागजः

(क) कर्जा तमसुक।

(ख) प्रतिज्ञा पत्र।

(ग) कर्जा चुक्ता गर्न आउने बारेको ताकेता पत्रहरु।

(घ) कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना।

<u>प्रतिवादीको साक्षीः</u> ×

प्रतिवादीको कागजः

१. जमानतकर्ता केशर कुमार गुरुङ्गको मिति २०७४।११।२७ को प्रतिउत्तर पत्र।

२. ऋणी बाबुराम अधिकारीको मिति २०७५।३।२४ को प्रतिउत्तर पत्र।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षी :×

कागजः

१. ऋणको हिसाबसम्बन्धी देहायको विवरणः

(क) कर्जा दिएको रकम सम्बन्धी विवरण।

(ख) कर्जाको साँवा, व्याज, हर्जाना असुली भएको

भए सो देखिने देहाय बमोजिमको (सन्दर्भ अनुसार) छुट्टा-छुट्टै विवरणः

(१) ऋणीले तिरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(ग) प्रकरण (ख) बमोजिम कर्जा असुली भई ऋणीबाट लिनुपर्ने साँवा, व्याज, हर्जाना तथा अन्य रकम सम्बन्धी छुट्टा-छुट्टै देखिने विवरण।

<u>बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम यस न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>संक्षिप्त तथ्य खण्डः</u>

१. प्रतिवादी ऋणी बाबुराम अधिकारीलाई यस बैंकबाट मिति २०६५।९।२३ मा कर्जा स्वीकृत भई हायरपर्चेज कर्जा शीर्षक अन्तर्गत वार्षिक १२% व्याजदरमा ५ वर्ष भित्र चुक्ता भुक्तान गर्ने गरी रु.११,७०,०००।- कर्जा प्रवाह भएको देखिन्छ। कर्जा दिंदा बा.२ख २५२७ नम्बरको भाडाको ट्रक टिपर धितो सुरक्षणको रुपमा रहेको साथै बाबुराम अधिकारीको प्रतिज्ञा-पत्र र केशर कुमार गुरुङ्गको व्यक्तिगत जमानी रहेको देखिन्छ। ऋणीले शर्त सम्झौता बमोजिम साँवा व्याज नबुझाएकोले बैंकले कर्जा तिर्न विभिन्न मितिमा पटक-पटक पत्राचार गरेको, कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना प्रकाशित गरेको, धितो सुरक्षणमा रहेको बा.२ख २५२७ नम्बरको भाडाको ट्रक टिपर जिल्ला प्रहरी कार्यालयमा रहेको जानकारी हुन आएकोले उक्त गाडी फिर्ता गर्न पटक पटक लिखित ताकेता गर्दा समेत फिर्ता नभएकोले मिति २०७४।९।११ सम्मको बक्यौता साँवा रु.९,७२,३७६।९० व्याज तथा हर्जाना व्याज रु.८,५०,०१५।८९ गरी जम्मा रु.१८,२२,३९२।७९ र मिति २०७४।९।१२ देखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन हुने दिनसम्मको वार्षिक १५ प्रतिशतका दरले हुन आउने व्याज विपक्षीहरुको चल अचल सम्पत्तिबाट असुल उपर गरी दिलाई भराई पाउँ भन्ने वादी प्रभु बैंक लिमिटेडको मिति २०७४।९।१३ को उजुरी निवेदन।

२. म प्रतिवादीलाई ऋण कर्जा लिनका लागि साक्षी बसी दिनुस भनी ऋणी बाबुराम अधिकारीले अनुरोध गर्नु भएकोले मैले सही मात्र गरिदिएको अवस्था हो। पछि सम्मानित न्यायाधिकरणबाट मेरो नाममा म्याद जारी भई तामेल भएपछि मात्र म उक्त कर्जाको व्यक्तिगत जमानतको लिखतमा सही हस्ताक्षर गराएको भन्ने कुरा थाहा जानकारी हुन आएको हो। सामान्यतया जमानीकर्ताले ऋण रकम प्रयोग गरेको हुँदैन। जसले कर्जा प्रयोग गरेको हुन्छ उसैबाट कर्जाको साँवा व्याज तिराउनु पर्ने सामान्य सिद्धान्त हो। पहिले बाबुराम अधिकारीबाट कर्जा असुल उपर गर्ने कार्य नै नगरी मलाई समेत विपक्षी बनाई उजुरी निवेदन वादीले दिन पाउने होइन। मुख्य कर्जावालबाट असुलउपर हुन नसकेमा मात्र जमानीकर्ताबट रकम भराउने हो भन्ने समेतको जमानतकर्ता केशर कुमार गुरुङ्गको मिति २०७४।११।२७ को प्रतिउत्तर पत्र।

३. विपक्षी बैंकले सम्मानित पुनरावेदन अदालत हेटौंडामा परमादेशको मुद्दा दिएको सो मुद्दामा परमादेश समेत जारी भैसकेपछि सो फैसला बमोजिम कार्यान्वयन तर्फ लाग्नु पर्नेमा पुनः म उपर मुद्दा दिएकोले ऋण असुली न्यायाधिकरणले क्षेत्राधिकार ग्रहण समेत गर्न मिल्दैन। विपक्षी बैंकलाई म उपर फिराद गर्ने हकदैया समेत छैन। म प्रतिउत्तरवालाले बा.२ख २५२७ नं. को आइसर मिनीट्रक नुवाकोट जिल्ला, दुई पिपल वडा नं. ७ बस्ने रामहरि सुवेदीलाई बैंकको सम्पूर्ण रकम भूक्तान गर्ने गरी २०६७।९।२७ मा कागज गरी बिक्री गरिसकेको र सो GS WORLDWIDE बाट पठाएको र प्रभु बैंकले बुझिलिएको छ भन्ने समेतको प्रतिवादी ऋणी बाबुराम अधिकारीको मिति २०७५।३।२४ को प्रतिउत्तर पत्र।

४. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

<u>न्यायाधिकरणको निर्णय खण्डः</u>

५. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री थमन बहादुर भण्डारीले कर्जा सम्झौता बमोजिम ऋणीले साँवा व्याज नबुझाएको, वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा पटक पटक लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत साँवा व्याज नबुझाएको हुँदा कानूनको

हदम्यादभित्र न्यायाधिकरण समक्ष उजुरी निवेदन दिएको हो, मागदावी बमोजिम साँवा व्याज असुल उपर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

६. वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ताको बहस जिकीर तथा प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गर्दा प्रतिवादी बाबुराम अधिकारीले प्रतिउत्तर पत्रमा धितो स्वरुप रहेको बा.२ख २५२७ नं. को मिनिट्रक अन्यलाई कागज गरी बिक्री गरिसकेको भन्ने जिकीर गरेको सम्बन्धमा सो ट्रक बिक्री गर्नका लागि धनी बैंकको तर्फबाट स्वीकृति दिइएको कुनै प्रमाण मिसिलमा नदेखिएको साथै वादी बैंकले सो ट्रक बिक्री वितरणका लागि कुनै स्विकृति नदिइएको भन्ने बहसको क्रममा स्पष्ट समेत गरेकोले प्रतिवादीको जिकीरसंग सहमत हुन सकिएन।

सामान्यतयाः ऋण लिएपछि तोकिएको शर्त तथा सम्झौता बमोजिम ऋण चुक्ता गर्नु ऋणीको तथा ऋणीले ऋण चुक्ता नगरेको अवस्थामा आफूले दिएको जमानीको हदसम्मको दायित्व व्यहोर्नु पर्ने जमानीकर्ताको कर्तव्य रहेको हुन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ मा उल्लिखित कानूनी व्यवस्था बमोजिम इजाजत प्राप्त संस्थाले कर्जाको सम्झौता बमोजिम ऋणीसंग आफ्नो साँवा, व्याज असुल उपर गर्न सक्ने भएको र सो अनुरुप असुल नभएमा असुलीको लागि न्यायाधिकरण समक्ष उजुरी निवेदन दायर गर्नु कानूनसम्मत् नै देखिन्छ।

७. प्रस्तुत उजुरी निवेदन बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको म्यादभित्र रहेको देखिएको र वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीसंग पटक-पटक लिखित पत्राचार र पत्रिकामा सूचना प्रकाशन लगायतका क्रियाकलाप गर्दा समेत शर्त एवं सम्झौता बमोजिम तिर्नु पर्ने साँवा, व्याज चुक्ता नगरेको देखिंदा प्रतिवादीबाट बाँकी कर्जाको साँवा, व्याज र अन्य खर्च भराई पाउने नै देखिन आयो।

८. तसर्थ, वादी प्रभु बैंक लिमिटेडले प्रतिवादी बाबुराम अधिकारीबाट असुल गर्नु पर्ने भनी दावी लिएको एकमुष्ठ साँवा व्याज रु.१८,२२,३९२।७९ (अक्षरेपी अठ्ठार लाख बाईस हजार तीन सय बयानब्बे र पैसा उनासी मात्र) र मिति २०७४।९।१२ देखि निर्णय मिति २०७६।२।१६ सम्म ५२० दिनको दावी साँवा रकम रु.९,७२,३७६।९० (अक्षरेपी नौ लाख बहत्तर हजार तीन सय छयाहत्तर र पैसा नब्बे मात्र) को वार्षिक व्याजदर १५% ले हुने व्याज रु.२,०७,७९५।६१ (अक्षरेपी दुई लाख सात हजार सात सय पन्चानब्बे र पैसा एकसठ्ठी मात्र) समेत गरी जम्मा **रु.२०,३०,१८८।४० (अक्षरेपी बीस लाख तीस**

हजार एक सय अठासी र पैसा चालीस मात्र) र दावी साँवा रकम रु.९,७२,३७६।९० (अक्षरेपी नौ लाख बहत्तर हजार तीन सय छयाहत्तर र पैसा नब्बे मात्र) को मिति २०७६।२।१७ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १५% ले हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा अन्य प्रचलित कानून बमोजिम वादी प्रभु बैंक लिमिटेडलाई प्रथमतः धितोमा रहेको जेथा लिलाम बिक्री गरी भराई दिनुपर्ने, सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी ऋणी बाबुराम अधिकारीको चल अचल सम्पत्तिबाट भराई दिनुपर्ने र सोबाट समेत वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम जमानतकर्ता केशर कुमार गुरुङ्गको चल अचल सम्पत्तिबाट निजले गरि दिएको व्यक्तिगत धनजमानीको लिखतको अधीनमा रही असुल उपर गरी भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

माथि निर्णय खण्डमा लेखिए बमोजिम वादी प्रभु बैंक लिमिटेडले भराई पाउने ठहरेको जम्मा **रु.२०,३०,१८८।४० (अक्षरेपी बीस लाख तीस हजार एक सय अठासी र पैसा चालीस मात्र)** र दावी साँवा रकम रु.९,७२,३७६।९० (अक्षरेपी नौ लाख बहत्तर हजार तीन सय छयाहत्तर र पैसा नब्बे मात्र) को मिति २०७६।२।१७ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १५% ले हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी प्रभु बैंक लिमिटेडलाई प्रथमतः धितोमा रहेको जेथा लिलाम बिक्री गरी भराई दिनु, सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी ऋणी बाबुराम अधिकारीको चल अचल सम्पत्तिबाट भराई दिनु र सोबाट समेत वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम जमानतकर्ता केशर कुमार गुरुङ्गको चल अचल सम्पत्तिबाट निजले गरि दिएको व्यक्तिगत धनजमानीको लिखतको अधीनमा रही असुल उपर गरी भराई दिनु.....१

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु..... २

यो निर्णयमा चित्त नबुझे प्रतिवादी ऋणी बाबुराम अधिकारी र जमानतकर्ता केशर कुमार गुरुङ्गलाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनु ३

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु..... ४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु..... ५

लेखा सदस्य **अध्यक्ष**

यो पाना ५ को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः सुरज कुमार दहाल।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७६ साल जेठ १६ गते रोज ५ शुभम्.....

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री गोविन्द खनाल

बैंकिङ्ग सदस्य : श्री नरेशराज अर्याल

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०७३ सालको उजुरी निवेदन द.नं. १०१-०७३/५६

निर्णय नं. ६०

मुद्दाः ऋण असुली

<u>निवेदक/वादीको नाम, थर र वतनः</u>

एनसिसि विल्डिङ बागबजार काठमाडौंमा कर्पोरेट कार्यालय रहेको नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको तर्फबाट अधिकार प्राप्त प्रमुख कार्यकारी अधिकृत रमेश राज अर्याल.....

<u>प्रतिवादीको नाम, थर र वतनः</u>

काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ९ रातोपुल स्थित अरुणिमा हाउजिङ्ग प्रा.लि. .....

काशिनाथ दाहालको नाति, देवी प्रसाद दाहालको छोरा, मोरङ जिल्ला, साविक इटहरा गा.वि.स. वडा नं. ४ हाल रतुवामाई न.पा. वडा नं. ९ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ९ कंचनजंघा गल्लि बस्ने रोहित दाहाल..... १

<u>निवेदक/वादीको साक्षीः</u> ×

निवेदक/वादीको कागजः

(क) कर्जा तमसुक।

(ख) कर्जा स्वीकृत पत्र।

(ग) दृष्टिबन्धक लिखत।

(घ) संस्थागत धनजमानी/व्यक्तिगत जमानी।

(ङ) कर्जा चुक्ता गर्न आउने बारेको ताकेता पत्रहरु।

(च) कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना।

(छ) धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना।

<u>प्रतिवादीको साक्षीः</u> ×

प्रतिवादीको कागजः

१. प्रतिवादीहरु अरुणिमा हाउजिङ्ग प्रा.लि. र रोहित दाहालको मिति २०७५।४।१७ को संयुक्त प्रतिउत्तर पत्र।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षी :×

कागजः

१. प्रस्तुत मुद्दामा ऋण लिंदा राखेको धितो विपक्षी बैंकले ऋण प्रवाह गर्दा गरेको मूल्य भन्दा कम मूल्यमा लिलाम बिक्री गरेको, विपक्षी बैंकले मिलोमतोमा एक्जिम नेपाल प्रा.लि.लाई प्रति

आना रु.३,८७,१११।- का दरले बोलपत्र पेश गर्न लगाई लिलाम गरेको कार्य कानूनत सम्मत् छैन, वादीको मागदावी अन्यायपूर्ण छ भन्ने समेत व्यहोराको प्रतिवादी अरुणीमा हाउजिङ्ग प्रा.लि. समेतको प्रतिउत्तर जिकीर रहेको देखिंदा उक्त कर्जा प्रवाह हुँदाका बखत धितोमा रहेको जग्गाको लिलाम बिक्री सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नु भन्ने मिति २०७५।५।२० को आदेश।

२. प्रस्तुत मुद्दामा मिति २०७५।५।२० को आदेशानुसारको जग्गाको लिलाम बिक्रीसंग सम्बन्धित धितो मूल्याङ्कन पेश भएका बोलपत्र लगायतका कागजातहरु प्राप्त भएको नदेखिंदा पूर्वाआदेशानुसारको जग्गाको लिलाम बिक्रीसंग सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु भन्ने मिति २०७५।७।२९ को आदेश।

३. ऋणको हिसाबसम्बन्धी देहायको विवरणः

(क) कर्जा दिएको रकम सम्बन्धी विवरण।

(ख) कर्जाको साँवा, व्याज, हर्जाना असुली भएको भए सो देखिने विवरणः

(१) ऋणीले तिरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(२) धितो लिलाम बिक्रीबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(३) धितो सकारबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(ग) प्रकरण (ख) बमोजिम कर्जा असुली भई ऋणीबाट लिनुपर्ने साँवा, व्याज, हर्जाना तथा अन्य रकम सम्बन्धी छुट्टा-छुट्टै देखिने विवरण।

<u>बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम यस न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>संक्षिप्त तथ्य खण्डः</u>

१. प्रतिवादी ऋणी अरुणिमा हाउजिङ्ग प्रा.लि.लाई साविक एपेक्स डेभलपमेण्ट बैंक लिमिटेड हाल नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडबाट मिति २०७२।७।२० मा कर्जा स्वीकृत भई ३ वर्षको भाखा राखी वार्षिक १३% व्याजदरमा रियलस्टेट कर्जा शीर्षक अन्तर्गत रु.५,००,००,०००।- कर्जा स्वीकृत भई ऋण प्रवाह भएको थियो। कर्जा लिंदा ऋणी अरुणिमा हाउजिङ्ग प्रा.लि.को नाममा दर्ता कायम रहेको भक्तपुर जिल्ला, ताथली गा.वि.स. वडा नं. ६(ग) कि.नं. ५१६, ४०३, १४३, १८४, ३९८, ८९, ५१० र १४९ को क्षे.फ. क्रमशः ०-११-०-०, ०-३-१-२, ०-१२-०-०, ०-५-०-०, ०-४-०-०, १-१३-०-०, ०-५-०-० र १-६-२-० जग्गा धितो दृष्टिबन्धक राखि दिनुका साथै विपक्षी ऋणीले उक्त कर्जाको साँवा व्याज रकम तिर्न कवोल गरेको, तमसुक समेत रहेको छ। साथै विपक्षी रोहित दाहालको व्यक्तिगत जमानत तथा ऋणी कम्पनीको संस्थागत जमानत समेत रहेको छ। ऋणीले शर्त सम्झौता बमोजिम साँवा व्याज नबुझाएकोले बैंकले कर्जा तिर्न विभिन्न मितिमा पटक-पटक पत्राचार गरेको, कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना प्रकाशित गरेको, धितो सुरक्षणमा रहेको सम्पत्ति मिति २०७३।१२।२१ गते तथा २०७४।१।११ मा लिलामी सूचना प्रकाशित गर्दा कसैको पनि बोलपत्र प्राप्त हुन नआएको र मिति २०७४।३।१५ मा पुनः गोप्य शिलबन्दी बोलपत्र आव्हान गरी खोल्दा एक्जीम नेपाल प्रा.लि.ले अधिकतम प्रति आना रु.३,८७,१११।- का दरले बोलपत्र पेश गरेकोले मिति २०७४।४।५ को संचालक समितिको बैठकले सबैभन्दा बढी बोलकबोल गर्ने एक्जीम नेपाल प्रा.लि.लाई उक्त धितो सुरक्षणको जग्गा दा.खा. गरिदिने निर्णय गरिएकोले दा.खा. नामसारी गरेकोमा प्राप्त रकम रु.४,९९,९४,३५९।७० कर्जा हिसाबमा मिलान गरे पश्चात् मिति २०७४।७।१४ सम्मको वक्यौता लेना बाँकी साँवा रु.५,००,०००।-, व्याज रु.१,०२,३५,१७८।३५, हर्जाना रु.२,६२,७४८।८२ गरी जम्मा रु.१,०९,९७,९२७।१४ र मिति २०७४।७।१५ देखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन हुने दिनसम्मको नियमानुसार हुने व्याज समेत हिसाब गरि विपक्षीहरु तथा निजका एकासगोलका परिवारका सदस्यहरुको हक पुग्ने चल अचल सम्पत्तिबाट दिलाई भराई पाउँ भन्ने वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको मिति २०७४।९।१३ को उजुरी निवेदन।

२. विपक्षी बैंक (तत्कालिन एपेक्स डेभलपमेण्ट बैंक) बाट मेरो एकल नाममा रहेको भ्याङ्लुङ्ग हाउजिङ्ग प्रा.लि. कम्पनीको नाममा दर्ता रहेको भक्तपुर जिल्ला, ताथली गा.वि.स. वडा नं. ६(ग) कि.नं. ५१६, ४०३, १४३, १८४, ३९८, ८९, ५१० र १४९ को क्षे.फ. ८८.७५ आना तथा ऐ. को कि.नं. ४७३, ४७४, ३९९ र ४०१ को ६३ आना जग्गा धितो सुरक्षण राखी मिति २०७२।७।२० मा आवधिक कर्जा शीर्षकमा रु. ५ करोड कर्जा लिएको सत्य हो। मैले ऋण लिंदा राखेको ८८.७५ आना जग्गाको Fair Market Value रु.६,२१,७१,०००।- र Distress Values रु.४,९७,३७,४००।- गरेको अवस्था छ। त्यस्तै विभिन्न कित्ताको ६३ आना जग्गाको Fair Market Value रु.२,११,३४,०००।- र Distress Values रु.१,६९,०७,०००।- गरेको अवस्था छ। हाल उक्त जग्गाको कम्तीमा पनि बाइसौ करोडभन्दा बढी मूल्य पर्छ। मैले विपक्षी बैंकको ऋण मेरो विविध समस्याले गर्दा तोकिएको समयमा तिर्न नसकेको कुरा सत्य हो। यस्तो अवस्थामा विपक्षी बैंकले मिलेमतो गरी एक्जीम नेपाल प्रा.लि.लाई प्रति आना रु.३,८७,१११।- का दरले बोलपत्र पेश गर्न लगाई लिलाम गरेको कार्य कदापी कानून सम्मत छैन। विपक्षी बैंकले उक्त मेरो सम्पत्ति लिलाम गर्दा बैंकको सम्पूर्ण लेना साँवा व्याज असुलउपर भई वास्तविक लिलामबाट प्राप्त हुने करोडौ रुपैयाँ मैले प्राप्त गर्नु पर्ने अवस्थामा बैंक तथा एक्जीम नेपाल प्रा.लि. बीचको मिलेमतोबाट उक्त जग्गा कौडीको भाउमा बोलपत्र पेश गरी गराएकोमा प्राप्त रु.४,९९,९४,३५९।७० घटाई बाँकी लेना रु.१,०९,६६,०५९।०१ मागदावी गरी दायर गरेको फिरादै अन्यायपूर्ण रहेको छ भन्ने समेत व्यहोराको प्रतिवादी ऋणी अरुणिमा हाउजिङ्ग प्रा.लि. र रोहित दाहालको मिति २०७५।४।१७ को संयुक्त प्रतउत्तरपत्र।

३. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

<u>न्यायाधिकरणको निर्णय खण्डः</u>

४. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री आशिष पन्तले कर्जा सम्झौता बमोजिम ऋणीले साँवा व्याज नबुझाएको, वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा पटक पटक लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना

प्रकाशित गरी जानकारी दिंदा समेत साँवा व्याज नबुझाएको हुँदा कानूनको हदम्यादभित्र न्यायाधिकरण समक्ष उजुरी निवेदन दिएकोले मागदावी बमोजिम साँवा व्याज असुल उपर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

५. वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ताको बहस जिकीर तथा प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गर्दा आफ्नो प्रतिउत्तर पत्रमा प्रतिवादी अरुणिमा हाउजिङ्ग प्रा.लि. र रोहित दाहालले आफूले राखेको धितो सुरक्षण ज्यादै कम मूल्यमा लिलाम गरिएको जिकीर लिएपनि धितो लिलाम सम्बन्धमा प्रचलित कानून बमोजिम उपचार खोजेको नदेखिएकोले सो जिकीरसंग सहमत हुन सकिएन।

६. ऋण लिएपछि तोकिएको शर्त तथा सम्झौता बमोजिम ऋण चुक्ता गर्नु ऋणीको तथा ऋणीले ऋण चुक्ता नगरेको अवस्थामा आफूले दिएको जमानीको हदसम्मको दायित्व व्यहोर्नु पर्ने जमानीकर्ताको कर्तव्य रहेको हुन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ मा उल्लिखित कानूनी व्यवस्था बमोजिम इजाजत प्राप्त संस्थाले कर्जाको सम्झौता बमोजिम ऋणीसंग आफ्नो साँवा, व्याज असुल उपर गर्न सक्ने छ। सामान्यतयाः सो अनुरुप असुल नभएमा असुलीको लागि न्यायाधिकरण समक्ष उजुरी निवेदन दायर गर्नु कानूनसम्मत् नै देखिन्छ।

७. प्रस्तुत उजुरी निवेदन बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको म्यादभित्र रहेको देखिएको र वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीहरुसंग पटक-पटक लिखित पत्राचार र पत्रिकामा सूचना प्रकाशन लगायतका क्रियाकलाप गर्दा समेत शर्त एवं सम्झौता बमोजिम तिर्नु पर्ने साँवा, व्याज चुक्ता नगरेको देखिंदा प्रतिवादीहरुबाट बाँकी कर्जाको साँवा, व्याज र अन्य खर्च भराई पाउने नै देखिन आयो।

८. तसर्थ, वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडले प्रतिवादी ऋणी अरुणिमा हाउजिङ्ग प्रा.लि.बाट असुल गर्नु पर्ने भनी दावी लिएको एकमुष्ठ साँवा व्याज रु.१,०९,९७,९२७।१४ (अक्षरेपी एक करोड नौ लाख सन्तानब्बे हजार नौ सय सत्ताईस र पैसा चौध मात्र) र मिति २०७४।७।१५ देखि निर्णय मिति २०७६।३।१० सम्म ६०२ दिनको दावी साँवा रकम रु.५,००,०००।- (अक्षरेपी पाँच लाख मात्र) को वार्षिक व्याजदर १३% ले हुने व्याज रु.१,०७,२०५।४७ (अक्षरेपी एक लाख सात हजार दुई सय पाँच र पैसा सतचालीस मात्र) समेत गरी जम्मा **रु.१,११,०५,१३२।६१ (अक्षरेपी एक करोड एघार**

लाख पाँच हजार एक सय बत्तीस र पैसा एकसठ्ठी मात्र) र दावी साँवा रकम रु.५,००,०००।- (अक्षरेपी पाँच लाख मात्र) को मिति २०७६।३।११ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १३% ले हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा अन्य प्रचलित कानून बमोजिम वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी ऋणी अरुणिमा हाउजिङ्ग प्रा.लि.को चल अचल सम्पत्तिबाट भराई दिनुपर्ने र सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम संचालक एवं व्यक्तिगत जमानतदाता रोहित दाहालको चल अचल सम्पत्तिबाट भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

माथि निर्णय खण्डमा लेखिए बमोजिम वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडले भराई पाउने ठहरेको **रु.१,११,०५,१३२।६१ (अक्षरेपी एक करोड एघार लाख पाँच हजार एक सय बत्तीस र पैसा एकसठ्ठी मात्र)** र दावी साँवा रकम रु.५,००,०००।- (अक्षरेपी पाँच लाख मात्र) को मिति २०७६।३।११ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १३% ले हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी ऋणी अरुणिमा हाउजिङ्ग प्रा.लि.को चल अचल सम्पत्तिबाट भराई दिनुपर्ने र सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम संचालक एवं व्यक्तिगत जमानतदाता रोहित दाहालको चल अचल सम्पत्तिबाट भराई दिनु..... १

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु २

यो निर्णयमा चित्त नबुझे प्रतिवादी ऋणी अरुणिमा हाउजिङ्ग प्रा.लि. र रोहित दाहाललाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनु..... ३

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु.....४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु.....५

लेखा सदस्य **बैंकिङ्ग सदस्य** **अध्यक्ष**

यो पाना ६ को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः सुरज कुमार दहाल।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७६ साल असार १० गते रोज ३ शुभम्.....

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री गोविन्द खनाल

बैंकिङ्ग सदस्य : श्री नरेशराज अर्याल

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०७४ सालको उजुरी निवेदन द.नं. १०१-०७४/२२

निर्णय नं. ७७

मुद्दाः ऋण असुली

<u>निवेदक/वादीको नाम, थर र वतनः</u>

का.जि.का.म.न.पा. वडा नं. ११ एनएमबि भवन, बबरमहल स्थित मुख्य कार्यालय रहेको एनएमबि बैंक लिमिटेडका तर्फबाट अख्तियार प्राप्त ऐ.का कम्पनी सचिव प्रमोद कुमार दाहाल.....१

<u>प्रतिवादीको नाम, थर र वतनः</u>

का.जि.का.म.न.पा. वडा नं. ३२ (हाल परिवर्तित काठमाडौं महानगरपालिका वडा नं. २९) न्यू प्लाजा पुतलीसडकस्थित न्यू डन वस्को एकाडेमी प्रा.लि..... १

ऐ.का. अख्तियार प्राप्त संचालक हरि लाल गिरीको नाति, दल बहादुर गिरीको छोरा, बाग्लुङ्ग जिल्ला, पैयूपाटा गा.वि.स. वडा नं. २ (हाल परिवर्तित बाग्लुङ नगरपालिका वडा नं. १३) भई हाल का.जि.का.म.न.पा. वडा नं. १० बानेश्वर बस्ने व्यक्तिगत जमानीकर्ता बिष्णु गिरी १

राजिव डान्डेकरको छोरी, दल बहादुर गिरीको बुहारी, बिष्णु गिरीको पत्नी का.जि.का.म.न.पा. वडा नं. १० बानेश्वर बस्ने व्यक्तिगत जमानीकर्ता मेघना गिरी (डान्डेकर) १

हरि लाल गिरीको नाति, दल बहादुर गिरीको छोरा, बाग्लुङ्ग जिल्ला, पैयूपाटा गा.वि.स. वडा नं. २ (हाल परिवर्तित बाग्लुङ्ग नगरपालिका वडा नं. १३) भई हाल का.जि.का.म.न.पा. वडा नं. १० बानेश्वर बस्ने व्यक्तिगत जमानीकर्ता रामकुमार गिरी..... १

<u>निवेदक/वादीको साक्षीः</u> ×

निवेदक/वादीको कागजः

(क) कर्जा तमसुक।

(ख) प्रतिज्ञा पत्र।

(ग) व्यक्तिगत जमानत पत्रको लिखत।

(घ) कर्जा चुक्ता गर्न आउने बारेको ताकेता पत्रहरु।

(ङ) कर्जा चुक्ता गर्ने बारेको सार्वजनिक सूचना।

(च) हाइपोथिकेशन अन्तर्गत मालसामानको धितो सुरक्षण सम्बन्धी लिखत।

<u>प्रतिवादीको साक्षीः</u> ×

प्रतिवादीको कागजः

१. प्रतिवादी न्यू डन वस्को एकाडेमी प्रा.लि.को मिति २०७४।११।२१ को प्रतिउत्तर पत्र।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षी :×

कागजः

१. प्रतिवादीहरुलाई हाजिर हुन आउने बारेको १५ दिने सूचना।

२. ऋणको हिसाबसम्बन्धी देहायको विवरणः

(क) कर्जा दिएको रकम सम्बन्धी विवरण।

(ख) कर्जाको साँवा, व्याज, हर्जाना असुली भएको भए सो देखिने देहाय बमोजिमको (सन्दर्भ अनुसार) छुट्टा-छुट्टै विवरणः

(१) ऋणीले तिरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(२) धितो लिलाम बिक्रीबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(३) धितो सकारबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(ग) प्रकरण (ख) बमोजिम कर्जा असुली भई ऋणीबाट लिनुपर्ने साँवा, व्याज, हर्जाना तथा अन्य रकम सम्बन्धी छुट्टा-छुट्टै देखिने विवरण।

<u>बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम यस न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>संक्षिप्त तथ्य खण्डः</u>

१. प्रतिवादी ऋणी न्यू डन वस्को एकाडेमी प्रा.लि.ले यस बैंकबाट मिति २०६६।१।१० को प्रस्तावपत्र बमोजिम कर्जा सुविधा उपभोग गर्दै आउनु भएकोमा अन्तिम पटक मिति

२०७१।३।२३ मा ओभरड्राफ्ट/क्यास क्रेडिट कर्जा शीर्षक अन्तर्गत वार्षिक १४% व्याजदरमा मिति २०७२।१२।२३ सम्ममा चुक्ता भुक्तान गर्ने गरी रु.२०,००,०००।- कर्जा प्रवाह भएको थियो। उक्त कर्जा दिंदा बिष्णु गिरी, मेघना गिरी (डान्डेकर) र रामकुमार गिरीको व्यक्तिगत जमानीको साथै हाइपोथिकेशन अन्तर्गत मालसामान धितो सुरक्षणमा रहेको थियो। ऋणीले शर्त सम्झौता बमोजिम बाँकी साँवा व्याज नबुझाएकोले बैंकले कर्जा तिर्न विभिन्न मितिमा पटक-पटक पत्राचार गरेको, कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना प्रकाशित गर्दा आंशिक रुपमा व्याज रकम मात्र चुक्ता भुक्तानी भएकोले मिति २०७४।४।३२ सम्मको वक्यौता साँवा रु.२०,००,०००।-, व्याज रु.३,१९,५७९।४६, पेनाल व्याज रु.२३,६७१।४४, व्याजको व्याज रु.२०,३१९।४५, अन्य खर्च रु.२१,०१२।४० र अन्य खर्चमा लागेको व्याज रु.१,३२९।४७ गरी जम्मा रु.२३,८५,९१२।२२ र मिति २०७४।५।१ देखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन हुने दिनसम्मको बैंकको नियमानुसार हुन आउने व्याज रकम विपक्षी ऋणीको चल अचल सम्पत्तिबाट असुल उपर गरी दिलाई भराई पाउँ भन्ने वादी एनएमबि बैंक लिमिटेडको मिति २०७४।६।२५ को उजुरी निवेदन।

२. बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा ऐ.का संचालक तथा व्यक्तिगत जमानीकर्ता बिष्णु गिरी र व्यक्तिगत जमानीकर्ताहरु मेघना गिरी (डान्डेकर) र रामकुमार गिरीले उक्त म्यादभित्र प्रतिउत्तरपत्र नदिई म्याद गुजारी बसेको।

३. यस न्यू डन वस्को एकाडेमी प्रा.लि. कम्पनी रजिष्ट्रारको मिति २०७३।२।९ को निर्णय बमोजिम हालको संचालक तथा शेयरधनी टिकाराम गौतम, अर्जुन खनाल, भानुभक्त रिजाल र रामप्रसाद कंडेल समेतको नाममा नामसारी भई मिति २०७३।३।३ मा हाम्रो नामको शेयरदर्ता किताब कायम भई शेयरदर्ता प्रमाणित भएको छ। यस एकाडेमी हाम्रो नाममा दा.खा. भएदेखि नै निज बिपक्षी मध्येका बिष्णु गिरी हाम्रो सम्पर्कमा समेत हुनुहुन्न। प्रतिवादी मध्येका बिष्णु गिरीले निजको नाममा २०० थान कित्ता शेयर मात्र राख्नु भएको छ। अन्य शेयरहरु हामी शेयर धनीहरुले रकम दिई कम्पनी ऐन बमोजिम खरिद गरि लिएका छौं। विपक्षी बैंकबाट यस बिद्यालय प्रा.लि.ले ऋण लिएको भए हामीले खरिद गर्नु पूर्वका साल सालका अडिट रिपोर्टबाट उक्त ऋण देखाउन सक्नु पर्ने थियो, सो देखाइएको छैन। अर्को कुरा जम्मा ५ लाख पूँजी भएको कम्पनीलाई के कुन व्यहोराबाट बिना धितो

उक्त ऋण प्रवाह गरेको हो, विपक्षीको फिरादमा सो कुरा दावी लिन सक्नु भएको छैन। त्यसमा पनि हामी शेयरधनीले उक्त कम्पनी खरिद गर्नु पूर्व भएको सम्झौता बमोजिम हामी नयाँ शेयरधनीले खरिद गर्नु पूर्वको ऋण धन नाफा नोक्सान पुराना शेयरधनीले व्यहोर्ने र हामी नयाँ शेयरधनीले खरिद गरेपछिको सम्पूर्ण नाफा नोक्सान ऋणधन नयाँ शेयरधनीले व्यहोर्ने सम्झौता भएको थियो। तसर्थ, ऋणमा नयाँ शेयरधनी संचालक एवं यस कम्पनीको तर्फ ऋणको दायित्व वहन गर्नुपर्ने होइन। यस प्रा.लि.को शेयर खरिद गर्दा दावी विरोधको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा विपक्षी बैंकको तर्फबाट कुनै दावी विरोध भएको छैन। सो समयमा उजुरी नगरिसकेपछि लिखत कच्चा ठहर्ने कानूनी व्यवस्था हो। ऋणीको तर्फबाट कुनै धितो नदिएको अवस्थामा के कुन सम्पत्तिबाट धनीले ऋणीबाट लिनुपर्ने साँवा व्याज लेना रकम लिन सक्ने यकिन जेथा नभएपछि विपक्षी बैंकले तत्कालीन ऋणी बिष्णु गिरी तथा व्यक्तिगत जमानी दिने व्यक्तिको व्यक्तिगत सम्पत्तिबाट असुल उपर गर्न सम्बन्धित जिल्ला अदालतमा लेनदेन मुद्दा दायर गर्नुपर्ने हो यस प्रा.लि.का नयाँ शेयरधनीबाट ऋणबाट ऋणको दायित्व बहन गर्नुपर्ने होइन भन्ने समेत व्यहोराको न्यू डनवस्को एकाडेमीका तर्फबाट ऐ.का संचालक अध्यक्ष टिकाराम गौतमको मिति २०७४।११।२१ को प्रतिउत्तर पत्र।

४. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

न्यायाधिकरणको निर्णय खण्डः

५. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री ध्रुव प्रसाद अधिकारीले कर्जा सम्झौता बमोजिम ऋणीले साँवा व्याज नबुझाएको, वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा पटक पटक लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत साँवा व्याज नबुझाएको हुँदा कानूनको हदम्यादभित्र न्यायाधिकरण समक्ष उजुरी निवेदन दिएको हो, मागदावी बमोजिम साँवा व्याज असुल उपर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

६. वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ताको बहस जिकीर तथा प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गर्दा ऐ.का संचालक तथा व्यक्तिगत जमानीकर्ता बिष्णु गिरी, व्यक्तिगत

जमानतकर्ताहरु मेघना गिरी (डाण्डेकर) र रामकुमार गिरीलाई यस न्यायाधिकरणबाट बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद तामेल गरेकोमा निजहरुले प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेको देखिन आयो।

७. प्रतिवादी ऋणी कम्पनी अविछिन्न उत्तराधिकारवाला संस्था हो। वादी बैंकले ऋणी कम्पनीलाई कर्जा प्रदान गरेको देखिन्छ र सो कर्जा नवीकरणका लागि ऋणी कम्पनीका नयाँ सञ्चालकको तर्फबाट मिति २०७३।१२।३१ मा वादी बैंक समक्ष निवेदन समेत दिइएको देखिन्छ। कर्जा प्रदान गर्दा कर्जाको धितो सुरक्षणको रुपमा तत्कालिन संचालकहरुको व्यक्तिगत जमानतको लिखत कागजका अलावा कम्पनीको हक स्वामित्वको चल तथा स्थिर सम्पत्ति समेत वादी बैंकको नाममा हाइपोथिकेट गरिदिएको मिसिलबाट देखिंदा ऋणी कम्पनीबाट कर्जा असुलउपर गरी पाउँ भन्ने व्यहोराको वादी बैंकको उजुरीलाई अन्यथा भन्न मिलेन।

८. ऋण लिएपछि तोकिएको शर्त तथा सम्झौता बमोजिम ऋण चुक्ता गर्नु ऋणीको तथा ऋणीले ऋण चुक्ता नगरेको अवस्थामा आफूले दिएको जमानीको हदसम्मको दायित्व व्यहोर्नु पर्ने जमानीकर्ताको कर्तव्य रहेको हुन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ मा उल्लिखित कानूनी व्यवस्था बमोजिम इजाजत प्राप्त संस्थाले कर्जाको सम्झौता बमोजिम ऋणीसंग आफ्नो साँवा, व्याज असुल उपर गर्न सक्ने छ। सामान्यतयाः सो अनुरुप असुल नभएमा असुलीको लागि न्यायाधिकरण समक्ष उजुरी निवेदन दायर गर्नु कानूनसम्मत् नै देखिन्छ।

९. प्रस्तुत उजुरी निवेदन बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको म्यादभित्र रहेको देखिएको र वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीसंग पटक-पटक लिखित पत्राचार र पत्रिकामा सूचना प्रकाशन लगायतका क्रियाकलाप गर्दा समेत शर्त एवं सम्झौता बमोजिम तिर्नु पर्ने साँवा, व्याज चुक्ता नगरेको देखिंदा प्रतिवादीहरुबाट बाँकी कर्जाको साँवा, व्याज र अन्य खर्च भराई पाउने नै देखिन आयो।

१०. तसर्थ, वादी एनएमबि बैंक लिमिटेडले प्रतिवादी न्यू डन वस्को एकाडेमी प्रा.लि.बाट असुल गर्नु पर्ने भनी दावी लिएको एकमुष्ठ साँवा व्याज रु.२३,८५,९१२।२२ (अक्षरेपी तेईस लाख पचासी हजार नौ सय बाह्र र पैसा बाईस मात्र) र मिति २०७४।५।१ देखि निर्णय मिति २०७६।३।१६ सम्म ६८४ दिनको दावी साँवा रकम रु.२०,००,०००।- (अक्षरेपी बीस लाख मात्र) को वार्षिक व्याजदर १४% ले हुने व्याज रु.५,२४,७१२।३२ (अक्षरेपी पाँच लाख चौबीस हजार सात सय बाह्र र पैसा बत्तीस

मात्र) समेत गरी जम्मा **रु.२९,१०,६२४।५४ (अक्षरेपी उनन्तीस लाख दश हजार छ सय चौबीस र पैसा चौवन्न मात्र)** र दावी साँवा रकम रु.२०,००,०००।- (अक्षरेपी बीस लाख मात्र) को मिति २०७६।३।१७ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १४% ले हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा अन्य प्रचलित कानून बमोजिम वादी एनएमबि बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी ऋणी न्यू डन वस्को एकाडेमी प्रा.लि.को चल अचल सम्पत्तिबाट भराई दिनुपर्ने र सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम व्यक्तिगत जमानीकर्ताहरु बिष्णु गिरी, मेघना गिरी (डान्डेकर) र रामकुमार गिरीको चल अचल सम्पत्तिबाट निजहरुले गरि दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही असुल उपर गरी भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

माथि निर्णय खण्डमा लेखिए बमोजिम वादी एनएमबि बैंक लिमिटेडले भराई पाउने ठहरेको जम्मा **रु.२९,१०,६२४।५४ (अक्षरेपी उनन्तीस लाख दश हजार छ सय चौबीस र पैसा चौवन्न मात्र)** र दावी साँवा रकम रु.२०,००,०००।- (अक्षरेपी बीस लाख मात्र) को मिति २०७६।३।१७ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १४% ले हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी एनएमबि बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी ऋणी न्यू डन वस्को एकाडेमी प्रा.लि.को चल अचल सम्पत्तिबाट भराई दिनु र सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम व्यक्तिगत जमानीकर्ताहरु बिष्णु गिरी, मेघना गिरी (डान्डेकर) र रामकुमार गिरीको चल अचल सम्पत्तिबाट निजहरुले गरि दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही असुल उपर गरी भराई दिनु..... १

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु..... २

यो निर्णयमा चित्त नबुझे प्रतिवादी ऋणी न्यू डन वस्को एकाडेमी प्रा.लि.लाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनु..... ३

व्यक्तिगत जमानीकर्ताहरु बिष्णु गिरी र व्यक्तिगत जमानीकर्ताहरु मेघना गिरी (डान्डेकर) र रामकुमार गिरीले प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेकोले निजहरुलाई पुनरावेदन म्याद दिई रहनु परेन.....४

व्यक्तिगत जमानीकर्ताहरु बिष्णु गिरी, मेघना गिरी (डान्डेकर) र रामकुमार गिरीको नाउँमा मुलुकी देवानी कार्यविधि सहिता, २०७४ को दफा १९७(५) बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा एकतर्फी फैसलाको जनाउ सूचना प्रकाशन गर्नु र सूचना प्रकाशन गर्दा लागेको खर्च हाजिर भएको सम्बन्धित पक्षबाट भराई लिनु.....५

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु.....६

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु.....७

लेखा सदस्य **बैंकिङ्ग सदस्य** **अध्यक्ष**

यो पाना ६ को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः बिनोद फुँयाल।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७६ साल असार १६ गते रोज २ शुभम्.....

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री गोविन्द खनाल

बैंकिङ्ग सदस्य : श्री नरेशराज अर्याल

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०७४ सालको उजुरी निवेदन द.नं. १०१-०७४/५१

निर्णय नं. ७८

मुद्दाः ऋण असुली

<u>निवेदक/वादीको नाम, थर र वतनः</u>

का.जि.का.म.न.पा. वडा नं. ११ थापाथलीस्थित जनता बैंक नेपाल लिमिटेड (साविक सिद्धार्थ डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति गरेको संस्था) को तर्फबाट अख्तियार प्राप्त ऐ. बैंकका प्रमुख कार्यकारी अधिकृत परशुराम कुँवर क्षेत्री.....१

<u>प्रतिवादीको नाम, थर र वतनः</u>

रुपन्देही जिल्ला, बुटवल नगरपालिका वडा नं. १० (परिवर्तित ठेगाना बुटवल महानगरपालिका वडा नं. ८) स्थित ऋणी सपना अटोमोबाइल्स ट्रेडर्स.....१

नारायण प्रसाद ध्वजुको नाति, निम प्रसाद ध्वजुको छोरा, रुपन्देही जिल्ला, बुटवल नगरपालिका वडा नं. १२ (परिवर्तित ठेगाना बुटवल उप-महानगरपालिका वडा नं. १० कालिकानगर) घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ९ सिनामंगल बस्ने ऋणी देवेन्द्र प्रसाद ध्वजु.....१

निम प्रसाद ध्वजुको बुहारी, देवेन्द्र प्रसाद ध्वजकी पत्नी रुपन्देही जिल्ला, बुटवल नगरपालिका वडा नं. १२ (परिवर्तित ठेगाना बुटवल उप-महानगरपालिका वडा नं. १० कालिकानगर) घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ९ बस्ने धनजमानीकर्ता पार्वती श्रेष्ठ ध्वजु १

गंगालाल श्रेष्ठको नाति, दुर्गालाल श्रेष्ठको छोरा, लमजुङ्ग जिल्ला रम्घा गा.वि.स. वडा नं. ४ को साविक मध्यनेपाल नगरपालिका वडा नं. १० को हाल परिवर्तित ऐ.ऐ. वडा नं. ४ बस्ने भुपाल कुमार श्रेष्ठ.....१

<u>निवेदक/वादीको साक्षीः</u> ×

निवेदक/वादीको कागजः

(क) कर्जा आवेदन पत्र।

(ख) कर्जा तमसुक, प्रतिज्ञा पत्र।

(ग) व्यक्तिगत जमानत पत्रको लिखत।

(घ) कर्जा चुक्ता गर्न आउने बारेको ताकेता पत्रहरु।

(ङ) कर्जा चुक्ता गर्ने बारेको सार्वजनिक सूचना।

<u>प्रतिवादीको साक्षीः</u> ×

प्रतिवादीको कागजः

१. प्रतिवादी भुपाल कुमार श्रेष्ठको मिति २०७४।१२।३० को प्रतिउत्तर पत्र।

२. प्रतिवादी सपना अटोमोबाइल्स ट्रेडर्सका प्रोप्राइटर देवेन्द्र प्रसाद ध्वजुको मिति २०७५।२।२५ को प्रतिउत्तर पत्र।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षी :×

कागजः

१. प्रतिवादी हाजिर हुन आउने बारेको १५ दिने सूचना।

२. ऋणको हिसाबसम्बन्धी देहायको विवरणः

(क) कर्जा दिएको रकम सम्बन्धी विवरण।

(ख) कर्जाको साँवा, व्याज, हर्जाना असुली भएको भए सो देखिने देहाय बमोजिमको (सन्दर्भ अनुसार) छुट्टा-छुट्टै विवरणः

(१) ऋणीले तिरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(२) धितो लिलाम बिक्रीबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(३) धितो सकारबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(ग) प्रकरण (ख) बमोजिम कर्जा असुली भई ऋणीबाट लिनुपर्ने साँवा, व्याज, हर्जाना तथा अन्य रकम सम्बन्धी छुट्टा-छुट्टै देखिने विवरण।

३. प्रतिवादी मध्येका भुपाल कुमार श्रेष्ठले दिएको व्यक्तिगत जमानीको लिखत सक्कलै प्रति

वादीबाट झिकाउने मिति २०७५।९।३० को आदेश।

४. उजुरी निवेदनको प्रकरण २ को खण्ड (क) र (ख) मा उल्लिखित जग्गाहरुको धितो लिलाम बिक्रीसम्बन्धी कागजातहरुको प्रमाणित प्रतिलिपि झिकाउने मिति २०७५।९।३० को आदेश।

<u>बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम यस न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>संक्षिप्त तथ्य खण्डः</u>

१. यस बैंक (साविक सिद्धार्थ डेभलपमेण्ट बैंक) बाट प्रतिवादी सपना अटोमोबाइल्स ट्रेडर्स तथा ऐ.का प्रोप्राइटर देवेन्द्र प्रसाद ध्वजुले व्यापारिक कर्जा (डिमाण्ड लोन) र चालु पुँजी कर्जा (वर्किङ्ग क्यापिटल) कर्जा शीर्षक अन्तर्गत वार्षिक १४% व्याजदरमा क्रमशः रु.५,००,००,०००।- र रु.४,००,००,०००।- तथा सरल (क्रेडिट लाइन) कर्जा शीर्षक अन्तर्गत वार्षिक १४.५०% व्याजदरमा रु.३,००,००,०००।- कर्जा उपभोग गर्नु भएको थियो। सो मध्ये सरल कर्जा मिति २०७०।९।१० तथा व्यापारिक तथा चालुपूँजी कर्जा मिति २०७०।९।६ सम्मका लागि नविकरण गरिएको थियो। कर्जा दिंदा सपना अटोमोबाइल्स ट्रेडर्सका प्रोप्राइटर देवेन्द्र प्रसाद ध्वजुको नाममा दर्ता रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९/ख स्थित कि.नं. ५५२ को क्षे.फ. ०-४-१७$^{३/४}$ जग्गा र सोमा बनेको घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत र प्रतिवादी भुपाल कुमार श्रेष्ठको नाममा दर्ता रहेको रुपन्देही जिल्ला, टिकुलगढी गा.वि.स. वडा नं. ५'ग' स्थित कि.नं. ४०२, ४०८, ४१०, १७५ र १७६ को क्रमशः क्षे.फ. ०-४-८, ०-३-१०, १-६-०, ०-२-१४ र ०-३-१० जग्गा र सम्पूर्ण लिललगापात समेत धितो राखि दिनुका साथै प्रतिवादीहरु देवेन्द्र प्रसाद ध्वजु र पार्वती श्रेष्ठ ध्वजुको व्यक्तिगत जमानी रहेको थियो। ऋणीले शर्त सम्झौता बमोजिम साँवा व्याज नबुझाएकोले बैंकले कर्जा तिर्न विभिन्न मितिमा पटक-पटक पत्राचार गरेको थियो। कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना प्रकाशित गरेको थियो। ऋणी देवेन्द्र प्रसाद ध्वजुले बैंकको कर्जा आंशिक चुक्ता गरी साविक धितो सुरक्षण फुकुवा गर्न र अर्को धितो स्वरुप निजको नाममा रहेको सिनर्जी

फाइनान्स लिमिटेडको १०१००० कित्ता शेयर धितो राख्न दिएको निवेदन अनुसार निजले कर्जाको साँवा घटाउन नसकेकोले निजको नाममा रहेको सो शेयर रोक्का राख्न सिनर्जी फाइनान्स लिमिटेडलाई पत्राचार गरिएकोमा उक्त शेयरहरु नेपाल राष्ट्र बैंकबाट रोक्का रहेकोले उक्त बैंकबाट फुकुवा भए पश्चात् रोक्का राखिने पत्र प्राप्त भएको थियो।

कर्जा चुक्ताका लागि पटक पटक पत्राचार गर्दा पनि ऋणीले कर्जा चुक्ता नगरेकोले ऋणी देवेन्द्र प्रसाद ध्वजुको नाममा रहेको धितो लिलामीको लागि मिति २०७१।५।५ मा नागरिक दैनिकमा सूचना प्रकाशित गरेकोमा ऋणी देवेन्द्र प्रसाद ध्वजुका छोराहरुले काठमाडौं जिल्ला अदालतमा अन्तरिम आदेश सहितको निषेधाज्ञाको आदेश जारी गरी पाउँ भनी दायर गरेको मुद्दामा काठमाडौं जिल्ला अदालतबाट निज ऋणी देवेन्द्र प्रसाद ध्वजुको नाउँको जग्गाको ५ भागको ३ भाग विपक्षीहरुको लिखित जवाफ परेपछी पुनः बिचार हुनसक्ने गरी लिलाम बिक्री नगर्नु/नगराउनु भनी निषेधाज्ञा जारी भई कर्जा असुली प्रकृया अवरुद्ध भएको थियो। काठमाडौं जिल्ला अदालतबाट मिति २०७३ चैत्रमा फैसला भई पूर्णपाठ प्राप्त भए पश्चात् सुरक्षणमा रहेको देवेन्द्र प्रसाद ध्वजुको नामको धितो लिलाम बिक्रीका लागि मिति २०७४।३।४ मा नागरिक दैनिकमा सूचना प्रकाशित गर्दा कसैको पनि बोलपत्र परेको थिएन। मिति २०७४।३।२० मा पुनः नागरिक दैनिकमा लिलामी सूचना प्रकाशित गरिएको थियो। उक्त लिलामी सूचना प्रकाशित गरे पश्चात् ऋणी देवेन्द्र प्रसाद ध्वजुका छोराहरुबाटै उच्च अदालत पाटनमा अन्तरिम आदेश सहितको निषेधाज्ञाको आदेश जारी गरी पाउन निषेधाज्ञा मुद्दा दायर भई ऋणी देवेन्द्र प्रसाद ध्वजुका नाममा म्याद तामेल हुन नसकी पेशी चढ्न नसकेको अवस्था छ। धितोमा रहेको भुपाल कुमार श्रेष्ठको जग्गा लिलामीका लागि मिति २०७१।११।१५ गते नागरिक दैनिकमा सूचना प्रकाशित गरिएकोमा सबैभन्दा बढी रु.२,१८,५०,०००।- बोलकबोल गर्ने भुवन कुमार श्रेष्ठको नाममा नामसारी दा.खा. गरिएको र सो रकम ऋणी देवेन्द्र प्रसाद ध्वजुको सरल कर्जामा हिसाब मिलान गरिएकोले लेना बाँकी मिति २०७४।९।१ सम्मको साँवा रु.९,८८,७२,०७८।४७, व्याज रु.८,८५,९१,७८९।६७ गरी जम्मा रु.१८,७४,६३,८६८।१४ र मिति २०७४।९।२ देखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन हुने दिनसम्मको बैंकको नियमानुसार हुन आउने व्याज रकम विपक्षी ऋणीको नाममा रहेको उल्लिखित धितो लिलाम हुन नसकेको सम्पत्तिका साथै अन्य जुनसुकै चल अचल सम्पत्तिबाट असुल उपर गरी दिलाई भराई पाउँ भन्ने वादी जनता बैंक नेपाल लिमिटेडको मिति २०७४।९।५ को उजुरी निवेदन।

२. बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा व्यक्तिगत जमानीकर्ता पार्वती श्रेष्ठ ध्वजुले उक्त म्यादभित्र प्रतिउत्तरपत्र नदिई म्याद गुजारी बसेको।

३. देवेन्द्र प्रसाद ध्वजु मेरा चिनजानका मानिस भएकोले निजले विपक्षी संस्थासंग व्यक्तिगत प्रयोजनका लागि लिन लागेको सरल कर्जाको लागि मैले निजलाई मेरो नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता रही रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स. वडा नं. ५(ग) कि.नं. ४०२, ४०८, ४१०, १७५ र १७६ क्षे.फ. क्रमशः ०-४-८, ०-३-१०, १-६-०, ०-२-१४ र ०-३-१० जग्गाहरु धितो लेखी दिएको हो। मैले विपक्षी वादीलाई उपरोक्त कर्जाको लागि उक्त धितो दिंदा उक्त धितोले खामेसम्मको कर्जाका लागि मञ्जुरी दिएको र उक्त धितो बाहेक व्यक्तिगतरुपमा उक्त कर्जासंग सम्बन्धित अन्य कुनै पनि प्रकारको दायित्व नरहने र नव्यहोर्ने शर्तमा धितो दिएको थिए। म प्रतिउत्तरवालाले उपरोक्त ऋणका सम्बन्धमा कुनै जमानत दिएको छैन। ऋणका लागि केवल धितो उपलब्ध गराएको हुँ। मैले धितो उपलब्ध गराएको सम्पत्ति लिलाम बिक्री गरिसकेपछि मेरो दायित्व स्वतः समाप्त भएकोमा म समेतलाई प्रतिवादी बनाई दायर गरेको फिराद मेरो हकमा स्वतः बदरभागी छ भन्ने समेतको प्रतिवादी भुपाल कुमार श्रेष्ठको मिति २०७४।१२।३० को प्रतिउत्तर पत्र।

४. मैले विपक्षी बैंकसंग सरल कर्जा, व्यापारिक कर्जा र चालु पूँजी कर्जा गरी जम्मा रु.१२,००,००,०००।- कर्जा स्वीकृत गराई सुविधा उपभोग गरेको हुँ। कर्जाका लागि मैले मेरो नाममा रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९/ख स्थित कि.नं. ५५२ को क्षे.फ. ०-४-१७$^{३/४}$ घर जग्गा र भुपाल कुमार श्रेष्ठको नाममा रहेको रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स. वडा नं. ५(ग) कि.नं. ४०२, ४०८, ४१०, १७५ र १७६ क्षे.फ. क्रमशः ०-४-८, ०-३-१०, १-६-०, ०-२-१४ र ०-३-१० जग्गाहरु धितो लेखि दिएका थिए। त्यसमध्ये मेरो घरजग्गा ३० करोड र भुपाल कुमार श्रेष्ठको जग्गा ५ करोड पर्ने। बैंकले लगानी गर्दाको बखत २० करोड र ४ करोड मूल्याङ्कन भएको थियो। उक्त धितो मध्ये भुपाल कुमार श्रेष्ठको जग्गा बैंकले रु.२,१८,००,०००।- मा लिलाम गऱ्यो। हाम्रो करोडौंको जग्गा कौडीको भाउमा भुवन कुमार श्रेष्ठलाई दिइएको पाइयो। विपक्षी बैंकले मलाई फसाउने बदनियतले मूल्य घटाई हाम्रो सम्पत्ति लिलामको नाटक मञ्चन गरी अरुलाई दिई नपुग रकम भनी त्यत्रो ठुलो रकम दावी गर्न मिल्दैन। मैले बैंकलाई १२ करोड कर्जा लिंदा ३५ करोडभन्दा बढीको

धितो लेखी दिएको र सोमा साँवा व्याज गरी रु.३,१३,४१,७२८ बुझाइसकेको छु। मैले तिरेको रकम साँवामा कटाउनु पर्नेमा व्याजमा कटाउँदै व्याजलाई पुनः साँवामा गाभ्दै लेना बाँकी बढाउने अधिकार विपक्षी बैंकलाई छैन। मैले तिरेको साँवा व्याज र त्यसमा नपुग केवल भुपाल कुमार श्रेष्ठले लेखिदिएको धितोबाट मात्र पर्याप्त हुनेमा त्यति धेरै रकमको मागदावी गर्ने अधिकार विपक्षी बैंकलाई छैन भन्ने समेतको प्रतिवादी सपना अटोमोबाइल्स ट्रेडर्सका प्रोप्राइटर देवेन्द्र प्रसाद ध्वजुको मिति २०७५।२।२५ को प्रतिउत्तर पत्र।

५. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

न्यायाधिकरणको निर्णयः

६. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री चन्द्रमणि पौड्याललले कर्जा सम्झौता बमोजिम ऋणीले साँवा व्याज नबुझाएको, वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा पटक-पटक लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत साँवा व्याज नबुझाएको हुँदा कानूनको हदम्यादभित्र न्यायाधिकरण समक्ष उजुरी निवेदन दिएको हो, मागदावी बमोजिम साँवा व्याज असुल उपर गरी पाउँ भनी गर्नु भएको बहस तथा प्रतिवादी भुपाल कुमार श्रेष्ठको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री भानुभक्त पोखरेलले वादी बैंकले व्यक्तिगत जमानीकर्तालाई विपक्षी नै बनाउनु पर्ने अवस्था नै होइन, व्यक्तिगत जमानी दिएको छैन, धितो जमानत दिनेको दायित्व धितोमा रहेको जेथासम्ममा मात्र सीमित हुने हुँदा प्रतिवादी भुपाल कुमार श्रेष्ठको हकमा वादीदावी आजै खारेज होस् भनी गर्नु भएको बहस समेत सुनियो।

७. वादी तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरुको बहस जिकीर तथा प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गर्दा व्यक्तिगत जमानीकर्ता पार्वती श्रेष्ठ ध्वजुलाई यस न्यायाधिकरणबाट बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद तामेल गरेकोमा निजले प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेको देखिन आयो।

८. ऋण लिएपछि तोकिएको शर्त तथा सम्झौता बमोजिम ऋण चुक्ता गर्नु ऋणीको तथा ऋणीले ऋण चुक्ता नगरेको अवस्थामा आफूले दिएको जमानीको हदसम्मको दायित्व

व्यहोर्नु पर्ने जमानीकर्ताको कर्तव्य रहेको हुन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ मा उल्लिखित कानूनी व्यवस्था बमोजिम इजाजत प्राप्त संस्थाले कर्जाको सम्झौता बमोजिम ऋणीसंग आफ्नो साँवा, व्याज असुल उपर गर्न सक्ने र सामान्यतयाः सो अनुरुप असुल नभएमा असुलीको लागि न्यायाधिकरण समक्ष उजुरी निवेदन दायर गर्नु कानूनसम्मत् नै देखिन्छ।

९. प्रतिवादी ऋणी देवेन्द्र प्रसाद ध्वजुले धितोमा रहेको मध्ये एउटा धितो कम मूल्यमा लिलाम बिक्री गरेको भन्ने जिकीर लिएको तर्फ विचार गर्दा सो लिलाम बिक्रीमा चित्त नबुझे प्रतिवादीले प्रचलित कानून बमोजिम उपचार खोजेको नदेखिएकोले सो जिकीरसंग सहमत हुन सकिएन। मुलुकी देवानी सहिता, २०७४ को दफा ५८७ उपदफा २ मा "धितोमा रहेको वस्तु धितो लिने ऋणीबाट असुल उपर गर्नुपर्ने रकमभन्दा कम मूल्यमा बिक्री भएमा त्यसरी नपुग भएसम्मको रकम ऋणीको अरु सम्पत्तिबाट भराई लिन पाउने छ" भन्ने व्यवस्था रहेको सन्दर्भमा धितो सुरक्षण दिने व्यक्तिको दायित्व आफूले दिएको धितोले खामेसम्मको रकममा मात्र सीमित रहने र धितोले नखामेको दायित्व सम्बन्धित ऋणीमा नै रहन जाने देखिन्छ। प्रतिवादी भुपाल कुमार श्रेष्ठले धितो जमानत मात्र दिएको, सुरक्षणमा रहेको सो धितो लिलाम बिक्री भैसकेको अवस्था देखिन्छ। मिति २०७५।९।३० को यस न्यायाधिकरणको आदेश अनुरुपको विवरण पेश गर्ने क्रममा वादी बैंकले भुपाल कुमार श्रेष्ठको धितो जमानतको कागज रहेको तर व्यक्तिगत जमानीको कागजात नभएको भनी उल्लेख गरेको देखिएकोले प्रतिवादी भुपाल कुमार श्रेष्ठको हकमा वादी दावीबाट उन्मुक्ती हुने ठहर्छ।

१०. प्रस्तुत उजुरी निवेदन बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको म्यादभित्रै रहेको देखिएको र वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीसंग पटक-पटक लिखित पत्राचार र पत्रिकामा सूचना प्रकाशन लगायतका क्रियाकलाप गर्दा समेत शर्त एवं सम्झौता बमोजिम तिर्नु पर्ने साँवा, व्याज चुक्ता नगरेको देखिंदा प्रतिवादीहरु सपना अटोमोबाइल्स ट्रेडर्सका प्रोप्राइटर देवेन्द्र प्रसाद ध्वजु र ऐ.का व्यक्तिगत जमानीकर्ता पार्वती श्रेष्ठ ध्वजुबाट बाँकी कर्जाको साँवा, व्याज र अन्य खर्च भराई पाउने नै देखिन आयो।

११. तसर्थ, वादी जनता बैंक नेपाल लिमिटेडले प्रतिवादी सपना अटोमोबाइल्स ट्रेडर्सबाट असुल गर्नु पर्ने भनी दावी लिएको एकमुष्ठ साँवा व्याज रु.१८,७४,६३,८६८।१४ (अक्षरेपी अठ्ठार करोड चौहत्तर लाख त्रिसठ्ठी हजार आठ सय अठसठ्ठी र पैसा चौध मात्र) र मिति

२०७४।९।२ देखि निर्णय मिति २०७६।३।१६ सम्म ५६२ दिनको सपना अटोमोबाइल्स ट्रेडर्सको व्यापारिक कर्जा वापतको दावी साँवा रु.४,९८,००,०००।- को हकमा १८% तथा बाँकी अन्य कर्जाहरु वापतको दावी साँवा रु.४,९०,७२,०७८।४७ को हकमा १६% का दरले हुन आउने जम्मा व्याज रकम रु.२,५८,९१,३१३।१३ समेत गरी जम्मा **रु.२१,३३,५५,१८१।२७ (अक्षरेपी एक्काईस करोड तेत्तीस लाख पचपन्न हजार एक सय एकासी र पैसा सत्ताईस मात्र)** र दावी साँवा रकम रु.९,८८,७२,०७८।४७ (अक्षरेपी नौ करोड अठासी लाख बहत्तर हजार अठहत्तर र पैसा सतचालीस मात्र) मध्ये प्रतिवादी सपना अटोमोबाइल्स ट्रेडर्सका व्यापारिक कर्जाको दावी साँवा रु.४,९८,००,०००।- को हकमा १८% तथा बाँकी अन्य कर्जा वापतको दावी साँवा रु.४,९०,७२,०७८।४७ को हकमा १६% का दरले मिति २०७६।३।१७ देखि भरिभराउ हुने दिनसम्मको हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा अन्य प्रचलित कानून बमोजिम वादी जनता बैंक नेपाल लिमिटेडलाई प्रथमतः धितोमा रहेको जेथा लिलाम बिक्री गरी भराई दिनुपर्ने, सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी सपना अटोमोबाइल्स ट्रेडर्स र ऐ.का प्रोप्राइटर देवेन्द्र प्रसाद ध्वजुको चल अचल सम्पत्तिबाट भराई दिनुपर्ने र सोबाट समेत वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम व्यक्तिगत जमानीकर्ता पार्वती श्रेष्ठ ध्वजुको चल अचल सम्पत्तिबाट निजले गरि दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही असुल उपर गरी भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

माथि निर्णय खण्डमा लेखिए बमोजिम वादी जनता बैंक नेपाल लिमिटेडले भराई पाउने ठहरेको जम्मा **रु.२१,३३,५५,१८१।२७ (अक्षरेपी एक्काईस करोड तेत्तीस लाख पचपन्न हजार एक सय एकासी र पैसा सत्ताईस मात्र)** र दावी साँवा रकम रु.९,८८,७२,०७८।४७ (अक्षरेपी नौ करोड अठासी लाख बहत्तर हजार अठहत्तर र पैसा सतचालीस मात्र) मध्ये प्रतिवादी सपना अटोमोबाइल्स ट्रेडर्सका व्यापारिक कर्जाको दावी साँवा रु.४,९८,००,०००।- को हकमा १८% तथा बाँकी अन्य कर्जा वापतको दावी साँवा रु.४,९०,७२,०७८।४७ को हकमा १६% का दरले मिति २०७६।३।१७ देखि भरिभराउ हुने दिनसम्मको हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को

नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी जनता बैंक नेपाल लिमिटेडलाई प्रथमतः धितोमा रहेको जेथा लिलाम बिक्री गरी भराई दिनु, सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी सपना अटोमोबाइल्स ट्रेडर्स र ऐ.का प्रोप्राइटर देवेन्द्र प्रसाद ध्वजुको चल अचल सम्पत्तिबाट भराई दिनु र सोबाट समेत वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम व्यक्तिगत जमानीकर्ता पार्वती श्रेष्ठ ध्वजुको चल अचल सम्पत्तिबाट निजले गरि दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही असुल उपर गरी भराई दिनु १

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु २

यो निर्णयमा चित्त नबुझे सपना अटोमोबाइल्स ट्रेडर्सका प्रोप्राइटर देवेन्द्र प्रसाद ध्वजुलाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनु..... ३

व्यक्तिगत जमानीकर्ता पार्वती श्रेष्ठ ध्वजुले प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेकोले निजलाई पुनरावेदन म्याद दिई रहनु परेन..... ४

व्यक्तिगत जमानीकर्ता पार्वती श्रेष्ठ ध्वजुको नाउँमा मुलुकी देवानी कार्यविधि सहिता, २०७४ को दफा १९७(५) बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा एकतर्फी फैसलाको जनाउ सूचना प्रकाशन गर्नु र सूचना प्रकाशन गर्दा लागेको खर्च हाजिर भएको सम्बन्धित पक्षबाट भराई लिनु..... ५

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु..... ६

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु..... ७

लेखा सदस्य **बैंकिङ्ग सदस्य** **अध्यक्ष**

यो पाना ६ को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः बिनोद फुँयाल।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७६ साल असार १६ गते रोज २ शुभम्.....

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री गोविन्द खनाल

बैंकिङ्ग सदस्य : श्री नरेशराज अर्याल

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०७४ सालको उजुरी निवेदन द.नं. १०१-०७४/९३

निर्णय नं. ८५

मुद्दाः ऋण असुली

<u>निवेदक/वादीको नाम, थर र वतनः</u>

काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ दरबार मार्गस्थित साविक एपेक्स डेभलपमेण्ट बैंक लिमिटेड, नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडसंग गाँभिएर हाल कायम का.जि. का.म.न.पा. वडा नं. २८ बागबजार स्थित नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको तर्फबाट अख्तियार प्राप्त ऐ. बैंकका प्रमुख कार्यकारी अधिकृत रमेश राज अर्याल.....१

<u>प्रतिवादीको नाम, थर र वतनः</u>

का.जि.का.म.न.पा. वडा नं. ३२ (हाल २९) अनामनगरमा रजिष्टर्ड कार्यालय रहेको ऋणी एवं संस्थागत जमानतकर्ता कम्पनी गुरु गोरखनाथ हाउजिङ्ग प्रा.लि. १

खेमनाथ भेटवालको नाति, भैरव प्रसाद भेटवालको छोरा, झापा जिल्ला, साविक अनारमनी गा.वि.स.को नाम परिवर्तन भई कायम भएको वितामोड न.पा. वडा नं. ६ हाल वितामोड न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा. वडा नं. ३२ (हाल २९) अनामनगर बस्ने ऋणी कम्पनीको एकल शेयरधनी एवं व्यक्तिगत जमानतकर्ता मन्जिल भेटवाल १

<u>निवेदक/वादीको साक्षीः</u> ×

निवेदक/वादीको कागजः

(क) कर्जा तमसुक।

(ख) कर्जा स्वीकृत पत्र/प्रतिज्ञा पत्र।

(ग) व्यक्तिगत धनजमानीको लिखत।

(घ) संस्थागत जमानीको लिखत।

<u>प्रतिवादीको साक्षीः</u> ×

प्रतिवादीको कागजः

१. प्रतिवादी गुरु गोरखनाथ हाउजिङ्ग प्रा.लि. र ऐ. कम्पनीका एकल शेयरधनी एवं व्यक्तिगत जमानतकर्ता मन्जिल भेटवालको संयुक्त प्रतिउत्तर पत्र।

(ङ) धितो दृष्टिबन्धक लिखत।

(च) कर्जा चुक्ता गर्न आउने बारेको ताकेता पत्रहरु।

(छ) कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना।

(ज) धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षी :×

कागजः

१. यसमा ऋण लिंदा राखेको धितो विपक्षी बैंकले ऋण प्रवाह गर्दा गरेको मूल्य भन्दा कम मूल्यमा लिलाम बिक्री गरेको, विपक्षी बैंकको मिलोमतोमा एक्जिम नेपाल प्रा.लि.लाई एकमुष्ठ रु.३,९९,२२,७५७।४३ बोलपत्र पेश गर्न लगाई लिलाम गरेको कार्य कानून सम्मत् छैन, वादीको मागदावी अन्यायपूर्ण छ भन्ने समेत व्यहोराको प्रतिवादी गुरु गोरखनाथ हाउजिङ्ग प्रा.लि. र मन्जिल भेटवालको प्रतिउत्तर जिकीर रहेको देखिंदा उक्त कर्जा प्रवाह हुँदाका बखत धितोमा रहेको जग्गाको लिलाम बिक्री सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको वारेस मार्फत झिकाउने मिति २०७५।६।१८ को आदेश।

२. ऋणको हिसाबसम्बन्धी देहायको विवरणः

(क) कर्जा दिएको रकम सम्बन्धी विवरण।

(ख) कर्जाको साँवा, व्याज, हर्जाना असुली भएको भए सो देखिने विवरणः

(१) ऋणीले तिरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(२) धितो लिलाम बिक्रीबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(३) धितो सकारबाट हिसाब लान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(ग) प्रकरण (ख) बमोजिम कर्जा असुली भई ऋणीबाट लिनुपर्ने साँवा, व्याज, हर्जाना तथा अन्य रकम सम्बन्धी छुट्टा-छुट्टै देखिने विवरण।

<u>बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम यस न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>संक्षिप्त तथ्य खण्डः</u>

१. प्रतिवादी ऋणी एवं संस्थागत जमानतकर्ता गुरु गोरखनाथ हाउजिङ्ग प्रा.लि.लाई साविक एपेक्स डेभलपमेण्ट बैंक लिमिटेडबाट निजले मिति २०७२।७।१७ मा पेश गरेको कर्जा निवेदन अनुसार मिति २०७२।८।१० मा कर्जा स्वीकृत भई ३ वर्षको भाखा राखी रियल स्टेट कर्जा शीर्षक अन्तर्गत रु.४,००,००,०००।- कर्जा प्रवाह भएको थियो। कर्जा लिंदा ऋणी एवं संस्थागत जमानतकर्ता कम्पनी गुरु गोरखनाथ हाउजिङ्ग प्रा.लि.को नाममा दर्ता रहेको भक्तपुर जिल्ला, साविक ताथली गा.विj`.स. वडा नं. ६ग स्थित कि.नं. १३, १०१, ४०४, ४०५, ४४१, ६२७ एवं ६२९ को क्षे.फ. क्रमशः २-२-१-०, २-७-०-०, ०-३-१-२, ०-६-३-०, ०-१४-१-०, ०-७-०-० एवं ०-३-२-० जग्गा एवं सोमा बनेको लिगलगापात समेत धितो सुरक्षण राखी दिनुका साथै निज गुरु गोरखनाथ हाउजिङ्ग प्रा.लि.को संस्थागत जमानी र ऋणी कम्पनीका एकल शेयर धनी मन्जिल भेटवालको रु. ४ करोडको व्यक्तिगत धनजमानी समेत रहेको थियो। ऋणीले शर्त सम्झौता बमोजिम साँवा व्याज नबुझाएकोले बैंकले कर्जा तिर्न विभिन्न मितिमा पटक-पटक पत्राचार गरेको, कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना प्रकाशित गरेको, धितो सुरक्षणमा रहेको सम्पत्ति मिति २०७४।३।१५ गतेमा लिलामी सूचना प्रकाशित गरिएकोमा उक्त सूचना बमोजिम पर्न आएको बोलपत्र मध्ये एक्जीम नेपाल प्रा.लि.ले एकमुष्ठ रु.३,९९,२२,७५७।४३ मा धितो सकार गरेकोमा लिलाम बिक्री वापत प्राप्त रकम कर्जा हिसाबमा मिलान गर्दा समेत बैंकको सम्पूर्ण कर्जा चुक्ता नभएकोले मिति २०७४।८।२२ सम्मको वक्यौता साँवा रु.५,००,०००।-, व्याज एवं हर्जाना व्याज रु.८७,१०,८३१।८१ गरी जम्मा रु.९२,१०,८३१।८१ र मिति २०७४।८।२३ देखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन हुने दिनसम्मको वार्षिक १२% का दरले हुन आउने व्याज रकम विपक्षीबाट असुल उपर गरी दिलाई भराई पाउँ भन्ने वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको मिति २०७४।११।१३ को उजुरी निवेदन।

२. मैले भक्तपुर ताथली ६/ग को कि.नं. १३, १४१, ४०४, ४०५, ४४१, ६२७ र ६२९ का जग्गा धितो राखी मिति २०७२।८।१० मा रु. ४ करोड कर्जा लिएको साँचो हो। मैले कर्जा लिंदा उल्लिखित धितोको स्वयं बैंकले Distress value रु.५,३६,७६,०००।-

मूल्याङ्कन गरेको थियो। त्यो मूल्याङ्कन भनेको चलन चल्तीको मूल्याङ्कन होइन। हाल उक्त जग्गा कम्तीमा पनि बीसौं करोड पर्छ। मैले विविध समस्याले गर्दा तोकिएको समयमा ऋण तिर्न नसकेको कुरा सत्य हो। यस्तो अवस्थामा विपक्षी बैंकले एक आपसमा मिलेमतो गरी एक्जीम नेपाल प्रा.लि.लाई एकमुष्ठ रु.३,९९,२२,७५७।४३ मा बोलपत्र पेश गर्न लगाई लिलाम गरेको कार्य कदापी पनि कानून सम्मत् छैन। मेरो बीसौं करोडभन्दा मूल्यवान जग्गा विपक्षी बैंक समेतको मिलेमतोबाट लिलाम गरी मलाई ठुलो मर्कामा गरेको अवस्था छ। विपक्षी बैंकले उक्त मेरो सम्पत्ति लिलाम गर्दा बैंकको लेना सम्पूर्ण साँवा व्याज असुल उपर भई वास्तविक लिलामबाट प्राप्त हुने करोडौं रुपैयाँ मैले प्राप्त गर्नु पर्ने अवस्थामा रु.९४,१०,८३१।८१ मागदावी गरी दायर गरेको फिरादै अन्यायपूर्ण छ, विपक्षीको अन्यायपूर्ण मागदावी खारेज गरी पाउँ भन्ने समेतको प्रतिवादी गुरु गोरखनाथ हाउजिङ्ग प्रा.लि. र ऐ. कम्पनीका एकल शेयरधनी एवं व्यक्तिगत जमानतकर्ता मन्जिल भेटवालको मिति २०७५।४।२८ को संयुक्त प्रतिउत्तर पत्र।

३. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

न्यायाधिकरणको निर्णय खण्डः

४. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री चक्रबहादुर कठायतले कर्जा सम्झौता बमोजिम ऋणीले साँवा व्याज नबुझाएको, वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा पटक पटक लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत साँवा व्याज नबुझाएको हुँदा कानूनको हदम्यादभित्र न्यायाधिकरण समक्ष उजुरी निवेदन दिएकोले मागदावी बमोजिम साँवा व्याज असुल उपर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

५. वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ताको बहस जिकीर तथा प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गर्दा प्रतिवादी ऋणी गुरु गोरखनाथ हाउजिङ्ग प्रा.लि. र ऐ. कम्पनीका एकल शेयरधनी एवं व्यक्तिगत जमानतकर्ता मन्जिल भेटवालले वादी बैंकले धितोमा रहेका जग्गाहरुको कम मूल्याङ्कन गरी बिक्री गरेको भन्ने जिकीर लिएको तर्फ विचार गर्दा सो लिलाम बिक्रीमा चित्त नबुझेको भए प्रचलित कानून बमोजिम उपचार खोज्नु पर्नेमा त्यस्तो उपचार खोजेको नदेखिएकोले प्रतिवादीको प्रतिउत्तर जिकीरसंग सहमत हुन सकिएन।

६. ऋण लिएपछि तोकिएको शर्त तथा सम्झौता बमोजिम ऋण चुक्ता गर्नु ऋणीको तथा ऋणीले ऋण चुक्ता नगरेको अवस्थामा आफूले दिएको जमानीको हदसम्मको दायित्व व्यहोर्नु पर्ने जमानीकर्ताको कर्तव्य रहेको हुन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ मा उल्लिखित कानूनी व्यवस्था बमोजिम इजाजत प्राप्त संस्थाले कर्जाको सम्झौता बमोजिम ऋणीसंग आफ्नो साँवा, व्याज असुल उपर गर्न सक्ने छ। सामान्यतयाः सो अनुरुप असुल नभएमा असुलीको लागि न्यायाधिकरण समक्ष उजुरी निवेदन दायर गर्नु कानूनसम्मत् नै देखिन्छ।

७. प्रस्तुत उजुरी निवेदन बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको म्यादभित्र रहेको देखिएको र वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीसंग पटक-पटक लिखित पत्राचार र पत्रिकामा सूचना प्रकाशन लगायतका क्रियाकलाप गर्दा समेत शर्त एवं सम्झौता बमोजिम तिर्नु पर्ने साँवा, व्याज चुक्ता नगरेको देखिंदा प्रतिवादीहरुबाट बाँकी कर्जाको साँवा, व्याज र अन्य खर्च भराई पाउने नै देखिन आयो।

८. तसर्थ, वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडले प्रतिवादी ऋणी गुरु गोरखनाथ हाउजिङ्ग प्रा.लि.बाट असुल गर्नु पर्ने भनी दावी लिएको एकमुष्ठ साँवा व्याज रु.९२,१०,८३१।८१ (अक्षरेपी बयानब्बे लाख दश हजार आठ सय एकत्तीस र पैसा एकासी मात्र) र मिति २०७४।८।२३ देखि निर्णय मिति २०७६।३।३१ सम्म ५८५ दिनको दावी साँवा रकम रु.५,००,०००।- (अक्षरेपी पाँच लाख मात्र) को वार्षिक व्याजदर १२% ले हुने व्याज रु.९६,१६४।३८ (अक्षरेपी छयाननब्बे हजार एक सय चौसठ्ठी र पैसा अठतीस मात्र) समेत गरी जम्मा **रु.९३,०६,९९६।१९ (अक्षरेपी त्रियानब्बे लाख छ हजार नौ सय छयानब्बे र पैसा उन्नाईस मात्र)** र दावी साँवा रकम रु.५,००,०००।- (अक्षरेपी पाँच लाख मात्र) को मिति २०७६।४।१ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १२% ले हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा अन्य प्रचलित कानून बमोजिम वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी ऋणी गुरु गोरखनाथ हाउजिङ्ग प्रा.लि.को चल अचल सम्पत्तिबाट भराई दिनुपर्ने र सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम ऐ. कम्पनीका एकल शेयरधनी एवं व्यक्तिगत जमानतकर्ता मन्जिल भेटवालको चल अचल सम्पत्तिबाट भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

माथि निर्णय खण्डमा लेखिए बमोजिम वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडले भराई पाउने ठहरेको **रु.९३,०६,९९६।१९ (अक्षरेपी त्रियानब्बे लाख छ हजार नौ सय छयानब्बे र पैसा उन्नाईस मात्र)** र दावी साँवा रकम रु.५,००,०००।- (अक्षरेपी पाँच लाख मात्र) को मिति २०७६।४।१ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक व्याजदर १२% ले हुन आउने रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी ऋणी गुरु गोरखनाथ हाउजिङ्ग प्रा.लि.को चल अचल सम्पत्तिबाट भराई दिनु र सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम ऐ. कम्पनीका एकल शेयरधनी एवं व्यक्तिगत जमानतकर्ता मन्जिल भेटवालको चल अचल सम्पत्तिबाट भराई दिनु.....१

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु.....२

यो निर्णयमा चित्त नबुझे प्रतिवादी ऋणी कम्पनी गुरु गोरखनाथ हाउजिङ्ग प्रा.लि. र ऐ. कम्पनीका एकल शेयरधनी एवं व्यक्तिगत जमानतकर्ता मन्जिल भेटवाललाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनु.....३

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु.....४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु.....५

लेखा सदस्य **बैंकिङ्ग सदस्य** **अध्यक्ष**

यो पाना ६ को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः बिनोद फुँयाल।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७६ साल असार ३१ गते रोज ३ शुभम्.....

भाग - ६

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८

लालमोहर र प्रकाशन मिति

२०५८।१०।१७

संशोधन गर्ने ऐन **प्रमाणीकरण र प्रकाशन मिति**

बैंक तथा वित्तीय संस्थाको ऋण असुली (पहिलो संशोधन) ऐन, २०६३[⌘]..... २०६३।०७।१९

गणतन्त्र सुदृढिकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[⊛]..... २०६६।१०।७

बैंक तथा वित्तीय संस्थाको ऋण असुली (दोश्रो संशोधन) ऐन, २०६६..... २०६६।१०।१३

२०५८ सालको ऐन नं. १६

[●].....

बैंक तथा वित्तीय संस्थाको ऋण असुलीका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन।

प्रस्तावना: बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाहरु छिटो छरितो ढंगबाट कारवाही र किनारा गरी ऋणीबाट लिनुपर्ने ऋणको साँवा तथा ब्याज रकम असुलउपर गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर बिक्रम शाहदेवका शासनकालको पहिलो वर्ष संसदले यो ऐन बनाएको छ।

परिच्छेद - १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८" रहेको छ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।[◆]

[⌘] यो ऐन, २०६३ साल साउन १ गतेदेखि प्रारम्भ भएको मानिने गरी दफा १ को उपदफा (२) मा व्यवस्था भएको।

[⊛] यो ऐन, सम्बत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको।

[●] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

२. **परिभाषा**: बिषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "बैंक तथा वित्तीय संस्था" भन्नाले दफा ३ मा उल्लिखित बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

(ख) "न्यायाधिकरण" भन्नाले दफा ४ बमोजिम स्थापना भएको न्यायाधिकरण सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले दफा ४ बमोजिम स्थापना भएको न्यायाधिकरणको सदस्य सम्झनु पर्छ र सो शब्दले न्यायाधिकरणको अध्यक्ष समेतलाई जनाउनेछ।

(घ) "पुनरावेदन न्यायाधिकरण" भन्नाले दफा ८ बमोजिम स्थापना भएको पुनरावेदन न्यायाधिकरण सम्झनु पर्छ।

(ङ) "पुनरावेदन सुन्ने अधिकारी" भन्नाले दफा ९ बमोजिम नियुक्त भएको ब्यक्ति सम्झनु पर्छ।

(च) "ऋण" भन्नाले चल, अचल, सम्पति, धितो बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई बैंक वा वित्तीय संस्थाले ऋणीलाई दिएको कर्जाको सांवा तथा ब्याज सम्झनु पर्छ र सो शब्दले वासलात बाहिरको कारोवारबाट लिन बाँकि रकम वा सो वापत लाग्ने शुल्क, कमिशन तथा ब्याज समेतलाई जनाउनेछ।

(छ) "ऋणी" भन्नाले बैंक वा वित्तीय संस्थाबाट ऋण लिने ब्यक्ति, फर्म, कम्पनी वा प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले जमानत दिने ब्यक्ति समेतलाई जनाउनेछ।

(ज) "ऋण असुली अधिकृत" भन्नाले दफा २८ बमोजिम तोकिएको अधिकृत सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. **ऐनको व्यवस्था लागु हुने बैंक तथा वित्तीय संस्थाहरु**: देहायका बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाको लागि यस ऐनको व्यवस्था लागु हुनेछ:-

(क) कृषि विकास बैंक ऐन, २०२४ बमोजिम स्थापना भएका कृषि विकास बैंक,

(ख) वाणिज्य बैंक ऐन, २०३१ बमोजिम स्थापना भएका वाणिज्य बैंक,

◆ यो ऐन, २०६० साल साउन १ गतेदेखि प्रारम्भ हुने गरी तोकिएको (नेपाल राजपत्र मिति २०६०।३।२)।

(ग) नेपाल औद्योगिक विकास निगम ऐन, २०४६ बमोजिम स्थापना भएको नेपाल औद्योगिक बिकास निगम,

(घ) नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका अन्य वित्तीय संस्थाहरु।

तर पाँच लाख रुपैयाँभन्दा कम साँवा रकम भएको ऋण असुल गर्दा यो ऐनको व्यवस्था लागू हुने छैन।

परिच्छेद - २

न्यायाधिकरण तथा पुनरावेदन न्यायाधिकरणको स्थापना र गठन

४. **न्यायाधिकरणको स्थापना र गठनः** (१) बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाको शुरु कारवाही तथा किनारा गर्नका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार ऋण असुली न्यायाधिकरणको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने न्यायाधिकरणको मुकाम तथा क्षेत्राधिकार त्यस्तो सूचनामा तोकिए बमोजिम हुनेछ।

(३) न्यायाधिकरणमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

(क) कानून सदस्य,

(ख) बैंकिङ्ग सदस्य र

(ग) लेखा सदस्य।

*(३क) न्यायाधिकरणमा कार्यबोझ बढेमा नेपाल सरकारले सदस्य संख्या थप गर्न सक्नेछ।

*(३ख) उपदफा (३क) बमोजिम सदस्य थपिएकोमा न्यायाधिकरणमा आवश्यकता अनुसारका इजलास रहनेछन् र प्रत्येक इजलासमा कानून, बैंकिङ र लेखा सदस्य रहनेछन्।

*(३ग) न्यायाधिकरणमा एक भन्दा बढी इजलास भएकोमा इजलास गठन गरी मुद्दा तोक्ने कार्य अध्यक्षले गर्नेछ।

✧(४) न्यायाधिकरणको अध्यक्ष कानून सदस्य हुनेछ र एक भन्दा बढी संख्यामा कानून सदस्य भएको अवस्थामा न्यायाधिकरणमा पहिले नियुक्ति भएको कानून सदस्य, त्यस्तो

* दोश्रो संशोधनद्वारा थप।

कानून सदस्य अनुपस्थित भएमा अर्को कानून सदस्य र त्यस्तो कानून सदस्य नभएमा वा भए पनि अनुपस्थित भएमा पहिले नियुक्ति भएको बैंकिङ्ग सदस्य र निज पनि अनुपस्थित भएमा उपस्थित भएको बैंकिङ्ग सदस्य न्यायाधिकरणको अध्यक्ष हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी न्यायाधिकरणको प्रादेशिक क्षेत्राधिकारमा थप गरी ऋण असुलीसम्बन्धी मुद्दाको शुरु कारवाही तथा किनारा गर्ने अधिकार प्रदान गर्न सक्नेछ।

५. **सदस्यको नियुक्ति:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ६ बमोजिम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट सदस्य नियुक्ति गर्नेछ।

तर बैंकिङ्ग तथा लेखा सदस्यको नियुक्ति गर्दा नेपाल सरकारले नेपाल राष्ट्र बैंकको परामर्श लिनेछ।

६. **सदस्यको योग्यता:** सदस्य हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) कानून सदस्यको लागि जिल्ला अदालतको न्यायाधीश भैरहेको वा भैसकेको वा हुन योग्यता पुगेको व्यक्ति,

(ख) बैंकिङ्ग सदस्यको लागि अर्थशास्त्र वा वाणिज्यशास्त्रमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्रचलित कानून बमोजिम स्थापना भएको बैंक वा वित्तीय संस्थाको कम्तीमा द्वितीय श्रेणीको अधिकृत स्तरको पदमा दश वर्षे अनुभव प्राप्त व्यक्ति,

(ग) लेखा सदस्यको लागि वाणिज्यशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरी वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्तीमा "ख" श्रेणीको लेखा परीक्षकको प्रमाणपत्र प्राप्त गरी बैंकिङ्ग वा वित्तीय क्षेत्रको लेखापरीक्षणसम्बन्धी काममा कम्तीमा दश वर्षे अनुभव प्राप्त व्यक्ति।

७. **सदस्यको पदावधि:** सदस्य आफ्नो पदमा नियुक्त भएको मितिले पाँच वर्षेको अवधिसम्म बहाल रहने छ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

८. **पुनरावेदन न्यायाधिकरणको स्थापना:** (१) यस ऐन बमोजिम न्यायाधिकरणले गरेको निर्णयउपर पुनरावेदन सुन्ने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार ऋण असुली पुनरावेदन न्यायाधिकरणको स्थापना गर्न सक्नेछ।

✧ दोश्रो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) बमोजिम पुनरावेदन न्यायाधिकरणको स्थापना गर्दा त्यस्ता पुनरावेदन न्यायाधिकरणको मुकाम तथा प्रादेशिक क्षेत्राधिकार समेत तोकिदिनु पर्नेछ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै पुनरावेदन न्यायाधिकरणलाई आफ्नो प्रादेशिक क्षेत्राधिकारभन्दा बाहिरको न्यायाधिकरणले गरेको आदेश वा निर्णयउपर पुनरावेदन सुन्ने गरी तोक्न सक्नेछ।

९. **पुनरावेदन सुन्ने अधिकारीको नियुक्तिः** नेपाल सरकारले पुनरावेदन अदालतको न्यायाधीश भैसकेको वा भैरहेको वा हुन योग्यता पुगेको कुनै व्यक्तिलाई राजपत्रमा सूचना प्रकाशन गरी पुनरावेदन न्यायाधिकरणको पुनरावेदन सुन्ने अधिकारीको पदमा नियुक्त गर्न सक्नेछ।

१०. **पुनरावेदन सुन्ने अधिकारीको पदावधिः** पुनरावेदन सुन्ने अधिकारी आफ्नो पदमा नियुक्त भएको मितिले ५ बर्षे अवधिसम्म बहाल रहनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

११. **पारिश्रमिक तथा सुबिधाः** सदस्य र पुनरावेदन सुन्ने अधिकारीको पारिश्रमिक तथा सुबिधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ।

१२. **पदमा नरहने अवस्थाः** (१) देहायका अवस्थामा सदस्य वा पुनरावेदन सुन्ने अधिकारी आफ्नो पदमा बहाल रहने छैनः-

(क) यस ऐन बमोजिम पदावधि समाप्त भएमा,

(ख) आफ्नो पदबाट दिएको राजीनामा नेपाल सरकारबाट स्वीकृत भएमा,

(ग) खराव आचरण भएको वा कार्यक्षमताको अभाव भएको भन्ने आधारमा नेपाल सरकारले हटाएमा।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम नेपाल सरकारले पदबाट हटाउने आदेश दिनुभन्दा अघि निजलाई सफाईको उचित मौका दिनु पर्नेछ।

१३. **रिक्त पदको पूर्तिः** दफा १२ बमोजिम वा अन्य कुनै कारणबाट सदस्य वा पुनरावेदन सुन्ने अधिकारीको पद रिक्त हुन आएमा त्यसरी रिक्त भएको पदमा निजको बाँकि अवधिको लागि दफा ५ वा दफा ९ बमोजिमको प्रकृयाबाट पूर्ति गरिनेछ।

परिच्छेद - ३

न्यायाधिकरण तथा पुनरावेदन न्यायाधिकरणको क्षेत्राधिकार तथा कार्यबिधि

१४. **काम, कर्तव्य र क्षेत्राधिकार:** (१) यस ऐन बमोजिम न्यायाधिकरण स्थापना भएपछि आफ्नो क्षेत्राधिकार भित्रको बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाको शुरु कारवाही तथा किनारा गर्ने अधिकार न्यायाधिकरणको हुनेछ।

(२) न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग तीनै जना सदस्यले सामुहिक रुपमा गर्नेछन्। बहुमतको राय न्यायाधिकरणको निर्णयमानिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कानून सदस्य सहित दुई जना सदस्यको उपस्थिति भएमा मुद्दाको कारवाही र किनारा गर्न सकिनेछ। कानून सदस्य बाहेक अरु दुई जना सदस्यको उपस्थितिमा मुद्दाको निर्णयगर्न वा अन्तिम आदेश दिन बाहेक अरु कारवाही गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम दुई जना सदस्यको उपस्थितिमा मुद्दाको कारवाही र किनारा गर्दा मतैक्य हुन नसकेमा अनुपस्थित रहेको सदस्य समेतको उपस्थितिमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश गर्दा पनि बहुमत कायम हुन नसकेमा त्यस्तो मुद्दाको हकमा पुनरावेदन न्यायाधिकरण समक्ष निकासको लागि लेखी पठाउनु पर्नेछ।

(६) पुनरावेदन न्यायाधिकरण स्थापना भएपछि आफ्नो क्षेत्राधिकार भित्रको न्यायाधिकरणले दिएको आदेश उपर पुनरावेदन सुन्ने अन्तिम अधिकार पुनरावेदन न्यायाधिकरणको हुनेछ।

(७) यस ऐनको अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बैंक तथा वित्तीय संस्थाले आफूले असुल गर्नुपर्ने ऋण सम्बन्धमा देहाय बमोजिमको अवस्था पूरा भएको ऋण असुली सम्बन्धमा मात्र निबेदन दिन सक्नेछः-

(क) ऋणीसंग ऋण फछर्यौट गर्न, गराउन यथेष्ठ छलफल तथा क्रियाकलाप गरेको हुनु पर्ने,

(ख) ऋण असुलीसम्बन्धी बैंक तथा वित्तीय संस्थाबाट पर्याप्त कारवाही भई ऋण असुल हुन नसकेको हुनु पर्ने।

१५. **न्यायाधिकरणमा निवेदन दिनु पर्नेः** (१) बैंक तथा वित्तीय संस्थाले ऋणीबाट असुलउपर गर्नु पर्ने रकम असुलउपर गर्न नसकेमा देहायको म्यादभित्र न्यायाधिकरण समक्ष त्यस्तो रकम असुलउपर गराई पाउन तोकिएको दस्तुर संलग्न राखी तोकिएको ढाँचामा उजुरी निवेदन दिनु पर्नेछः-

(क) यो ऐन प्रारम्भ हुँदाका बखत भाखा नाघि सकेका कर्जाहरुको हकमा यो ऐन प्रारम्भ भएको मितिले •पाँच बर्षभित्र।

(ख) यो ऐन प्रारम्भ भएपछि भाखा नाघेका कर्जाको हकमा त्यसरी भाखा नाघेका मितिले •चार बर्षभित्र।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले दावी गरेको रकमको ०.२५ प्रतिशतले हुन आउने रकम समेत ऋण असुली शुल्क वाफत अग्रीम रुपमा न्यायाधिकरण समक्ष बुझाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको उजुरी निवेदन प्राप्त भएको मितिले पन्ध्र दिन भित्र न्यायाधिकरणले प्रतिवादीलाई आफ्नो सफाईको निमित्त सबुद प्रमाण सहित प्रतिउत्तर पेश गर्न पन्ध्र दिनको म्याद जारी गर्नु पर्नेछ र प्रतिवादीले सो अवधिभित्र प्रतिउत्तरपत्र दाखिल गर्नु पर्नेछ।

तर, काबु बाहिरको परिस्थिति परी सो म्याद भित्र प्रतिवादीले प्रतिउत्तरपत्र पेश गर्न नसकी सो को कारण खोली त्यसपछिको पन्ध्र दिनभित्र निवेदन दिएमा र त्यस्तो निवेदनको ब्यहोरा मनासिब देखिएमा न्यायाधिकरणले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्नेछ।

१६. **अन्तरिम आदेश जारी गर्न सक्नेः** (१) न्यायाधिकरणमा बिचाराधीन रहेको कुनै मुद्दाका सम्बन्धमा ऋण लिनको लागि राखिएको धितो वा ऋणीको जमानत दिने व्यक्तिको स्वामित्व वा कब्जामा रहेको वा हक भएको चल वा अचल सम्पति हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न आवश्यक छ भन्ने कुरा पक्षको निवेदनको आधारमा न्यायाधिकरणलाई लागेमा अर्को आदेश नदिएसम्म त्यस्तो सम्पति रोक्का राख्न सम्बन्धित कार्यालयको नाममा न्यायाधिकरणले अन्तरिम आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेशको पालना गर्नु सम्बन्धित कार्यालयको कर्तब्य हुनेछ।

• पहिलो संशोधनद्वारा संशोधित।

• पहिलो संशोधनद्वारा संशोधित।

१७. **<u>मुद्दाको कारवाही र किनारा गर्नुपर्ने अवधिः</u>** न्यायाधिकरणले प्रतिउत्तरपत्र दाखिला भएकोमा सो दाखिला भएको मितिले र प्रतिउत्तरपत्र दाखिल नभएकोमा सो दाखिल गर्नुपर्ने म्याद भुक्तान भएको मितिले एक सय पचास दिनभित्र यस ऐन बमोजिम परेको मुद्दामा अन्तिम कारवाही र किनारा गरिसक्नु पर्नेछ।

तर दफा (१५) को उपदफा (३) बमोजिम गुज्रेको म्याद थमाउन पाउने म्याद भुक्तान नभई मुद्दाको अन्तिम कारवाही र किनारा गर्न हुँदैन।

१८. **<u>निर्णय सुनाउनेः</u>** (१) न्यायाधिकरणले गरेको निर्णय उपस्थित पक्ष वा निजहरुको वारेसलाई सुनाई निजहरुबाट निर्णयसुनी पाएको भरपाई गराउनु पर्नेछ।

(२) निर्णय गर्दाका बखत सम्बन्धित पक्ष वा निजको वारेस अनुपस्थित रहेको भए निर्णयभएको सात दिन भित्र निजहरुलाई निर्णयको जानकारी पठाई दिनु पर्नेछ।

१९. **<u>पुनरावेदन दिन सक्नेः</u>** (१) न्यायाधिकरणले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले सो निर्णयको प्रतिलिपि प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र तोकिएको पुनरावेदन दस्तुर तिरी तोकिए बमोजिमको ढाँचामा सम्बन्धित पुनरावेदन न्यायाधिकरण समक्ष पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पुनरावेदन दर्ता भएको मितिले सात दिनभित्र पुनरावेदन न्यायाधिकरणले प्रतिवादीलाई आफ्नो सफाईको निमित्त सबुद प्रमाण सहित प्रतिउत्तर पेश गर्न तीस दिनको म्याद दिनु पर्नेछ र प्रतिवादीले सो अवधिभित्र प्रतिउत्तरपत्र दाखिल गर्नु पर्नेछ।

तर काबु बाहिरको परिस्थिति परी सो म्यादभित्र प्रतिवादीले प्रतिउत्तरपत्र पेश गर्न नसकि सो को कारण खोली निवेदन दिएमा पुनरावेदन न्यायाधिकरणले पन्ध्र दिनको म्याद थप गर्न सक्नेछ।

२०. **<u>मिलापत्र हुन सक्नेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कारवाही तथा किनारा गर्न बांकि रहेका कुनै मुद्दामा मिलापत्र गर्ने उद्देश्यले उजुरवाला र प्रतिवादी दुवैले आफूहरु मिल्ने ब्यहोराको निवेदन न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरण समक्ष दिएमा सो निवेदनको ब्यहोरा वादी प्रतिवादी दुवैलाई पढी बांची सुनाई त्यसको मतलब र परिणाम समेत राम्रोसित सम्झाई बुझाई त्यसरी सम्झाउँदा दुवै पक्षले मञ्जुर गरेमा मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भए तापनि न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले मिलापत्र गराई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मिलापत्र गर्दा दावी रकमको ०.५० प्रतिशतले हुनआउने रकम मिलापत्र दस्तुर वापत आधा-आधा गरी उजुरवाला र प्रतिवादी दुवैले

न्यायाधिकरणमा बुझाउनु पर्नेछ। यसरी उजुरवालाले बुझाउनु पर्ने मिलापत्र वापत लाग्ने दस्तुर निजले दफा १५ को उपदफा (२) बमोजिम अग्रीम रुपमा बुझाएको ऋण असुली शुल्कबाट कट्टी गरी लिईनेछ।

(३) उपदफा (१) बमोजिम भएको मिलापत्रको कार्यान्वयन गर्न त्यसरी मिलापत्र गराउने न्यायाधिकरणले ऋण असुली अधिकृतलाई आदेश दिनु पर्नेछ।

२१. **<u>निर्णयको कार्यान्वयनः</u>** (१) न्यायाधिकरणले दफा (१८) बमोजिम निर्णय सुनाइ सकेपछि सो निर्णयउपर पुनरावेदन परेकोमा पुनरावेदन न्यायाधिकरणको निर्णयप्राप्त भएपछि र पुनरावेदन नपरेकोमा पुनरावेदन दिने म्याद गुज्रेपछि निर्णय कार्यान्वयन गर्न ऋण असुली अधिकृतको नाममा आदेश जारी गर्नु पर्नेछ।

(२) न्यायाधिकरणले उपदफा (१) बमोजिम आदेश जारी गर्दा निर्णयको कार्यान्वयन गर्ने अवधि समेत तोकिदिन सक्नेछ।

२२. **<u>पुनरावेदनको लागि धरौटी जम्मा गर्नुपर्नेः</u>** दफा (१९) बमोजिम ऋणीले पुनरावेदन गर्दा न्यायाधिकरणले गरेको निर्णयबमोजिम असुलउपर गर्नु पर्ने ठहर भएको रकमको तीस प्रतिशत रकम धरौटी वापत नगद जम्मा गर्नु पर्नेछ।

२३. **<u>पुनरावेदन किनारा लगाउनु पर्ने अवधिः</u>** पुनरावेदन न्यायाधिकरणले पुनरावेदनको प्रतिउत्तर दाखिला भएकोमा सो दाखिला भएको मितिले र त्यस्तो प्रतिउत्तरपत्र दाखिला नभएकोमा सो दाखिला गर्नुपर्ने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र यस ऐन बमोजिम परेको पुनरावेदनको अन्तिम कारवाही किनारा लगाई सोको जानकारी अन्तिम कारवाही किनारा भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित न्यायाधिकरणमा पठाउनु पर्नेछ।

२४. **<u>न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणको अधिकार तथा कार्यविधिः</u>** (१) यस ऐन बमोजिम परेको मुद्दाको कारवाही तथा किनारा गर्दा न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अन्तर्गत रही आफ्नो कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम परेको मुद्दाको कारवाही तथा किनारा गर्दा न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणलाई म्याद जारी गर्न वादी, प्रतिवादी साक्षी झिकाउने, सपथ गराउने, बयान लिने, सबुद प्रमाण तथा आवश्यक कागजात वा विवरण बुझ्ने, कागजपत्र दाखिल गराउने, धरौटी जम्मा गर्न लगाउने र सजाय गर्ने समेत प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

परिच्छेद - ४
ऋण असुली विधि

२५. ऋण असुली विधिः (१) ऋण असुली अधिकृतले न्यायाधिकरणको आदेश प्राप्त भएपछि सो आदेशमा तोकिएको म्याद भित्र ऋणीबाट ऋण रकम असुलउपर गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई दिलाई दिनु पर्नेछ।

(२) ऋण असुली अधिकृतले ऋण साँवा तथा ब्याज रकम असुलउपर गर्दा प्रचलित कानूनको अधिनमा रही देहाएका बिधि अपनाउन सक्नेछः-

(क) ऋणीको धितो राखिएको वा नराखिएको अन्य चल वा अचल सम्पत्ती कब्जा वा लिलाम बिक्री गर्ने,

(ख) जमानत दिने ब्यक्तिको चल वा अचल सम्पति कब्जा वा लिलाम बिक्री गर्ने,

(ग) कुनै ब्यक्ति विशेष ऋणी वा जमानत दिने ब्यक्ति भएकोमा त्यस्तो ब्यक्तिलाई पक्राउ गरी प्रचलित कानून बमोजिम थुनामा राख्ने।

२६. **जमानत लिने व्यक्तिको दायित्वः** (१) ऋणीको निमित्त जमानत दिने ब्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सिमित रहनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिमको दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुलउपर गर्न सकिनेछ।

२७. **ऋण असुली अधिकृतको आदेश न्यायाधिकरणको आदेश सरह हुनेः** (१) यस ऐन बमोजिम ऋण असुल उपर गर्ने सन्दर्भमा ऋण असुली अधिकृतले दिएको आदेश न्यायाधिकरणले दिएको आदेश सरह हुनेछ र त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तब्य हुनेछ।

(२) ऋण असुली अधिकृतले यस ऐन बमोजिम दिएको आदेशको कसैले अवहेलना गरेमा न्यायाधिकरणले निजलाई दफा ३० बमोजिम न्यायाधिकरणको अवहेलनामा कारवाही चलाउन सक्नेछ।

परिच्छेद - ५
विविध

२८. **ऋण असुली अधिकृत तोक्ने:** (१) नेपाल सरकारले कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको अधिकृतलाई ऋण असुली अधिकृत तोक्न सक्नेछ।

(२) ऋण असुली अधिकृतको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२९. **अन्य कर्मचारीसम्वन्धी ब्यबस्था:** ऋण असुली अधिकृतको अतिरिक्त न्यायाधिकरण तथा पुनरावेदन न्यायाधिकरणको कार्य संचालन गर्नका लागि नेपाल सरकारले आवश्यक कर्मचारी उपलब्ध गराउनेछ।

३०. **अवहेलनामा कारवाही चलाउन सक्ने:** (१) न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्नेछ।

(२) न्यायाधिकरणले आफ्नो अवहेलना गरेको ठहऱ्याएमा अभियुक्तलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(३) पुनरावेदन न्यायाधिकरणले आफ्नो अवहेलना गरेको ठहऱ्याएमा अभियुक्तलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(४) उपदफा (१) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई कुनै सजाय नगरी क्षमा दिन वा सजाय तोकिसकेको भए सो सजाय घटाउन वा माफ गर्न वा सजाय मुल्तवी राखी तोकेको सर्त पालन भएमा सजाय कार्यान्वयन नगर्न आदेश दिन सक्नेछ।

३१. **बैंक तथा वित्तीय संस्थाले रकम तिर्नुपर्ने:** (१) यस ऐन बमोजिम ऋण असुली भैसकेपछि असुली भएको ऋण रकमको १ प्रतिशत रकम ऋण असुली शुल्क वापत सम्वन्धित बैंक तथा वित्तीय संस्थाले न्यायाधिकरणलाई तिर्नु पर्नेछ। यसरी बैंक तथा वित्तीय संस्थाले ऋण असुली शुल्क तिर्दा निजले दफा १५ को उपदफा (२) बमोजिम बुझाएको रकम कटाई बाँकि रकम मात्र तिर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दाखिला हुन आएको रकम न्यायाधिकरणले नेपाल सरकारले तोके बमोजिम सञ्चित खातामा दाखिला गर्नु पर्नेछ।

३२. **मुद्दा सर्ने**ः यो ऐन प्रारम्भ भएको बखत जिल्ला अदालत र पुनरावेदन अदालतमा छिन्न बांकी रहेका यस ऐनको अधिकार क्षेत्रभित्र पर्ने ऋण सम्बन्धी मुद्दा सम्बन्धित न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणमा सर्नेछन्।

३३. **नियम बनाउन सक्ने**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

द्रष्टव्यः केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९

नेपाल राजपत्रमा प्रकाशित मितिः २०५९।०८।१२

पहिलो संशोधनः ..... २०६०।१०।२९

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहाएका नियमहरु बनाएको छ।

परिच्छेद - १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ सम्झनु पर्छ।

(ख) "उजुरी निवेदन" भन्नाले ऐनको दफा १५ को उपदफा (१) बमोजिम बैंक वा वित्तीय संस्थाले न्यायाधिकरण समक्ष पेश गरेको उजुरी निवेदन सम्झनु पर्छ।

(ग) "श्रेस्तेदार" भन्नाले नियम ३२ बमोजिम न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणको सामान्य प्रशासनसम्बन्धी काम गर्न नेपाल सरकारले तोकेको अधिकृत सम्झनु पर्छ।

परिच्छेद - २

उजुरी निवेदनसम्बन्धी ब्यवस्था

३. **उजुरी निवेदन दिनुपर्नेः** बैंक वा वित्तीय संस्थाले उजुरी दिँदा अनुसूची-१ बमोजिमको ढाँचामा पाँच रुपैयाँ उजुरी निवेदन दस्तुर र दाबी रकमको ०.२५ प्रतिशतले हुन आउने ऋण असुली शुल्क वापतको रकम समेत संलग्न गरी न्यायाधिकरण समक्ष उजुरी निवेदन दिनु पर्नेछ।

४. <u>उजुरी निवेदनमा खुलाउनुपर्ने कुराहरुः</u> नियम ३ बमोजिम दिने उजुरी निवेदनमा देहाएका कुराहरु खुलाउनु पर्नेछः-

(क) निवेदक र प्रतिवादी प्रत्येकको पुरा नाम, थर र वतन,

(ख) ऐनको म्याद भित्र उजुरी निवेदन दायर गरे नगरेको र उजुरी निवेदन दस्तुर तथा ऋण असुली शुल्क वापत अग्रीम रुपमा बुझाउनु पर्ने रकम संलग्न गरे, नगरेको,

•(ग) ऋण असुल उपर गर्ने सम्वन्धमा बैंक वा वित्तीय संस्थाले ऋणीसंग पटक पटक पत्राचार, छलफल वा वार्ता वा त्यस्तो ऋणको पुनर्तालिकिकरण, पुनरसंरचना वा त्यस्तै किसिमका अन्य क्रियाकलाप गरे नगरेको,

•(ग१) ऋण असुल उपर गर्ने सम्बन्धमा बैंक वा वित्तीय संस्थाले ऋणीलाई ऋण चुक्ता गर्न आउने निश्चित अवधि तोकी सो म्याद भित्र ऋण चुक्ता गर्न नआएमा निजका बिरुद्ध आवश्यक कानूनी कारवाही चलाईने ब्यहोराको वा बैंक वा वित्तीय संस्थामा धितो राखिएको चल वा अचल सम्पति लिलाम बिक्री गर्ने सम्बन्धी सार्वजनिक सूचना राष्ट्रियस्तरको कुनै दैनिक पत्रिकामा प्रकाशन गरे, नगरेको वा धितो राखिएको चल अचल सम्पति लिलाम बिक्री गर्न कारवाही चलाउँदा समेत कुनै कारणवश लिलाम बिक्री भए नभएको,

(घ) ऋणीसंग ऋण असुलउपर गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम कुनै अड्डा अदालतमा कुनै मुद्दा दायर गरे नगरेको,

(ङ) एक जना भन्दा बढी प्रतिवादी भएमा निजहरु सबैलाई पठाउन पुग्ने गरी उजुरी निवेदनको प्रतिलिपि संलग्न राखे नराखेको,

(च) उजुरी निवेदनमा उल्लिखित दावीलाई पुष्टी हुने गरी आवश्यक प्रमाण तथा कागजातहरु संलग्न राखे, नराखेको।

५. <u>रीत नपुगेको उजुरी निवेदन दर्ता नहुनेः</u> नियम ४ बमोजिमको उजुरी निवेदनमा खुलाउनु पर्ने कुरा नखुलाई वा संलग्न हुनुपर्ने कागजात संलग्न नभई प्राप्त हुन आएको उजुरी निवेदनलाई श्रेस्तेदारले रीत नपुगेको ब्यहोरा खुलाई त्यस्तो उजुरी निवेदन दरपीठ गरी सम्बन्धित बैंक वा वित्तीय संस्थालाई फिर्ता गर्नु पर्नेछ।

• पहिलो संशोधनद्वारा संशोधित।

• पहिलो संशोधनद्वारा थप।

६. **<u>उजुरी निवेदन दर्ता गरी निस्सा दिनुपर्ने:</u>** कुनै बैंक वा वित्तीय संस्थाले दिएको उजुरी निवेदन ऐन तथा यस नियमावली बमोजिम रीत पुगेको देखिन आएमा श्रेस्तेदारले त्यस्तो उजुरी निवेदन दर्ता गरी सोको निस्सा सम्बन्धित बैंक वा वित्तीय संस्थालाई दिनु पर्नेछ।

७. **<u>उजुरी निवेदनको जाँचबुझ र खारेजी:</u>** (१) कुनै उजुरी निवेदन दायर भएपछि न्यायाधिकरणले सो सम्बन्धमा देहाएका कुराहरुको जाँचबुझ गर्नेछः-

(क) ऋण असुलउपरको लागि लिइएको दावीको आधार स्पष्ट छ, छैन,

(ख) उजुरी निवेदन साथ संलग्न प्रमाण तथा कागजातहरु दावीलाई पुष्टी गर्न पर्याप्त छन, छैनन्।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा उजुरी निवेदनमा उल्लिखित दावीका आधारहरु स्पष्ट नभई दावी लाग्न नसक्ने देखेमा न्यायाधिकरणले उजुरी निवेदन खारेज गर्न सक्नेछ।

(३) उजुरी निवेदनसाथ संलग्न प्रमाण तथा कागजातहरुबाट दावी पुष्टि हुन नसक्ने देखेमा न्यायाधिकरणले सम्वन्धित बैंक वा वित्तीयसंस्थालाई सात दिनको म्याद दिई थप आवश्यक प्रमाण तथा कागजातहरु पेश गर्न आदेश दिन सक्नेछ। यसरी तोकिएको म्याद भित्र सम्बन्धित बैंक वा वित्तीय संस्थाले थप आवश्यक प्रमाण तथा कागजातहरु पेश गर्न नसकेमा वा पेश गरेको कागजातबाट दावी पुष्टी हुन नसक्ने देखेमा न्यायाधिकरणले त्यस्तो उजुरी निवेदन खारेज गर्न सक्नेछ।

(४) न्यायाधिकरणले उपनियम (२) वा (३) बमोजिम उजुरी निवेदन खारेज गरेमा सोको जानकारी उजुरी निवेदन खारेज गरेको मितिले सात दिन भित्र सम्बन्धित बैंक वा वित्तीय संस्थालाई दिनु पर्नेछ।

परिच्छेद - ३

<u>म्याद तामेली र प्रमाण बुझ्नेसम्बन्धी व्यवस्था</u>

८. **<u>प्रतिउत्तरपत्र पेश गर्न म्याद जारी गर्ने</u>**: (१) न्यायाधिकरणमा उजुरी निवेदन दर्ता भएपछि सो मितिले पन्ध्र दिन भित्र •<u>सो उजुरी निवेदनको एक प्रति प्रतिलिपि</u> समेत संलग्न राखी

• पहिलो संशोधनद्वारा संशोधित।

सम्बन्धित प्रतिवादीका नाउँमा अनुसूची-२ बमोजिमको ढाँचामा न्यायाधिकरणले म्याद जारी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जारी भएको म्याद तामेल गर्दा प्रतिवादी वा निजका एकाघर परिवारका कुनै सदस्यलाई बुझाई तामेल गर्नु पर्दछ। यसरी बुझाउँदा प्रतिवादी वा निजको एकाघर परिवारका कुनै सदस्य फेला नपरेमा वा निजको घर डेरा पत्ता नलागेमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको कुनै सदस्य वा प्रतिनिधी वा कुनै दुईजना स्थानीय ब्यक्तिलाई रोहवरमा राखी सो म्याद प्रतिवादीको घर डेरा भएको सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ र सो बमोजिम म्याद टाँस भएपछि प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि रितपूर्वक म्याद तामेल भएको मानिनेछ।

तर बैंक वा वित्तीय संस्थाले गलत ठेगाना लेखिदिएको वा न्यायाधिकरणद्वारा गलत ठेगाना उल्लेख गरेको कारणले प्रतिवादी वा निजको घर डेराको पत्ता नलागेको रहेछ भने त्यसरी म्याद टाँस हुँदैमा रितपूर्वक म्याद तामेल भएको मानिने छैन।

(३) उपनियम (२) बमोजिमको म्याद तामेल गर्न जाने कर्मचारीले बाटाका म्याद बाहेक •<u>सामान्यतः</u> दुई दिन भित्र म्याद तामेल गरी सक्नु पर्नेछ,

(४) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै फर्म, कम्पनी वा संस्था प्रतिवादी भई त्यस्तो प्रतिवादीका नाउँमा प्रतिउत्तरपत्र पेश गर्न म्याद जारी गर्दा यस्तो फर्म, कम्पनी वा संस्थाको रजिष्ट्रड कार्यालयमा हुलाक मार्फत रजिष्ट्री गरी पठाएमा वा त्यस्तो कार्यालयको टेलिफ्याक्स, इमेल वा अन्य बिद्युतीय संचार माध्यमबाट पठाएमा त्यस्तो म्याद रितपूर्वक तामेल भएको मानिनेछ।✂.....।

•(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रतिवादीका नाउँमा म्याद जारी गर्दा त्यस्तो म्याद जारी हुन नसकेको प्रतिवेदन पर्न आएमा सम्बन्धित प्रतिवादीको नाउँमा जारी भएको म्यादसम्बन्धी सूचना रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै पत्रपत्रिकामा प्रसारण वा प्रकाशन गर्न सकिनेछ। त्यसरी प्रसारण वा प्रकाशन भएको अवस्थामा त्यस्ता प्रतिवादीका नाउँमा त्यस्तो म्याद यस नियमावली बमोजिम रितपूर्वक तामेल भएको मानिनेछ।

• पहिलो संशोधनद्वारा संशोधित।

✂ पहिलो संशोधनद्वारा झिकिएको।

• पहिलो संशोधनद्वारा थप।

९. **म्याद थमाउन सक्नेः** (१) नियम ८ बमोजिम प्रतिवादीलाई प्रतिउत्तरपत्र पेश गर्न जारी गरेको म्याद प्रतिवादीको काबु बाहिरको परिस्थिति परी गुज्रन गई प्रतिवादीले प्रतिउत्तरपत्र पेश गर्न नसकेमा सोको कारण खोली गुज्रेको म्याद थमाई पाउनको लागि न्यायाधिकरण समक्ष गुज्रेको मितिले पन्ध्र दिनभित्र निवेदन दिएमा र त्यस्तो निवेदनको व्यहोरा मनासिव देखिएमा न्यायाधिकरणले प्रतिवादीलाई प्रतिउत्तरपत्र पेश गर्न पन्ध्र दिन सम्मको म्याद थप गर्न सक्नेछ।

(२) ऐन तथा यस नियमावली बमोजिम कारवाही चलिरहेको कुनै मुद्दामा तारेखमा बसेको कुनै निवेदक वा प्रतिवादीले त्यस्तो तारेख गुजारेमा गुज्रेको तारेख थमाउन पाउने छैन।

तर निवेदक वा प्रतिवादीको काबु बाहिरको परिस्थितिले गर्दा तारेख गुज्रन गई गुज्रेको मितिले पन्ध्र दिन भित्र न्यायाधिकरण समक्ष निवेदन दिएमा र त्यस्तो निवेदनको ब्यहोरा मनासिब देखिएमा न्यायाधिकरणले निवेदक वा प्रतिवादीलाई पन्ध्र दिन सम्मको तारेख थामी दिन सक्नेछ।

१०. **प्रमाण बुझ्नेः** (१) लिखतको प्रकृतिबाट निवेदकसंग रहनु पर्ने वा निजले पेश गर्न सक्ने लिखत प्रमाणको सक्कल र सोको एक प्रति नक्कल उजुरी निवेदनसाथ पेश गर्नु पर्नेछ।

(२) लिखतको प्रकृतिबाट प्रतिवादीसंग रहनु पर्ने वा निजले पेश गर्न सक्ने लिखत प्रमाणको सक्कल र सोको एक प्रति नक्कल प्रतिउत्तरपत्रका साथ पेश गर्नु पर्नेछ।

(३) निवेदक वा प्रतिवादीले उपनियम (१) र (२) बमोजिम पेश नगरेका लिखत प्रमाण पछि बुझिने वा प्रमाण लाग्ने छैन।

तर देहायका अवस्थामा देहाए बमोजिम लिखत प्रमाण दाखिला गर्न वा बुझ्न सकिनेछः-

(क) न्यायाधिकरणमा दाखिला गर्न नसकिने लिखित प्रमाणका हकमा त्यस्तो लिखतको नक्कल मात्र दाखिला गर्न सकिनेछ।

(ख) निवेदक वा प्रतिवादीले कुनै नयाँ वा महत्वपूर्ण लिखत प्रमाण उजुरी निवेदन वा प्रतिउत्तर दिँदाका बखत निजले भरमजदूर कोशिस गर्दा पनि थाहा नपाएको वा प्राप्त गर्न नसकेकाले त्यस्तो लिखत थाहा पाएपछि वा प्राप्त भएपछि पेश गर्न न्यायाधिकरण समक्ष निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा न्यायाधिकरणले सो कुराको पर्चा खडा गरी त्यस्तो लिखत प्रमाण बुझ्न सक्नेछ।

(ग) कुनै मनासिब कारण देखाई निवेदक वा प्रतिवादीले कुनै लिखत प्रमाण पेश गर्न अर्को तारेख तोकी पाउँ भनी निवेदन गरेमा न्यायाधिकरणले सो लिखत प्रमाण पेश गर्न मनासिब माफिकको मौका दिन अर्को तारेख तोकी दिन सक्नेछ।

(४) सबुद प्रमाण बुझ्न भनी तोकिएको तारेखमा निवेदकको प्रमाण कागज प्रतिवादीलाई र प्रतिवादीको प्रमाणको कागज निवेदकलाई सक्कलै देखाई सुनाई सद्दे, किर्ते वा जालसाजी जे भन्छ सोही ब्यहोराको बयान गराउनु पर्नेछ। यसरी बयान गराउँदा सोही बखत सद्दे, किर्ते वा जालसाजी छुट्ट्याउन नसक्ने भई न्यायाधिकरणको तजबिजले म्याद दिनुपर्ने ठहऱ्याएमा तीन दिनसम्मको म्याद दिन सक्नेछ।

(५) उजुरी निवेदन वा प्रतिउत्तरपत्रमा लिखत प्रमाण भनी उल्लेख भएका कागजातहरु निवेदक वा प्रतिवादीले न्यायाधिकरण समक्ष पेश गरेपछि सोको प्रतिलिपि तयार गरी श्रेस्तेदारले त्यस्तो नक्कल सक्कलसँग रुजु गरी नक्कल दुरुस्त देखेमा सक्कल बमोजिम नक्कल दुरुस्त छ भन्ने ब्यहोरा सो कागजात पेश गर्ने निवेदक वा प्रतिवादीबाट त्यसै कागजमा लेखाई निजको सहिछाप गरी मिसिल साथ राख्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिमका सक्कल कागजातहरुमा क्रमैसंग नम्बर चढाई सोको पिठमा अड्डाको छाप लगाई सक्कल कागजातहरु सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ।

११. **<u>अनुपस्थित प्रतिवादीका तर्फबाट अरुले प्रमाण पेश गर्न सक्ने:</u>** कुनै मुद्दामा यस नियमावली बमोजिम जारी भएको म्यादमा प्रतिवादीले प्रतिउत्तर पेश गर्न नसकेको कुनै मनासिब कारण देखाई निजका एकाघर परिवारको कुनै हकवाला वा कुनै व्यक्तिले सो म्याद भुक्तान भएको मितिले सात दिन भित्र निवेदकको दावी खण्डन हुने कुनै प्रमाण पेश गरेमा न्यायाधिकरणले सो प्रमाण समेत बुझि मुद्दाको कारवाही र किनारा गर्नु पर्नेछ।

१२. **<u>प्रमाण बुझी सकेपछि पक्ष तारेखमा नबसे पनि हुने:</u>** (१) न्यायाधिकरणले निवेदक र प्रतिवादी दुवै पक्षको प्रमाण बुझि सकेपछि कुनै पक्षले चाहेमा न्यायाधिकरणको अनुमति लिई तारेखमा नबस्न पनि सक्नेछ।

(२) निवेदकले आफ्नो प्रमाण पेश गरेपछि निजले मात्र वा प्रतिवादीले समेत तारेख गुजारे पनि मुद्दा डिसमिस फैसला गर्नु हुँदैन र बुझेसम्मका प्रमाणका आधारमा मुद्दाको कारवाही र किनारा गर्नु पर्नेछ।

१३. **साक्षी बुझ्नेः** (१) साक्षीको नाउँमा म्याद जारी गर्न न्यायाधिकरणबाट आदेश भएपछि श्रेस्तेदारले म्याद तयार गरी पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम श्रेस्तेदारले म्याद पठाउँदा सात दिनको म्याद दिनु पर्नेछ।

१४. **साक्षी बकाउनेः** (१) तारेखको दिन न्यायाधिकरणको कारवाही शुरु हुनासाथ सो दिन हाजिर रहेका निवेदक र प्रतिवादीबाट निजहरुको साक्षीको नामावली लिई मिसिल साथ राखी बकपत्र गराउनका लागि श्रेस्तेदारले न्यायाधिकरण समक्ष पेश गर्नु पर्नेछ।

(२) साक्षी बुझन तोकिएको दिन अपरान्ह दुई बजेसम्म पनि अर्को पक्ष उपस्थित नभए उपस्थित पक्षको साक्षीको बकपत्र गराउने कार्य रोक्नु हुँदैन।

१५. **लिखत प्रमाण पेश गर्न आदेश दिन सक्नेः** प्रचलित कानूनले प्रमाण लाग्न सक्ने कागजपत्र, नक्सा, सूचना विवरण आदि कुनै कारणले न्यायाधिकरण समक्ष पेश हुन सकेको रहेनछ भने मुद्दा पेशी सूचीमा चढ्नु भन्दा अगावै न्यायाधिकरणले त्यस्तो प्रमाण पेश गर्न सम्बन्धित पक्षलाइ आदेश दिन सक्नेछ।

परिच्छेद - ४

निर्णयम्बन्धी व्यवस्था

१६. **निर्णयगर्नुपर्ने अवधिः** उजुरवाला वा प्रतिवादीका तर्फबाट न्यायाधिकरणले बुझ्नु पर्ने प्रमाण बुझी मुद्दा छिन्न अंग पुगी सकेपछि ऐनको दफा १७ ले तोकेको म्यादका अधीनमा रही सो मुद्दा छिन्न अंग पुगी सकेको मितिले पन्ध्र दिनभित्र मुद्दाको निर्णयगरी सक्नु पर्नेछ।

१७. **निर्णय र आदेशको ढाँचा**ः न्यायाधिकरणबाट हुने निर्णय अनुसूची-३ बमोजिमको ढाँचामा र अन्य आदेश अनुसूची-४ बमोजिमको ढाँचामा हुनेछ।

१८. **निर्णय वा आदेशमा हेरफेर गर्न नहुने**ः सदस्यहरुको सही भैसकेको निर्णय वा आदेशमा भाषागत र छपाईसम्बन्धी त्रुटी बाहेक अन्य कुनै हेरफेर गर्न हुँदैन।

१९. **निर्णयको कार्यान्वयनः** (१) न्यायाधिकरणबाट निर्णय भई ऐनको दफा २१ बमोजिम सो निर्णय कार्यान्वयनको लागि ऋण असुली अधिकृतको नाममा आदेश जारी भएपछि सो आदेश बमोजिमको अवधिभित्र निर्णयको कार्यान्वयन गर्नु पर्नेछ।

(२) ऋण असुली अधिकृतले उपनियम (१) बमोजिम निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा आवश्यकता परेमा स्थानीय प्रशासन र प्रहरीको सहयोग माग्न सक्नेछ। यसरी ऋण असुली अधिकृतबाट सहयोग माग भई आएमा स्थानीय प्रशासन र प्रहरीले निजलाई सहयोग पुऱ्याउनु पर्नेछ।

२०. **मिलापत्रको कार्यान्वयन**: (१) ऐनको दफा (२०) को उपदफा (१) बमोजिम न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणबाट मिलापत्र गराई दिने गरी निर्णय भएकोमा सो मिलापत्रको कार्यान्वयन सम्बन्धित पक्षहरु स्वयम्ले गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै पक्षले मिलापत्रको कार्यान्वयन नगरेको कारणले ऐनको दफा २० को उपदफा (३) बमोजिम ऋण असुली अधिकृतलाई न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले आदेश दिएकोमा निजले सो मिलापत्र कार्यान्वयन गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम मिलापत्र कार्यान्वयन गराउँदाको कार्यबिधि न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले गरेको निर्णय कार्यान्वयन गर्दाको कार्यविधि सरह हुनेछ।

परिच्छेद - ५

पुनरावेदनसम्बन्धी व्यबस्था

२१. **पुनरावेदन दिन सक्ने:** ऐन तथा यस नियमावली बमोजिम न्यायाधिकरणले गरेको निर्णयउपर पुनरावेदन गर्नु पर्दा पाँच रुपैयाँ दस्तुर संलग्न राखी अनुसूची-५ बमोजिमको ढाँचामा पुनरावेदन न्यायाधिकरण समक्ष पुनरावेदनपत्र पेश गर्नु पर्नेछ।

२२. **पुनरावेदनपत्रमा खुलाउनु पर्ने कुराहरु**: नियम २१ बमोजिम दिइने पुनरावेदनपत्रमा देहाएका कुराहरु खुलाउनु पर्नेछः-

(क) पुनरावेदकको नाम, थर र वतन,

(ख) प्रत्यर्थी गराईने व्यक्ति वा संस्थाको नाम, थर र वतन,

(ग) जुन निर्णयमा चित्त नबुझेको हो सो निर्णय गर्ने न्यायाधिकरणको नाम,

(घ) शुरु मुद्दामा निवेदक वा प्रतिवादी भएको कुरा,

(ङ) निर्णय भएको मिति र सोको विवरण,

(च) शुरु मुद्दामा दावी गरेको बिगो र त्यस्तो मुद्दामा कायम भएको बिगो,

(छ) निर्णयमा चित्त नबुझेका कुराहरु, त्यसको कारण र पुनरावेदनपत्रमा माग गरेको कुरा,

(ज) पुनरावेदन गरेको मुद्दामा बिगो खुल्न नसकेको भए त्यस्तो बिगोको अनुमानित मूल्य,

(झ) अन्य पक्ष वा प्रत्यर्थीको पुनरावेदन परे, नपरेको कुरा थाहा भए सो कुरा,

(ञ) पुनरावेदन कुन कानून अन्तर्गत हो भन्ने कुरा,

(ट) हद म्याद भित्र पुनरावेदन परेको कुरा,

(ठ) अन्य आवश्यक कुरा।

२३. **पुनरावेदनपत्रको जाँचबुझ र दर्ता**: (१) पुनरावेदन न्यायाधिकरण समक्ष प्राप्त हुन आएको पुनरावेदन नियम २१ र २२ बमोजिम रीत पुगे नपुगेको जाँची रीत पुगेको भए त्यस्तो पुनरावेदन पत्र दर्ता गरी सोको निस्सा सम्बन्धित पुनरावेदकलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन पत्र जाँच गर्दा रीत नपुगेको देखिन आएमा रीत नपुगेको व्यहोरा खुलाई दरपीठ गरी त्यस्तो पुनरावेदनपत्र फिर्ता गर्नु पर्नेछ।

२४. **पुनरावेदनपत्र दर्ता गरी सकेपछिको कार्यविधि**: (१) पुनरावेदन न्यायाधिकरणले पुनरावेदन पत्र दर्ता भएको मुद्दाको मिसिल सम्बन्धित न्यायाधिकरणबाट झिकाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम न्यायाधिकरणबाट झिकाएको मुद्दाको मिसिल पुनरावेदन न्यायाधिकरणमा प्राप्त भएपछि सो पुनरावेदन उपर कारवाही र किनारा गर्नका लागि श्रेस्तेदारले पेशी तारेख तोकी सो मुद्दा साप्ताहिक दैनिक पेशी सूचीमा चढाई पुनरावेदन न्यायाधिकरण समक्ष पेश गर्नु पर्नेछ।

(३) मुद्दासम्बन्धी पुनरावेदन पत्र र पेश भएका वकालतनामा सबै पुनरावेदन मिसिलमा समावेश गर्नु पर्नेछ।

२५. **प्रतिउत्तर पेश गर्न म्याद जारी गर्ने**: (१) पुनरावेदन न्यायाधिकरणमा पुनरावेदनपत्र दर्ता भएपछि पुनरावेदन पत्र र सो साथ संलग्न प्रमाण तथा कागजातहरुको एक, एक प्रति प्रतिलिपि समेत संलग्न राखी सम्बन्धित प्रत्यर्थीको नाउँमा प्रतिउत्तर पेश गर्नका लागि अनुसूची-६ बमोजिमको ढाँचामा पुनरावेदन न्यायाधिकरणले म्याद जारी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम म्याद जारी गर्दा नियम ८ को उपनियम (२), (३) र (४) बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

२६. **म्याद थमाउन सक्ने:** नियम २५ बमोजिम प्रत्यर्थीलाई प्रतिउत्तर पेश गर्न जारी गरेको म्याद प्रत्यर्थीको काबु बाहिरको परिस्थिति परी गुज्रन गएमा कारण खुलाई पन्ध्र दिन भित्र निवेदन पर्न आएमा पुनरावेदन न्यायाधिकरणले नियम बमोजिम म्याद थप गर्न सक्नेछ।

परिच्छेद - ६

ऋण असुलीसम्बन्धी व्यवस्था

२७. **ऋण असुली अधिकृतको काम, कर्तव्य र अधिकार:** (१) ऋण असुली अधिकृतले न्यायाधिकरणको आदेश प्राप्त भएपछि ऋणी वा जमानत दिने व्यक्तिले धितोमा राखेको चल अचल सम्पत्तिले ऋणको साँवा ब्याज रकम खाम्न नसक्ने भई ऋणीको वा जमानत दिने व्यक्तिको अन्य चल अचल सम्पत्ति समेतबाट असुल उपर गर्नुपर्ने भएमा त्यस्तो चल अचल सम्पत्ति रोक्का राख्न तत्काल सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(२) न्यायाधिकरणको आदेश प्राप्त भएछि सो आदेशमा तोकिएको म्यादको अधीनमा रही ऋण असुली अधिकृतले देहाय बमोजिम ऋण असुलउपर गरिदिनु पर्नेछ:-

(क) ऋणीलाई बढीमा सात दिनको म्याद दिई निजले बैंक वा वित्तीय संस्थालाई बुझाउनु पर्ने ऋणको सम्पूर्ण साँवा ब्याज रकम बुझाउन ल्याउन आदेश दिने,

(ख) ऋणीले खण्ड (क) बमोजिमको म्यादभित्र त्यस्तो ऋणको साँवा ब्याज रकम बुझाउन नल्याएमा ऋणीले धितो राखेको वा नराखेको चल अचल सम्पत्ति कब्जा गर्ने,

(ग) ऋणीले धितो नराखेको वा त्यस्तो धितो राखेको चल अचल सम्पत्तिले साँवा ब्याज रकम खाम्न नसक्ने भई कसैले जमानत दिएकोमा त्यस्तो जमानत दिने व्यक्तिको चल अचल सम्पत्ति कब्जा गर्ने,

(घ) खण्ड (ख) वा (ग) बमोजिम कब्जा गरिएको चल अचल सम्पत्ति लिलाम बिक्री गर्ने।

२८. **ऋण असुलीसम्बन्धी कार्यविधि:** (१) ऋणीले धितो राखेको वा जमानत दिने व्यक्तिले जमानी दिएको चल अचल सम्पत्ति निजले भोग चलन गरिरहेको अवस्थामा त्यस्तो चल अचल सम्पत्तिको भोगचलन निजबाट छुटाउनु पर्ने भएमा कम्तीमा दुई जना स्थानीय

व्यक्ति र सम्बन्धित बैंक वा वित्तीय संस्थाको प्रतिनिधिको रोहवरमा त्यस्तो सम्पत्ति रहेको स्थानमा प्रवेश गरी ऋण असुली अधिकृतले आफ्नो कब्जामा लिनु पर्नेछ र यसरी कब्जामा लिंदा कब्जामा लिइएका सम्पत्तिहरुको लगत खडा गरी सोही व्यहोराको मुचुल्का उठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कब्जामा लिएको सम्पत्तिले ऋणको साँवा ब्याज रकम खाम्न नसक्ने भई ऋणीको अन्य चल अचल सम्पत्ति निजको भोगचलनबाट छुटाउनु पर्ने भएमा कम्तीमा दुई जना स्थानीय व्यक्ति र सम्बन्धित बैंक वा वित्तीय संस्थाको प्रतिनिधिको रोहवरमा त्यस्तो सम्पत्ति रहेको स्थानमा प्रवेश गरी ऋण असुली अधिकृतले आफ्नो कब्जामा लिनु पर्नेछ र यसरी कब्जामा लिँदा कब्जामा लिइएका चल अचल सम्पत्तिहरुको लगत खडा गरी सोही व्यहोराको मुचुल्का उठाउनु पर्नेछ।

२९. **<u>लिलाम बिक्रीको कार्यविधि</u>**: (१) ऋण असुली अधिकृतले नियम २८ बमोजिम आफ्नो कब्जामा लिएको चल अचल सम्पत्ति लिलाम गरी रकम असुल उपर गर्नु पर्नेछ।

•(२) उपनियम (१) बमोजिम लिलाम गर्दा अचल सम्पत्तिको हकमा पैँतिस दिन र चल सम्पत्तिको हकमा १५ दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा लिलाम बिक्री गर्ने प्रयोजनको लागि सिलबन्दी बोलपत्र आह्वान वा डाँक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ।

•(२क) उपनियम २ बमोजिम प्रकाशित सूचनाको आधारमा परेको सिलबन्दी बोलपत्र स्थानीय प्रशासनका प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोली मूल्याङ्कन गर्नु पर्नेछ। त्यसरी मूल्याङ्कन गर्दा उपनियम (३) बमोजिम कायम भएको मूल्यको अधीनमा रही सबैभन्दा बढी मूल्य भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी त्यस्तो बोलपत्रदातालाई सो सम्पत्ति लिलाम बिक्री गर्नु पर्नेछ।

•(२ख) उपनियम (२) बमोजिम प्रकाशित सूचनाको आधारमा डाँक बढाबढको माध्यमद्वारा लिलाम बिक्री गर्दा स्थानीय प्रशासनको प्रतिनिधि र कम्तिमा दुईजना स्थानीय व्यक्तिहरुको रोहवरमा उपनियम (३) बमोजिम कायम भएको मूल्यको अधीनमा रही सो सम्पत्ति लिलाम बिक्री गर्नु पर्नेछ।

• पहिलो संशोधनद्वारा संशोधित।

• पहिलो संशोधनद्वारा थप।

(३) उपनियम (१) बमोजिम चल अचल सम्पत्ति लिलाम बिक्री गर्नु अघि स्थानीय प्रशासनको प्रतिनिधि जिल्ला मालपोत कार्यालयको प्रतिनिधि र स्थानीय निकायको प्रतिनिधिको रोहवरमा ऋण असुली अधिकृतले त्यस्तो चल अचल सम्पत्तिको प्रचलित बजार मूल्यलाई समेत ध्यानमा राखी मूल्य कायम गर्नु पर्नेछ। •त्यसरी चल अचल सम्पत्तिको मूल्य कायम गर्दा सम्बन्धित विशेषज्ञ समेतको राय लिन सकिनेछ।

(४) उपनियम •२(क) वा २(ख) बमोजिम •लिलाम बिक्री गर्दा त्यस्तो चल अचल सम्पत्तिको उपनियम (३) बमोजिम कायम भएको मूल्यभन्दा घटी मूल्य पर्न आएमा अर्को पटक अचलको हकमा पन्ध्र दिन र चल सम्पत्तिको हकमा सात दिनको म्याद दिई राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गरी त्यस्तो सम्पत्तिको •लिलाम बिक्री गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम दोस्रो पटक चल अचल सम्पत्तिको •लिलाम बिक्री गर्दा पनि उपनियम (३) बमोजिम कायम भएको मूल्यभन्दा घटी मूल्य पर्न आएमा तेश्रो पटक अचलको हकमा दश दिन र चल सम्पत्तिको हकमा पाँच दिनको समय दिई राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गरी त्यस्तो सम्पत्ति •लिलाम बिक्री गर्नु पर्नेछ। यसरी तेश्रो पटक •लिलाम बिक्री गर्दा पनि उपनियम (३) बमोजिमको मूल्यभन्दा कम मूल्यमा प्राप्त हुन आएमा •त्यस्तो चल अचल सम्पत्ति सम्बन्धित बैंक वा वित्तीय संस्थाले निर्धारित मूल्यमा सकार गर्नु पर्नेछ। त्यसरी बैंक वा वित्तीय संस्थाले चल अचल सम्पत्ति सकारे पछि त्यस्तो बैंक वा वित्तीय संस्थाको ऋण चुक्ता भएको मानी हिसाब मिलान गरिनेछ।

स्पष्टिकरण: यस परिच्छेदको प्रयोजनका लागि "चल सम्पत्ति" भन्नाले नगद बाहेकको चल सम्पत्ति सम्झनु पर्छ।

•२९क. **लिलाम बिक्री गर्दा लागेको खर्च:** (१) ऋण असुली अधिकृतले नियम २८ बमोजिम आफ्नो कब्जामा लिएको चल अचल सम्पत्ति लिलाम बिक्री गरी ऋण असुल गर्दा त्यस्तो लिलाम बिक्री गर्ने सिलसिलामा लागेको सम्पूर्ण खर्च कटाई बाँकी रहन आएको रकमबाट सम्बन्धित बैंक वा वित्तीय संस्थाले पाउनु पर्ने रकम त्यस्तो बैंक वा वित्तीय संस्थालाई दिलाई दिनु पर्नेछ।

• पहिलो संशोधनद्वारा संशोधित।

• पहिलो संशोधनद्वारा थप।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्ने सिलसिलामा लागेको सम्पूर्ण खर्च र बैंक वा वित्तीय संस्थाले पाउनु पर्ने रकम कर्टाई बाँकि रहन आएको रकम सम्बन्धित ऋणी वा जमानत दिने व्यक्तिलाई फिर्ता दिनु पर्नेछ।

(३) उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि न्यायाधिकरणले आवश्यक ठानेमा चल अचल सम्पत्ति लिलाम बिक्री गर्नुभन्दा अगावै पनि लिलाम बिक्री गर्दा लाग्ने अनुमानित खर्च सम्बन्धित बैंक वा वित्तीय संस्थालाई अग्रीम रुपमा दाखिल गर्न लगाउन सक्नेछ।

•२९ख. **<u>पुरस्कार दिने</u>**: ऋणीले धितो राखेको वा जमानत दिने व्यक्तिले जमानत दिएको हदसम्मको रकम वापत धितो राखेको सम्पत्तिबाट बैंक वा वित्तीय संस्थाले पाउनु पर्ने ऋण रकम चुक्ता हुन नसकेको र ऋणी वा जमानत दिने व्यक्तिको अन्य सम्पत्ति फेला नपरेको अवस्थामा कुनै व्यक्तिले त्यस्तो व्यक्तिको कुनै सम्पत्तिको बारेमा न्यायाधिकरणलाई लिखित जानकारी गराएको आधारमा फेला परेको सम्पत्ति लिलाम बिक्री गरी प्राप्त हुने रकमबाट न्यायाधिकरणले त्यस्तो व्यक्तिलाई पाँच प्रतिशत रकम पुरस्कार स्परुप दिनेछ।

३०. **<u>चलन चलाई दिनुपर्ने:</u>** (१) नियम २९ बमोजिम चल अचल सम्पत्ति लिलाम बिक्रीमा सकार गर्ने व्यक्तिलाई ऋण असुली अधिकृतले त्यस्तो चल अचल सम्पत्तिको चलन पुर्जी दिई त्यस्तो चल अचल सम्पत्तिको चलन चलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम चलन चलाई दिँदा ऋण असुली अधिकृतले आवश्यक परेमा स्थानीय प्रशासन तथा प्रहरीको सहयोग लिन सक्नेछ। यसरी सहयोग मागेमा ऋण असुली अधिकृतलाई सहयोग गर्नु स्थानीय प्रशासन तथा प्रहरीको कर्तव्य हुनेछ।

•३०क. **<u>थुनामा राख्न पाउने</u>**: ऐनको दफा २५ को उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै व्यक्ति विशेष ऋणी वा जमानत दिने व्यक्तिलाई थुनामा राख्नु पर्ने भएमा त्यस्तो व्यक्तिलाई थुनामा राखी दिनको लागि सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो व्यक्तिलाई थुनामा राखी दिनु पर्नेछ।

• पहिलो संशोधनद्वारा थप।

३१. **अवहेलनामा कारवाही चलाउन निवेदन दिनुपर्नेः** (१) ऐनको दफा २७ को उपदफा (२) बमोजिम अवहेलनामा कारवाही चलाउनु पर्दा ऋण असुली अधिकृतले न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरण समक्ष सो व्यहोरा खुलाई निवेदन पेश गर्नु पर्नेछ।

(२) ऋण असुली अधिकृतले दिएको आदेशको कसैले उल्लंघन गरेको व्यहोरा उपनियम (१) बमोजिम न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले प्राप्त गरेमा न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले त्यस्तो व्यक्तिलाई ऐनको दफा ३० बमोजिम अवहेलनामा कारवाही चलाउन सक्नेछ।

परिच्छेद - ७

श्रेस्तेदारसम्बन्धी व्यवस्था

३२. **श्रेस्तेदार तोक्नेः** न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणको सामान्य प्रशासनसम्बन्धी काम गर्न नेपाल सरकारले नेपाल न्याय सेवाको राजपत्रांकित तृतीय श्रेणीको अधिकृतस्तरको एक, एक जना कर्मचारीलाई न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणको श्रेस्तेदारको रुपमा काम गर्न तोक्नु पर्नेछ।

३३. **श्रेस्तेदारको काम, कर्तब्य र अधिकारः** यस नियमावलीमा अन्यत्र उल्लेख भएको काम, कर्तब्य र अधिकारका अतिरिक्त श्रेस्तेदारको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणमा दर्ता गर्न ल्याएको उजुरी निवेदन, प्रतिउत्तर र पुनरावेदनपत्र लगायतका लिखतहरु हेरी जाँची रीत पुगेको भए दर्ता गर्ने वा दर्ता गर्न नमिल्ने भए कारण जनाई दरपीठ गर्ने,

(ख) मुद्दामा पेश भएका नक्कल कागजातलाई सक्कलसंग भिडाई ठीक देखिएमा प्रमाणित गर्ने, सक्कलमा केही कैफियत देखिएमा सो कैफियत जनाई सम्बन्धित पक्षको सहिछाप गराई राख्ने,

(ग) उजुरी निवेदन, पुनरावेदनपत्र तथा सोको प्रतिउत्तरपत्र साथमा पेश हुन आएको कागज ठीक छ, छैन जाँच्ने,

(घ) म्याद जारी गरी तामेल गराउने,

(ङ) मुद्दा मामिलामा कानून बमोजिम मनासिव माफिकको कारण जनाई तारीख तोकी दिने,

(च) प्रचलित कानून बमोजिम वारिस लिने र मुद्दा सकार गराउने,

(छ) इजलासबाट भएको आदेश बमोजिमको काम कारवाही चाँडो कार्यान्वयन गर्ने गर्न लगाउने,

(ज) इजलासबाट भएको आदेश बमोजिम धरौटी वा जमानत लिने,

(झ) दर्ता किताब समेतका श्रेस्ता दुरुस्त राख्ने, राख्न लगाउने,

(ञ) फाँटवालाले पेश गरेको मुद्दाको टिपोट जाँची दस्तखत गरी मिसिल सामेल राख्ने,

(ट) कर्मचारीहरुको वैयक्तिक अभिलेख राख्ने,

(ठ) आदेश तथा निर्देशनहरु सिलसिलेवार ढंगले सुरक्षित राख्ने।

परिच्छेद - ८

पारिश्रमिक तथा सुविधासम्बन्धी व्यवस्था

३४. **न्यायाधिकरणका सदस्य तथा पुनरावेदन सुन्ने अधिकारीको पारिश्रमिकः** (१) न्यायाधिकरणका सदस्यहरुले नेपाल सरकारले तोकिदिए बमोजिम मासिक पारिश्रमिक पाउनेछन्।

(२) पुनरावेदन सुन्ने अधिकारीले नेपाल सरकारले तोकिदिए बमोजिमको मासिक पारिश्रमिक पाउनेछ।

३५. **आवास सुबिधाः** (१) न्यायाधिकरणका सदस्य तथा पुनरावेदन सुन्ने अधिकारीलाई आवास सुविधा वापत मासिक पाँच हजार रुपैयाँ दिइनेछ।

तर न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरण रहेको जिल्लामा आफ्नो घर हुने न्यायाधिकरणका सदस्य वा पुनरावेदन सुन्ने अधिकारीलाई आवास सुविधा दिइने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवास सुविधा प्राप्त गर्न नपाउने न्यायाधिकरणका सदस्य वा पुनरावेदन सुन्ने अधिकारीलाई घर मर्मत खर्च तथा सरसफाई खर्च वापत मासिक एकमुष्ठ पच्चीस सय रुपैयाँ दिईनेछ।

३६. **सवारी तथा इन्धन सुविधाः** न्यायाधिकरणका सदस्य र पुनरावेदन सुन्ने अधिकारी प्रत्येकलाई सवारीको निमित्त चालक सहितको मोटर एक र त्यस्तो मोटरको लागि मासिक एक सय लिटर पेट्रोल वा डिजेल र त्रैमासिक रुपमा पाँच लिटर मोविल दिईनेछ।

३७. **बिजुली, धारा र टेलिफोन सुविधा**ः (१) न्यायाधिकरणका सदस्य र पुनरावेदन सुन्ने अधिकारीको आवासमा एक लाईन टेलिफोन जडान गर्दा लाग्ने खर्च र धरौटी बापत लाग्ने रकम दिईनेछ।

(२) न्यायाधिकरणका सदस्य र पुनरावेदन सुन्ने अधिकारीको आवासमा जडान भएको बिजुली, धारा र टेलीफोन महशुल बापत मासिक पन्ध्र सय रुपैयाँ एकमुष्ठ रुपमा दिईनेछ।

३८. **दशै खर्च**ः न्यायाधिकरणका सदस्य र पुनरावेदन सुन्ने अधिकारीलाई प्रत्येक बर्ष एक महिनाको पारिश्रमिक बापतको रकम दशै खर्च बापत दिइनेछ।

३९. **अन्य सुविधा**ः न्यायाधिकरणका सदस्य र पुनरावेदन सुन्ने अधिकारीको संचयकोष, उपदान र निवृत्तभरण, बीमा, औषधि उपचार, स्वदेश वा विदेश भ्रमण बापतको दैनिक तथा भ्रमण भत्ता, बिदा तथा अन्य सुबिधाहरु नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ।

परिच्छेद - ९
विविध

४०. **अन्यत्र इजलास कायम गर्न सक्ने**ः न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले उजुरी वा पुनरावेदनको कार्यबोझलाई ध्यानमा राखी आफ्नो अधिकार क्षेत्रभित्रको अन्य कुनै स्थानमा कुनै निश्चित अवधिका लागि इजलास कायम गरी आफ्नो काम कारवाही संचालन गर्न सक्नेछ।

४१. **नक्कलसम्बन्धी व्यवस्था**ः न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणमा रहेको मुद्दाको मिसिलमा संलग्न जुनसुकै कागजातको नक्कल सरोकारवालाले प्रति पाना दुई रुपैया दस्तुर तिरी लिन सक्नेछ।

४२. **मिसिल कागजपत्रको सुरक्षा**ः (१) न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणमा रहेका मिसिल कागजपत्रको सुरक्षा गर्नु श्रेस्तेदारको कर्तब्य हुनेछ।

(२) न्यायाधिकरणका सदस्य वा पुनरावेदन सुन्ने अधिकारीको आदेश बेगर न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणमा रहेका कुनै पनि मिसिल, कागजपत्र र श्रेस्ता, किताबहरु बाहिर लैजान र अनधिकृत ब्यक्तिलाई देखाउनु हुँदैन।

•४२क. **<u>प्रतिनिधित्व गराउन सक्ने</u>**: (१) उजुरी निवेदन, पुनरावेदन वा प्रतिउत्तर पेश गर्ने बैंक वा वित्तीय संस्था वा ऋणीले न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरण समक्ष कुनै कानून व्यवसायी वा लेखा ब्यवसायीलाई प्रतिनिधि मुकरर गरी आफ्नो तर्फबाट प्रतिनिधित्व गराउन सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैंक वा वित्तीय संस्थाले आफ्नो कुनै कर्मचारीलाई आफ्नो प्रतिनिधि मुकरर गरी आफ्नो तर्फबाट न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरण समक्ष प्रतिनिधित्व गराउन सक्नेछ।

•४२ख. **<u>काठमाडौं उपत्यका बाहिरको म्याद तामेली</u>**: न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले काठमाडौं उपत्यका बाहिर कुनै म्याद तामेली गर्नुपर्ने भएमा आफ्नो कुनै कर्मचारी खटाई वा सम्बन्धित जिल्ला अदालतमार्फत म्याद तामेली गर्न वा गर्न लगाउन अनुरोध गर्न सक्नेछ।

४३. **<u>शपथ ग्रहण</u>**: न्यायाधिकरणका सदस्यहरु र पुनरावेदन सुन्ने अधिकारीले आफ्नो ओहदाको जिम्मेवारी सम्हाल्नुभन्दा अगाडी अनुसूची-७ बमोजिमको ढाँचामा सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीश समक्ष आफ्नो ओहदाको शपथ ग्रहण गर्नु पर्नेछ।

४४. **<u>सदस्यको पोशाक</u>**: सदस्य र पुनरावेदन सुन्ने अधिकारीले इजलासमा बस्दा कालो नेपाली टोपी, कालो कोट र कालो जुत्ता लगाउनु पर्नेछ।

४५. **<u>प्रचलित कानून बमोजिम हुने</u>**: यस नियमावलीमा लेखिएजति कुरामा यसै नियमावली बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

• पहिलो संशोधनद्वारा थप।

• पहिलो संशोधनद्वारा थप।

द्रष्टव्यः (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु "श्री ५ सरकार" को सट्टा "नेपाल सरकार"।

(२) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरु "पुनरावेदन अदालत" को सट्टा उच्च अदालत"।

अनुसूची - १

(नियम ३ संग सम्बन्धित)

न्यायाधिकरण.....मा चढाएको

उजुरी निवेदन पत्र

बिषयः

.....।

.....उजुरवाला

बिरुद्ध

.....बिपक्षी

म हामी उजुरवाला निम्न लिखित निवेदन गर्छु/गर्छौं।

१ .....

२ .....

३ .....

तसर्थ यस बिषयमा फलाना ऐन र नियमावली बमोजिम यो यस्तो कुराको यो यसलाई आदेश गरी पाउँ।

यस उजुरी निवेदनको ब्यहोरा ठिक साँचो छ। झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

उजुरवाला,

आधिकारिक व्यक्तिको सहीः

बैंक तथा वित्तीय संस्थाको नाम .....

ठेगाना .....

एक भन्दा बढी निवेदक भएमा १,२,३, नम्बर दिई सबैंको पुरा नाम, थर र वतन लेखी त्यसमा लेखपढ गर्न जान्नेले हस्ताक्षरको सही र अरुले ल्याप्चे सही गर्नुपर्छ।

इति सम्बत् ..... साल ..... शुभम्।

द्रष्टव्यः- निवेदन पत्रको बिषयको वर्णनलाई प्रकरण छुट्याई सिलसिलामा नम्बर हाल्नु पर्छ र अन्तिम दुई प्रकरणमा नम्बर नहाली सो मध्ये पहिलोमा जुन ऐन कानून अन्तर्गत माग गरिएको छ, सकभर सो समेत खुलाई माग र दोस्रोमा यथार्थताको उल्लेख हुनुपर्छ, जस्तो माथिको ढाँचामा देखाएको छ।

अनुसूची - २

(नियम ८ सँग सम्बन्धित)

न्यायाधिकरण .....ले जारी गरेको

म्याद

जिल्ला ..... नगरपालिका/गा.वि.स. .....

वडा नं.....स्थित.....बैंक/वित्तीय संस्थाले तपाईको नाउँमा मिति ..... मा ..... मुद्दामा यस न्यायाधिकरणमा उजुरी निवेदन दिएको हुनाले बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र यस न्यायाधिकरण खुल्ने समयमा प्रतिउत्तरपत्र पेश गर्न आफैं आउनु वा कानून बमोजिम वारिस वा कानून व्यवसायी मुकरर गरी पठाउनु होला। सो म्यादभित्र प्रतिउत्तरपत्र पेश गर्न आफू पनि आउनु भएन, वारिस वा कानून व्यवसा यी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ। पछि तपाईको उजुर लाग्ने छैन।

इति सम्वत् .....साल ..... गते रोज ..... शुभम्।

अनुसूची - ३
(नियम १७ सँग सम्बन्धित)

न्यायाधिकरण.....
१. अध्यक्ष श्री.....
२. सदस्य श्री .....
३. सदस्य श्री .....

बाट भएको
निर्णय

सम्वत् २० ..... को उजुरी निवेदन दर्ता नं. ..... मुद्दाः- .....

निवेदकको नाम, थर र वतनः-	प्रतिवादीको नाम, थर र वतनः-
निवेदको साक्षीः-	प्रतिवादीको साक्षीः-
कागजः-	कागजः-

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षी.....
.....
कागज .....
.....

मुद्दाको संक्षिप्त तथ्यः-

.....
.....
.....

ठहरः यस मुद्दामा सबै कागज अध्ययन गर्दा यस्तो हो भन्ने निवेदक, यसो हो भन्ने प्रतिवादी वा यस्तो व्यहोराले यस्तो भएकोमा यस्तो यस्तो, फलानो फलानो प्रमाण भएको हुनाले यो रीत प्रमाण र यो यो कानूनले यसो हुने ठहर्छ वा यसो हुने देखिएकोले यसो गर्ने ठहराई यो निर्णयगरी दियौं। इति सम्वत् ..... साल ..... गते .....रोज .....शुभम् .....।

तपसिल

१. ठहरेकोले यसो गर्नु

२. म्याद भित्र पुनरावेदन गर्नु

द्रष्टव्यः-

(१) निर्णय गर्ने सदस्यहरु मध्ये कुनै सदस्य आफैले लेख्न वा लेखाउनु पर्नेछ। यसरी तयार भएको निर्णयमा सो लेख्ने वा लेखाउने वा टाइप गराउने सदस्यले सही गरेपछि निर्णयसहित सहमत हुने सदस्यले पनि सही गर्नुपर्नेछ।

(२) निर्णय गर्दा सदस्यहरुको एउटै राय भएमा वा राय अलग अलग भएतापनि ब्यहोरा बेग्लाबेग्लै भएमा राय र ब्यहोरा मिल्नेहरुको एउटै र नमिल्नेहरुको छुट्टै निर्णयलेख्न वा लेखाउनु पर्नेछ।

(३) अध्यक्ष वा सदस्यले बोलेर लेखाएको निर्णय लेख्नेले पनि निर्णयको पुछारमा बायाँपट्टी अध्यक्ष वा फलाना सदस्यले बोलेर लेखाए बमोजिम फलानाले लेखिएको वा टाइप गरेको भन्ने व्यहोरा लेखी सही गर्नु पर्नेछ।

अनुसूची - ४

(नियम १७ सँग सम्बन्धित)

न्यायाधिकरण ..... बाट भएको

<u>आदेशपत्र</u>

सम्बत् २०..... सालको उजुरी निवेदन द.नं. .....

..... निवेदक

.....प्रतिवादी

<u>आदेश</u>

<u>न्यायाधिकरणको सदस्य</u>

मितिः- सहीः-

अनुसूची - ५

(नियम २१ सँग सम्बन्धित)

पुनरावेदन न्यायाधिकरणमा चढाएको पुनरावेदनपत्र

सम्बत् २० .....सालको ..... पुनरावेदन द.नं.

फलाना/फलाना (प्रत्येकको नाम, थर र वतन) उजुरवाला/प्रतिवादी

पुनरावेदक

.....

.....

बिरुद्ध

फलाना/फलाना (प्रत्येकको नाम, थर र वतन) उजुरवाला/प्रतिवादी

प्रत्यर्थी

.....

.....

फलाना न्यायाधिकरणले सम्बत् ..... को ..... को मुद्दामा फलाना मितिमा म/हामीहरुलाई यस्तो गर्ने गरी फैसला गर्नु भएकोमा चित्त नबुझेको हुनाले मुद्दाको मोल बिगो यति वा दण्ड कैद यति भएको हुनाले सो दण्ड कैद बुझाएको निस्सा सामेल राखी वा थुनामा रही पुनरावेदन गरेको छु/ गरेको छौं। पछि पदाधिकारीले गरेको इन्साफ मुनासिब ठहर्‌यो भने पुनरावेदन गरे वापत ऐन बमोजिम सजाय सहुँला बुझाउँला। यसमा म/हामी पुनरावेदकको निम्न लिखित पुनरावेदन जिकिर छः-

१. .....

२. .....

पुनरावेदक,

फलाना ठाउँ बस्ने फलाना

(एकभन्दा बढी पुनरावेदक भएमा १,२,३ नम्बर दिई सबैंको पुरा नाम, थर र वतन लेखी त्यसमा लेखपढ गर्न जान्नेले हस्ताक्षरको सही र अरुले ल्याप्चे सही गर्नु पर्नेछ)।

इति सम्वत् ..... साल.....गते रोज.....शुभम् .....।

द्रष्टव्यः- पुनरावेदनपत्रको यो सामान्य ढाँचा हो। जुनसुकै मुद्दाको पुनरावेदनपत्र लेख्नु पर्दा यस नियमावली बमोजिमको रीत पुर्‌याउन आवश्यक हेरफेर गरी यही ढाँचामा लेख्नु पर्नेछ।

अनुसूची - ६

(नियम २५ सँग सम्बन्धित)

पुनरावेदन न्यायाधिकरण .....ले जारी गरेको

म्याद

जिल्ला .....नगरपालिका/गा.वि.स. .....
वडा नं.....स्थित .....बैंक तथा वित्तीय संस्थाले तपाईको नाउँमा मिति ..... मा .....मुद्दामा यस न्यायाधिकरणमा उजुरी निवेदन दिएको हुनाले बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र यस पुनरावेदन न्यायाधिकरण खुल्ने समयमा प्रतिउत्तरपत्र पेश गर्न आफैं आउनु वा कानून बमोजिम वारिस वा कानून व्यबसायी मुकरर गरी पठाउनु होला। सो म्यादभित्र प्रतिउत्तरपत्र पेश गर्न आफु पनि आउनु भएन, वारिस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णयहुनेछ। पछि तपाईंको उजुर लाग्ने छैन।

इति सम्वत् .....साल .....गते रोज .....शुभम् .....।

अनुसूची - ७

(नियम ४३ सँग सम्बन्धित)

शपथ ग्रहण

म.....ईश्वरको नाममा शपथ लिन्छु कि .....को हैसियतले मलाई सुम्पिएको र नियम कानून बमोजिम मैले गर्नुपर्ने काम कुराहरु मेरो ज्ञान विवेकले जाने बुझेसम्म, इमान, धर्म सम्झी देश र काम प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच र मोलाहीजा नगरी इमान्दारीसाथ गर्नेछु। मैले आफ्नो कर्तव्य पालनको सिलसिलामा थाहा पाएको ऋण असुलीसम्बन्धी कुनै पनि कुरा कानूनले बाध्य गरेको अवस्थामा बाहेक आफू बहाली रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले अनाधिकृत व्यक्तिलाई थाहा दिने छैन।

दस्तखतः

नामः- .....

ठेगानाः- .....

मितिः- .....

शपथ ग्रहण गरेको ठीक हो भनी प्रमाणित गर्नेको

दस्तखतः

नामः- .....

ओहदाः- .....

मितिः- .....

मिति २०७६/१/२३ गते सुकुटे, सिन्धुपाल्चोकमा बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी सरोकारवालासंग गरिएको अन्तरक्रिया कार्यक्रममा सहभागीहरु ।

मिति २०७६/३/२८ गते वीरेन्द्रनगर, सुर्खेतमा बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी सरोकारवालासंग गरिएको अन्तरक्रिया कार्यक्रममा सहभागीहरु ।

Debt Recovery Tribunal

Kamalpokhari, Kathmandu, Nepal
Phone: 01-4441419, 4441420
Fax: 977-1-4441418, 4441432
Email: drt@drtribunal.gov.np, chairman@drtribunal.gov.np
Website: drtribunal.gov.np